साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३० ✪ अङ्क ५१ ✪ २४ पुस २०८०, मङ्गलबार ✪ 24 Jan., 2024, Tuesday ✪ मूल्य रू. १०।-

## विस्तारवाद र भारतीय एकाधिकार पुँजीको स्वार्थ पूरा गर्न निजीकरण

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस मावि र ख्वप कलेज अफ लका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम शनिबार काठमाडौँमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले आर्थिकरूपमा स्वतन्त्र नहुने देश यथार्थरूपमा स्वतन्त्र र सार्वभौम हुन नसक्ने बताउनुभयो ।

शिक्षकहरूले विद्यार्थीहरूलाई देशभक्तिको भावना जगाउने शिक्षा दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

बाँसबारी छाला जुत्ता कारखाना, भृकुटी कागज कारखाना, हेटौडा कपडा कारखाना, ट्रलिबस सेवालगायत सार्वजनिक उद्योग/कारखानाहरू भारतीय विस्तारवाद र एकाधिकार पुँजीको स्वार्थबमोजिम सत्तामा गएका पार्टीहरूले डुबाउँदै निजीकरण गरेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

अध्यक्ष रोहितले पेरिस क्रान्तिको कमीकमजोरीबाट शिक्षा लिई अगाडि बढेको कारण नै अक्टोबर समाजवादी क्रान्ति सफल भएको उल्लेख गर्नुभयो ।

बैङ्क पुँजीवादी व्यवस्थाको स्नायु भएको धारणा राख्दै उहाँले बैङ्क निजी नभई सरकारबाट सञ्चालित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देशको समानुपातिक विकासको लागि सबै सेवा र सुविधा राजधानीमा मात्र केन्द्रित नगरी देशैभरि समानढङ्गले विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेमा अध्यक्ष रोहितले जोड दिनुभयो ।

विश्वविद्यालय भनेको देशलाई स्वतन्त्र र आर्थिकरूपमा सबल बनाउने नीति तथा योजना बनाउने सैद्धान्तिक र वैचारिक हतियार हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "देशको विकासमा प्राध्यापक र बौद्धिक वर्गले चिन्तन गर्नु जरुरी छ ।"

जातजातिमा आधारित पिछडिएको समाज, सांस्कृतिक स्तर नउठेको जनता र निर्वाचनमा आचारसंहिताविपरीत पुँजीवादी पार्टीले गरिने गलत क्रियाकलापका कारण इमानदार, देशभक्त राजनीतिक पार्टीले निर्वाचनमा जित्न नसकेको धारणा उहाँले व्यक्त गर्नुभयो ।

"साम्राज्यवादी र विस्तारवादीहरूको डलर खाएर काम गर्ने देशद्रोही नेता र कर्मचारी भएसम्म

बाँकी पृष्ठ १२ मा

## राष्ट्रिय सभा सदस्य निर्वाचनमा नेमकिपाको उम्मेदवारी

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीलगायत विभिन्न राजनीतिक दलले राष्ट्रियसभा सदस्य निर्वाचनको लागि सोमबार उम्मेदवारी दर्ता गरे ।

नेमकिपाको तर्फबाट बाग्मती प्रदेशसबाट निर्वाचित हुने राष्ट्रियसभा सदस्यमा श्रीकृष्ण महर्जन, सङ्गीता नेपाली, कृष्णलक्ष्मी दुवाल र हिमालयश्वरलाल मूलले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

राष्ट्रियसभामा रिक्त हुन लागेका २० मध्ये १९ सदस्यका लागि माघ ११ गते मतदान हुनेछ । यसअघि आयोगले मङ्गलबार उम्मेदवारको विरोधमा उजुरी दिने, बुधबार र बिहीबार मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने तथा शुक्रबार उम्मेदवारले नाम फिर्ता र सोही दिन उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने सूचना जारी गरेको थियो ।

निर्वाचन अधिकृतको कार्यालयले राष्ट्रियसभा सदस्य निर्वाचनमा मतदान गर्ने मतदाताको अन्तिम नामावली प्रकाशित गरेको थियो ।

प्रकाशित नामावलीअनुसार सातवटै प्रदेशमा प्रदेशसभा सदस्यतर्फ कुल ५४९ र स्थानीयतर्फ एक हजार ४९८ जना मतदाता छन् ।

राष्ट्रियसभाका २० सदस्यको फागुन २० मा कार्यकाल सकिँदै छ । त्यसमध्ये एकजना राष्ट्रपतिबाट मनोनीत सदस्यको पनि कार्यकाल सकिन लागेको छ ।

## समाजवादी क्रान्तिमा स्तालिन र माओको महत्त्वपूर्ण योगदान




भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिको आयोजनामा सर्वहारावर्गका महान् गुरूहरू नेता स्तालिनको १४५ औँ र अध्यक्ष माओ त्सेतुङको १३० औँ जन्मदिवसको अवसरमा महिला कार्यकर्ता प्रशिक्षण कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले समाजवादी देशहरूमा महिलाहरूको जीवन सहज र सम्मानित हुने उल्लेख गर्दै समाजवादी क्रान्तिको आवश्यकताबारे प्रशिक्षण दिनुभयो ।

उहाँले भन्नुभयो, "समाजवादी देशमा छोराछोरी नभए पनि पिर लिनुपर्दैन, आदर निकेतनको बन्दोबस्त हुन्छ । बालबालिकाका लागि शिशुस्याहार केन्द्र, बालोद्यान र विश्वविद्यालयहरूको बन्दोबस्त हुन्छ ।"

सामन्तवादी समाज र पुँजीवादी समाजमा महिलाहरूलाई धर्म, अन्धविश्वास, अन्ध परम्पराको सिक्रीले बाँध्ने हुँदा महिलालाई शिक्षित बनाउनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले विद्यालय देख्न नपाएका महिलाहरूको निम्ति रात्रिकालीन कक्षादेखि नयाँ पुस्तालाई राजनीतिकरूपमा सुसूचित र सङ्गठित बनाउनुपर्नेबारे मार्गनिर्देश गर्नुभयो ।

उहाँले जोड दिनुभयो, "धर्म भनेकै समाजको सेवा गर्नु र जनताको सेवा गर्नु हो । जनताका लागि विद्यालय-विश्वविद्यालय स्थापना गर्नु, शिशु स्याहारको बन्दोबस्त गर्नु, स्वास्थ्यपचारको लागि अस्पताल बनाउनु र सरसफाइको ज्ञान दिनु नै धर्तीमा स्वर्ग स्थापना गर्नु हो ।"

उहाँले भन्नुभयो, "महिलाहरूलाई योग्य र सक्षम बनाउन शिक्षित बनाउनुपर्छ । शिक्षिकाहरू अझ बढी राजनीतिक सुझबुझसहित अघि बढ्नुपर्ने आवश्यकता छ । महिला शिक्षित भए समाज शिक्षित हुन्छ । दक्ष शिक्षिकाहरूले नयाँ राम्रो पुस्ता तयारी गर्नसक्छन् ।"

अध्यक्ष रोहितले महिलाहरूको निम्ति विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय विषयमा बैठक, छलफल, अन्तरक्रियाको नियमित आयोजना गर्न मार्गनिर्देशन गर्नुभयो ।

इजरायलले प्यालेस्टिनमाथि गरिरहेको बर्बर हमलाविरूद्ध नेपाल क्रान्तिकारी महिला सङ्घको आयोजनामा भएको सडक सङ्घर्षको सराहना गर्दै उहाँले भन्नुभयो, "अन्य देशमा भएको अन्याय-अत्याचारविरूद्ध हामीले बोलेनौँ भने हामीलाई दु:ख पर्दा अरूले बोल्नेछैन ।"

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष एवं कार्यक्रमका सभापति अनुराधा थापामगरले महिलाहरू मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओको विचारबाट सुसूचित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

महिलाहरूको मुक्ति क्रान्तिबाट सम्भव हुने र क्रान्ति आफैँमा महिलाका लागि असल विद्यालय हुने विचार उहाँले राख्नुभयो ।

केन्द्रीय अध्यक्ष थापामगरले भन्नुभयो, "यतिबेला विश्वले साम्राज्यवादको विरोध गर्दै छ । इजरायलको काँधमाथि बन्दुक राखी संरा अमेरिकाले प्यालेस्टिनमाथि गरिरहेको नृशंस हमलाको विरोध विश्वले गर्दै छ । त्यसकारण साम्राज्यवादको पतन नजिकिँदै छ ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सृजना सैंजूले प्यालेस्टिनमा भइरहेको नरसंहार, महिला र बालबालिकाको हत्याबारे जानकारी गराउनुभयो ।

"पुँजीवादी व्यवस्था र साम्राज्यवाद आफ्नो नाफा खोज्ने व्यवस्था हो । आफ्नो नाफा र स्वार्थका लागि संरा अमेरिकाले ध्वंश र विध्वंश गरिरहेको छ", उहाँले भन्नुभयो ।

केन्द्रीय सदस्य सैंजूले सोभियत रूस, क्युवा र प्रजग कोरियामा महिला मुक्तिको यात्राबारे जानकारी दिँदै समाजवादी व्यवस्थामा मात्र महिला मुक्ति सम्भव हुने उल्लेख गर्नुभयो ।

आयोजक समितिका सचिव सुलोचना छ्वाजूले माओको जीवनी र सदस्य गङ्गा वैद्यले स्तालिनको जीवनीबारे सङ्क्षिप्त चर्चा गर्नुभयो ।

वाग्मती प्रदेशका सांसद गीता काफ्लेको आतिथ्य रहेको उक्त कार्यक्रममा समितिका सदस्य प्रतिभा श्रेष्ठले पनि बोल्नुभएको थियो ।

## "नेपाली औषधि गुणस्तरीय बनाइनुपर्छ"

काठमाडौँ । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा शुक्रबार छलफल भयो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विधेयकको दफा १२ मा संशोधन पेस गर्दै औषधि ऐनमा बिरामीको लागि आवश्यक स्वदेशी र विदेशी औषधि स्वास्थ्य मन्त्रालयबाट



आपूर्ति हुनुपर्ने, औषधि र उपकरणको अभावमा नेपालीको मृत्यु हुने स्थिति उत्पन्न हुन दिन नहुने र नेपाली औषधी गुणस्तरीय हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले विधेयकको दफा २२ मा संशोधन पेस गर्दै संविधानअनुसार निजी क्षेत्रमा मात्र ट्रेड युनियनको व्यवस्था हुनुपर्ने, राज्यकोषबाट तलब सुविधा पाउनेहरूको ट्रेड युनियनको व्यवस्था गर्न नहुने बरू कर्मचारी, शिक्षक, प्राध्यापकहरूबिच राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा अध्ययन र अन्तरक्रिया हुनुपर्ने उल्लेख गर्नुभयो ।

विधेयकको दफा ४४ मा संशोधन पेस गर्दै सांसद सुवालले विश्वविद्यालय र प्रतिष्ठानहरूका कुलपति, उपकुलपति र मुख्य पदाधिकारी सम्बन्धित क्षेत्रबाट निर्वाचन गराई योग्यलाई नियुक्ति गर्नुपर्ने, शासक दलहरूबिच भागबन्डा गर्न नहुने, उत्पादन श्रमसँग जोडिएको शिक्षा दिनुपर्ने, शासक नेताहरूको नाममा सञ्चालित विश्वविद्यालय र प्रतिष्ठानमा भ्रष्टाचार र अनियमितता हुँदा सम्बन्धित नेताहरूकै बदनाम भएको र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति नियुक्ति गरिँदा १० करोड रूपैयाँ घुस लेनदेन भएको समाचार प्रकाशित भएको उल्लेख गर्नुभयो ।

सांसद सुवालले विधेयकको दफा ५९ मा संशोधन पेस गर्दै निर्वाचनमा आचारसंहिताविपरीत पैसा र सामान बाँडेर चुनाव जित्नेहरूको निर्वाचन आयोगबाट बदर हुने कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विधेयकको दफा ७३ मा संशोधन पेस गर्दै सांसद सुवालले राष्ट्रिय र अन्तर्राष्ट्रिय आन्दोलन र विषयमा जनतालाई सुसूचित गर्ने सञ्चार माध्यमलाई विज्ञापन दिने व्यवस्था गर्नुपर्ने उल्लेख गर्नुभयो ।

मन्त्री भइसकेका सांसदहरूले आफू मन्त्री हुँदा विधेयकमा उल्लेख विषयमा के कस्तो सुधारको काम भयो बताउनुपर्नेमा जोड दिँदै सांसद सुवालले मन्त्री पद खुस्केको भोलिदेखि 'क्रान्तिकारी' कुरा गर्नु उचित नभएको तर्फ समितिको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुवालले भारतीय दूतावासले नेपाल सरकारको अनुमतिबिना आफैँ योजना बनाई रू. २० करोडसम्म खर्च गर्न पाउने पुस १९ गते नेपाल सरकार र भारतीय विदेश सचिव एस. जय शङ्करबिच भएको सम्झौता नेपाललाई भारतको प्रदेशजस्तै बनाउने हुँदा सो सम्झौता खारेज गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाली काङ्ग्रेसको बैठकमा मन्त्रीहरूबाट काम नहुँदा राजीनामा माग भएको उल्लेख गर्दै सांसद सुवालले आफू नै सर्वश्रेष्ठ ठान्ने र अरूलाई तुच्छ ठान्ने

बाँकी पृष्ठ १२ मा

## विदेशी लगानीलाई जोड दिनु देशलाई नवउपनिवेश बनाउनु

काठमाडौँ । प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बुधबारको बैठकमा केही नेपाल ऐन संशोधन विधेयकको दफा १४, २७, ३१, ३४, ३५, ४०, ६८, ८० लगायतमा परेका संशोधनबारे छलफल भयो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विधेयकको दफा १४ मा विदेशी लगानीलाई जोड दिनु देशलाई नवउपनिवेश बनाउनु हो भन्दै एमसीसी सम्झौता अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने विदेशी लगानी भएको र नेपालको बिजुली भारत हुँदै सिङ्गापुरसम्म लैजाने सम्झौता भएको हुँदा सो सम्झौता खारेज गर्नुपर्ने संशोधन पेस गर्नुभयो ।

विधेयकको दफा २७ मा मन्त्रीहरूको सुविधा तथा पारिश्रमिकसम्बन्धी विधेयकमा संशोधन पेस गर्दै सांसद सुवालले नेपालका राष्ट्रपति र प्रधानमन्त्री भैंसी दुहेको र बाख्रा चराएको दाबी गर्ने तर चप्पल लगाएर सिंहदरबार छिरेकाहरू खराब उद्योगी व्यापारीसँग कमिसन खाएर मोटाएको जनताको विरोध उठेको हुँदा पेरिस कम्युनले गरेजस्तै मन्त्रीको तलब र सुविधा मजदुरको सरह हुनुपर्ने उल्लेख गर्नुभयो ।

विधेयकको दफा ३१ मा संशोधन पेस गर्दै सांसद सुवालले कतिपय सरकारी कर्मचारीहरू भन्सार, मालपोत, न्यायालय, अर्थमन्त्रालय, प्रशासनमा सरूवा हुन मरिहत्ते गर्ने हुँदा राजस्व चुहावट बढेको उल्लेख गर्दै वर्षको सबैभन्दा आम्दानी गर्नेले बढी राजस्व बुझाएको हो होइन सार्वजनिक हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

बाँकी पृष्ठ १२ मा

## ऐन संशोधनको छलफल

काठमाडौँ । प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बिहीबारको बैठकमा केही नेपाली ऐन संशोधन विधेयकको दफा २, ७, ९, १०, १३, १५, १७, १९, २४, २५, २८, २९, ३०, ३२, ३७, ४१, ५३, ५९, ६१, ६५, ७०, ७१, ७२, ७४ र ७६ मा सांसदहरूले राख्नुभएको संशोधनमा छलफल भयो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विधेयकको दफा २ मा प्रहरी अधिकारी र जवानहरूको सांस्कृतिक स्तर माथि उठाई शान्ति र अमनचयनको लागि गोली चलाउन नहुनेबारे सचेत गराउनुपर्ने उल्लेख गर्दै बालकुमारीमा पुस १३ गते प्रहरीको गोलीबाट दुई जना युवाको ज्यान गएको बारे प्रधानमन्त्री र गृहमन्त्रीसँग स्पष्टीकरण लिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

दफा ९ मा संशोधन पेस गर्दै सांसद सुवालले 'हरियो वन नेपालको धन' लाई हरियो वन तस्करको धन बनाउने र तस्करलाई संरक्षण गर्ने मन्त्रीहरूलाई कारबाही गर्नुपर्ने उल्लेख गर्नुभयो ।

विधेयकको दफा १३ मा संशोधन राख्दै सांसद सुवालले काठमाडौँ उपत्यका वरिपरिका डाँडाहरूमा पानी आउने जातका रूख बिरूवा रोपेर भू तथा जलाधार संरक्षण गर्नुपर्ने र भक्तपुर बागेश्वरीको मझुवामा जङ्गल सखाप पारी रग्बी खेलमैदान निर्माणको निहुँमा खानेपानीको मुहान सुकाउने तथा देशको बजेट दुरूपयोग गरी भ्रष्टाचार गर्नेहरूलाई कानुनी कारबाही गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले विधेयकको दफा १५ मा संशोधन राख्दै नेपाल विद्युत् प्राधिकरणले एमसीसीअन्तर्गतको बिजुलीको पोल काभ्रेको लप्सीफेदीमा राख्न खोज्दा स्थानीय जनताले आ-आफ्नो

बाँकी पृष्ठ १२ मा



नायकहरूले इतिहास रच्ने होइनन् बरु इतिहासले नायकहरू जन्माउने हो ।

–जोसेफ स्तालिन

## सम्पादकीय

# सहकारी ठगी अपराधबारे

नेपाल मजदुर किसान पार्टीका सांसदहरूले प्रतिनिधिसभामा सहकारी संस्थालाई ठगेर भाग्ने ठुलाबडाका छोराछोरीहरूलाई तत्काल सम्पत्ति रोक्का गरी कारबाही गर्नुपर्ने र सहकारी ऐनलाई समीक्षा गर्नुपर्नेमा जोड दिएका थिए । पञ्चायतकालमै नवदुर्गा सहकारी संस्थामा भ्रष्टाचार गर्ने पदाधिकारीहरूलाई सरकारले कारबाही नगर्दा संस्थाका साधारण सदस्यहरूले भ्रष्टाचारीलाई माफी माग्न लगाएका थिए ।

तर, तत्कालीन सरकार र अञ्चलाधीश वा प्रशासनले भ्रष्टाचारीहरूलाई कारबाही नगरी भ्रष्टाचारविरोधी आन्दोलनकारीहरूलाई मुद्दा चलाई जेल चलान गर्यो । त्यो आन्दोलन चार वर्ष चल्यो । पटकपटक सरकारी दमन र सङ्घर्ष चालु रह्यो ।

त्यसै अनुभवको आधारमा सदनमा नेमकिपाका सांसदहरूले प्रतिनिधिसभामा सहकारी संस्थाको ऐन–कानुनको संशोधन र करोडौँ अर्बौं रकम हिनामिना गर्ने भ्रष्टाचारीहरूलाई कडा कारबाहीको माग राखे । ती सांसदहरूले पछि हुने विकराल रूपको सम्भावनाबारे निरन्तर आफ्नो जिम्मेवारी पूरा गर्दै रहे । सदन र सरकार त्यसबारे मूकदर्शक भइरहँदा समस्याले ठुलो आकार र गहिराइ लिँदै गयो । हरेक दिनको समाचारपत्रमा सहकारी संस्थाको अपराध र ठगीको समाचार पढ्न नेपाली जनता बाध्य छन् ।

पोखराको 'मित्र मिलन सहकारी संस्था' ले ३,४४६ जना पीडितसँग २६ करोड ८६ लाख, ६४ हजार ६५३ ठगेकोमा जिल्ला सरकारी वकिल कार्यालयले ३३ जनाविरुद्ध कानुनबमोजिम ३१,८८,२२,८११ रुपियाँको बिगो दाबी गरेको समाचार छ । समाचारको शीर्षक छ- 'मित्र मिलन सहकारी ठगी प्रकरण', 'अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतलाई थुनामा पठाउन आदेश' (राजधानी- २३ पुस २०८०) । समाचारमा भनिएको छ, प्रतिवादीमध्ये अझै २७ जना फरार छन् । यसरी सहकारी संस्थालाई ठगी गरी संयुक्त राज्य अमेरिका र अन्य देशमा भाग्नेहरूको सूची लामै होला । तर, सरकारले 'इन्टरपोल' मार्फत फरारहरूलाई देश फर्काई कारबाही गरी ऐन–कानुनमा आवश्यक संशोधन गरेमा समस्या समाधानमा केही प्रकाश देखिने थियो ।

### विदेशमा नेपाली युवा पठाउनेबारे

हरेक निर्वाचन क्षेत्रबाट दुई/दुई सय जना श्रमिकहरूलाई विदेशमा रोजगारीमा पठाउने प्रस्ताव आउनासाथै नेमकिपाले विरोध र खण्डन गरेको सम्झना सबै संवेदनशील पक्षले सम्झना गर्दै छन् । अर्थमन्त्री डा. रामशरण महतले त्यो प्रस्ताव संसद्मा बजेट भाषणमै गरेका थिए । बजेट बहुमतले पारित गरेपछि कानुनसरह हुन्छ । सो प्रस्ताव पारित हुनु संसदीय प्रणालीभित्रै पर्छ ।

त्यसपछि म्यानपावर कम्पनीहरू (युवायुवतीहरू कानुनीरूपले विदेशमा बेच्ने दलालहरू) को स्थापना भयो । त्यसले निम्न समस्या ल्यायो -

एक, गाउँगाउँमा पुरुषहरू भेट्न छोडिए, मलामी जाने कोही भएन, समाजका मूल्य मान्यता र संस्कृतिहरू लोप हुँदै गए ।

दुई, देशको कृषि अर्थतन्त्र ध्वस्त भयो; हाम्रो देशको मुख्य अर्थतन्त्र हिउँमा चिप्लेटी खेलेसरह अन्न, तरकारी र सबै प्रकारको खाद्यान्नमा परनिर्भर भयो; देशको अर्थतन्त्र विदेश र छिमेकी भारतको एकाधिकार पुँजीको पोल्टामा गयो; नेपालमा आउने भनिएको आधाभन्दा विदेशी मुद्रा (रेमिट्यान्स) भारतलाई बुझाउँदै गयो; नेपाली युवाहरू विदेश जाने तर भारतीयहरू नेपालमा बस्ने उल्टो दिशा देशले भोग्यो ।

तीन, देशको आफ्नो अर्थतन्त्रमा पटक्कै भर रहेन र श्रमशक्ति पनि रहेन, कथंकदाचित ठुलाठुला प्राकृतिक दुर्घटना भएमा वा मृत्यु व्यहोर्नु परेमा नेपाल निरीह बन्ने प्रस्ट छ ।

चार, श्रमशक्ति बाहिर पुग्दा र ७० लाख जनसङ्ख्याको बजार खाली हुँदा देशको कुटीर व्यवसाय भएका साना उद्योग र अन्य उद्योगधन्दा पनि नामको मात्र बाँकी रह्यो ।

पाँच, उद्योगपति र व्यापारीहरूले काम गर्ने श्रमशक्ति देशमा नभएको बहाना बनाउँदै भएको उत्पादनको निम्ति लिने सबै सहुलियत सरकारबाट लिँदै जाने, भएका उत्पादनसमेत तस्करीमार्फत विदेशमा पठाइयो र देशका बजार सबै विदेशी वस्तुले लियो । कच्चा मालको नाममा तिर्ने भन्सार र उत्पादनमा लाग्ने सस्तो अन्तशुल्कसमेत नतिरी विदेशमा सामान तस्करी गर्दा दुई तीन किसिमले देश घाटामा जाने र उद्योगपति एवम् व्यापारी देशको प्राकृतिक स्रोत दोहन गर्दै नाफा कुम्ल्याउँदै गए ।

छ, १०/२० वर्षपछि विदेशबाट फर्कने अपाङ्ग, रोगी, थकित र खाली हात आएका नेपाली ज्येष्ठ श्रमिकहरूको बन्दोबस्त गर्न नेपाल सरकार र समाजलाई धौ धौ पर्ने निश्चित छ । के तिनीहरूलाई डाक्टर महत, नेपाली काङ्ग्रेस र सिंहदरबारका अवकाश प्राप्त कर्मचारीहरूले रेखदेख गर्नेछन् ? यो स्थिति निम्न समाचारको शीर्षकले पनि थाहा हुन्छ - 'वैदेशिक रोजगारीको तीतो यथार्थता', 'महिला तस्करीको अखडा बन्दै सिन्धुपाल्चोक' । त्यस जिल्लाले १०७५ जनाले श्रम स्वीकृति लिएको र तस्करीबाट जाने पनि कम छैनन् (अन्नपूर्ण- २३ पुस २०८०) । 'काम र पारिश्रमिकमा छल, ११ नेपाली साउदीमा अलपत्र ।' 'मलेसियामा गैरकानुनी कामदार धमाधम पक्राउ किन ?' (राजधानी २३ पुस २०८०)

# संवैधानिक निकायका पदाधिकारीहरूमा शासक दलहरूको भागबन्डा अन्त्य हुनुपर्छ

✍ प्रेम सुवाल

संवैधानिक परिषद्सम्बन्धी विधेयकको दफा १० मा कुनै विषयमा सर्वसम्मति नभएमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय हुने कानुनी व्यवस्था प्रजातान्त्रिक छैन ।

बहुमतको अर्थ पचास प्रतिशतभन्दा बढी सङ्ख्या आवश्यक हुने हो । विधेयकमा उल्लेख भएकोलाई पचास प्रतिशत तत्काल बहालमा रहेकालाई बहुमत मान्ने हो भने भोलि अध्यक्षको एक मतलाई पनि बहुमत भनी लेखेर संशोधन आउनेछ । यस्तो संशोधनलाई स्वीकार गर्न सकिँदैन ।

०४६ सालपछिको संविधानमा राजासहितको संसद् र सरकार हुने उल्लेख थियो । यसलाई २०७२ सालको संविधानले अस्वीकार गऱ्यो । संवैधानिक परिषद्बाट नियुक्ति हुनेहरूलाई प्रम, प्रमुख विपक्षी दलका नेता, सभामुख र उपसभामुखबिचमा भागबन्डा हुने अवस्था विधेयकमा राख्नु हुँदैन । यसकारण, संवैधानिक परिषद्सम्बन्धी प्रस्तुत विधेयकले संविधान संशोधनको माग गर्छ । संविधान संशोधन गर्न सरकार तयार हुनुपर्दछ ।

स्वार्थ भएको अहिलेको व्यवस्थामा कुनै समितिमा सर्वसम्मति सम्भव छैन । मानिसको जन्मदेखि चिहानसम्म सबै व्यवस्था सरकारले गर्ने स्वार्थरहित समाजवादी व्यवस्थामा मात्र सर्वसम्मति हुनेछ । शासक दलहरूले अदालतलाई आफ्नो पक्षमा फैसला गराउन आफ्नो मान्छे प्रधानन्यायाधीश नियुक्ति गर्ने, आफू र आफ्ना मान्छे संलग्न भ्रष्टाचारमा कारबाही रोक्न अख्तियार प्रमुख आफ्नो नियुक्ति गर्ने, आफू र आफ्ना मान्छे संलग्न बेरुजु फछ्र्योट गराउन महालेखा परीक्षक आफ्नो नियुक्त गर्ने, आफू र आफ्ना मान्छेबाट भएको मानव अधिकार उल्लङ्घनलाई तामेलीमा पठाउन राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष आफ्नो नियुक्ति गर्ने विधेयकको मनसाय गलत हाम्रो । संवैधानिक परिषद्को सिफारिसलाई संसदीय सुनवाइ समितिको बैठकबाट अनुमोदन नै गर्नुपर्ने अहिलेको बन्दोबस्त ठीक छैन । देशको सन्तुलित विकास गरेर शासक दलका नेता र कार्यकर्ताहरू प्रदेश र सङ्घको राजधानीमा बस्न आउने होइन आफ्नै जिल्लामा बसोबास गर्ने व्यवस्था गर्नुपर्दछ ।

प्रमुख विपक्षी दलका नेता, सभामुख, उपसभामुखसमेतलाई संवैधानिक परिषद्मा सदस्य बनाएर भागबन्डा लिने दिने प्रवृत्ति गलत हो । यी तीनओटै सरकारलाई खबरदारी गर्ने पदहरू हुन् । यो विषयमा नेपाल मजदुर किसान पार्टी स्पष्ट छ । यसकारण, संविधान निर्माणको बेला हामीले संवैधानिक आयोगका पदाधिकारीहरू सम्बन्धित क्षेत्रबाट निर्वाचित हुने गरी संशोधन राखेको हो । त्यतिबेला हाम्रो संशोधनलाई शासक दलहरूबाट स्वीकार नहुँदा अहिले संवैधानिक परिषद्को बैठक बस्न कठिन भइरहेको हो । संविधान संशोधन गरेर संवैधानिक आयोगका पदाधिकारी र मुख्य मुख्य कर्मचारीहरू सम्बन्धित क्षेत्रबाट निर्वाचित हुने व्यवस्था गर्नु जरुरी छ । यसले सुशासन कायम गर्न मद्दत पुऱ्याउनेछ । 'टीको' लगाएर आफ्ना मानिस संवैधानिक आयोगहरूमा नियुक्ति गर्नु प्रजातन्त्रविपरीत हो ।

संवैधानिक परिषद्बाट संवैधानिक आयोगका पदाधिकारीहरू समयमा नियुक्ति हुन नसक्नुको अर्को कारण भारतीय शासकवर्गको निर्देशनमा प्रधानमन्त्रीहरू नियुक्ति हुनु हो । यसकारण संसद्को पहिलो वा दोस्रो पार्टीले सरकार गठन गर्न नसके नयाँ जनादेशको लागि चुनावमा जाने संवैधानिक व्यवस्था गर्नु आवश्यक छ । यसको लागि पनि संविधान संशोधन गर्नु आवश्यक छ ।

अहिले सरकारहरू गरिबलाई उठ्नै नदिने काम गर्दै छन् । सुरुमा राष्ट्रपति चुनावको लागि १ जना प्रस्तावक र १ जना समर्थक भए पुग्ने कानुनी व्यवस्था थियो । नेपाल मजदुर किसान पार्टीले राष्ट्रपति पदमा उम्मेदवारी दिएपछि शासक दलहरू मिलेर राष्ट्रपति उम्मेदवारीको लागि प्रस्तावक २५ जना सांसद र समर्थक २५ जना सांसद आवश्यक हुने व्यवस्था गरियो । अहिले राष्ट्रियसभा सदस्यमा उम्मेदवारीको लागि १०-१० हजार रुपैयाँ धरौटी राख्नुपर्ने व्यवस्था गरियो । नेपाल बार एशोसियसन र उद्योग वाणिज्य सङ्घको उम्मेदवारी दिन पनि १०, २०, ३०, ४०, ५० हजार रुपैयाँ धरौटीको व्यवस्था गरिएको सर्वसाधारण जनताको हितमा छैन । यी सबै तल्लो वर्गलाई उठ्नै नदिने प्रावधान हो ।

बेलायती साम्राज्यवादले भारतीय स्वतन्त्रता आन्दोलनलाई हिन्दू-मुसलमान झडपको रूपमा उठायो । नेपालमा पनि जातीय दङ्गाफसाद भड्किने सम्भावना छ । राज्यले सबै जातजातिलाई मिलाएर लानु पर्दछ । नेपालमा राज्य खस आर्यको मात्र हो र भनी प्रश्न उठिरहेको छ । बालकुमारीमा सरकारको गोलीबाट दुई युवकको ज्यान गुमेको सेलाउन नपाउँदै सर्लाही बरहथवामा अर्को गोलीबाट एक युवकको ज्यान गुम्यो । सरकारले निहत्था जनतामाथि गोली प्रहार र बमबारी गर्नु भूमि कब्जा र नरसंहारजस्तै हो । इजरायलले अमेरिकी हतियार ल्याएर प्यालेस्टिनमा मानव बस्ती, अस्पताल, विद्यालय, कलेज, सांस्कृतिक आस्था केन्द्रहरूमा बमबारी गरेको भूमि कब्जा र जातीय नरसंहार हो । इजरायल र अमेरिकी सरकारको बाँकी संसारले विरोध गर्दै छन् । यस्तै भए नेपालमा जनताले टोलटोलमा सरकारको विरोधमा जुलुस र सभा गर्नेछन् ।

दुई सयभन्दा बढी पालिकामा अहिले प्रमुख प्रशासकीय अधिकृत नहुँदा जनताको सेवा चुस्त भइरहेको छैन । जनतालाई चुस्त सेवा पुऱ्याउने जिम्मेवारी राज्य व्यवस्था तथा सुशासन समितिको पनि हो । यसबारे समितिले सम्बन्धित मन्त्रीलाई निर्देशन दिनु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० पुस २२ गते प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी पहिलो संशोधन, २०७९ मा संशोधनसहित राख्नुभएको मन्तव्यको सार-सं)*

### समिति सभापतिको व्यवहार राजाको जस्तो हुन भएन

बिरामीको लागि आवश्यक स्वदेशी र विदेशी औषधि स्वास्थ्य मन्त्रालयबाट समयमै आपूर्ति हुनुपर्दछ । औषधि र उपकरणको अभावमा नेपालीको मृत्यु भएमा मन्त्री र कर्मचारीलाई जिम्मेवार बनाउनु जरुरी छ ।

संविधानअनुसार निजी क्षेत्रमा मात्र ट्रेड युनियनको व्यवस्था हुनुपर्छ । राज्यकोषबाट तलब सुविधा पाउनेहरूको लागि ट्रेड युनियनको व्यवस्था गर्नु जरुरी छैन । कर्मचारी, शिक्षक, प्राध्यापकहरूबिच राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा अध्ययन र अन्तरक्रिया गराउने व्यवस्था हुनु पर्दछ ।

विश्वविद्यालय र प्रतिष्ठानहरूका कुलपति, उपकुलपति र मुख्य पदाधिकारीहरू शासक दलहरूबिच भागबन्डा हुने अहिलेको अवस्था अन्त्य हुनुपर्दछ । शासक दलका नेताहरूको नाममा सञ्चालित विश्वविद्यालय र प्रतिष्ठानमा भ्रष्टाचार र अनियमितता हुँदा सम्बन्धित नेताहरूकै बदनाम भएको छ । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति नियुक्तिमा १० करोड रूपैयाँ घुस लेनदेन भएको समाचार प्रकाशित भएको थियो ।

निर्वाचनमा आचारसंहिताविपरीत पैसा र सामान बाँडेर चुनाव जित्नेहरूको निर्वाचन आयोगबाटै बदर हुने कानुनी व्यवस्था गर्नुपर्दछ । मन्त्री भइसकेका सांसदहरूले आफू मन्त्री हुँदा के कस्तो काम भयो बताउनुपर्दछ । मन्त्री पद खुस्केको भोलिदेखि 'क्रान्तिकारी' कुरा गर्नु उचित होइन ।

भारतीय विदेशमन्त्री एस. जयशङ्करको नेपाल भ्रमणमा भारतीय दूतावासले नेपाल सरकारको अनुमतिबिना आफैँ योजना बनाई रू. २० करोडसम्म खर्च गर्न पाउने भनी पुस १९ गते नेपाल सरकारका सचिव र भारतीय राजदूतबिच भएको सम्झौता नेपाललाई भारतको प्रदेशजस्तै बनाउने हो । यो सम्झौता तत्काल खारेज गर्नु आवश्यक छ ।

आफू नै सर्वश्रेष्ठ ठान्ने र अरूलाई तुच्छ ठान्ने अन्धराष्ट्रवाद हो । अरूलाई राष्ट्र नठान्ने बडाराष्ट्र अहङ्कारवाद हो । यी दुवै गलत हुन् ।

संसद सचिवालयका एक महिला कर्मचारीमाथि अर्को पुरूष कर्मचारीले हात हालेको समाचार प्रकाशित भएको हुँदा दोषीलाई कारबाही गर्नु आवश्यक छ । समितिका सभापति राजा र सांसदहरू प्रजाजस्तो व्यवहार समिति सभापतिबाट हुनु भएन । १०-२० ओटा कानुन संशोधनको विधेयकमा सांसदलाई ३ मिनेट बोल्न दिनु उचित होइन ।

युवालाई वैदेशिक रोजगारीमा पठाउने काम रोक्नु पर्दछ र देशभित्र रोजगारी दिनु पर्दछ । वैदेशिक रोजगारीको ठगीमा संलग्नलाई कारबाही हुनुपर्दछ । पर्यटक भिसा पाएकालाई सरकारले आफ्ना र पराइ छुट्याई खाडी मुलुकमा पठाउने र नपठाउने गरेको हुँदा यस्तो पर्यटक भिसा नै खारेज गर्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० पुस २० गते प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकबारे छलफलमा आफ्नो संशोधन पेस गर्दै राख्नुभएको मन्तव्यको सार)*

# नक्कली सवारी चालक अनुमति खारेज हुने ? !

पाठक स्तम्भ

शुक्र

यातायात व्यवस्था कार्यालयहरूले २०७२ सालयता वितरण गरेको स्मार्ट लाइसेन्स (विद्युतीय सवारी चालक अनुमतिपत्र) मा ठुलो अनियमितता भएको सार्वजनिक भयो । हालसम्म ४० लाख लाइसेन्स वितरण गरिएकोमा ७३ हजार ५ सय ८४ लाइसेन्स शङ्कास्पद भएको छानबिनको प्रारम्भिक निष्कर्ष छ ।

यातायात व्यवस्था विभागका आईटी शाखा प्रमुखको संयोजकत्वमा गठित छानबिन टोलीले ३० हजार लाइसेन्स तत्काल खारेज गर्नुपर्ने उल्लेख गऱ्यो । बाँकी लाइसेन्स पनि शङ्कास्पद देखिएकोले छानबिन भइरहेको टोलीको भनाइ रहेको छ । हाल १४ लाख लाइसेन्स वितरण गर्न बाँकी छ । त्यसमा धेरै शङ्कास्पद हुने टोलीको बुझाइ छ ।

बिचौलिया र उच्च अधिकारीहरूको संलग्नतामा लाइसेन्सको लिखित परीक्षा र प्रयोगात्मकमा सहभागी नै नभएकालाई पैसा लिएर स्मार्ट लाइसेन्स दिइएको छानबिन समितिको ठहर हो । ३५ हजारले लिखित परीक्षा र प्रयोगात्मकबिना नै लाइसेन्स लिएको टोलीको प्रतिवेदनमा उल्लेख छ । बिचौलियाले प्रतिलाइसेन्स २० हजारदेखि ५० हजार रुपियाँसम्म लिने गरेको चर्चा छ । पुरानो मिति राखेर स्मार्ट लाइसेन्स दिने कामको शासक दलका नेता कार्यकर्ताहरू बिचौलिया बनेको पीडितहरूको आरोप छ । यसरी दिनमा ३ सयदेखि ४ सय लाइसेन्स बनिरहेको छ । सर्वसाधारणले परीक्षा र प्रयोगात्मक पास गर्दासमेत वर्षौंसम्म स्मार्ट लाइसेन्स नपाउने तर पैसा खुवाउनेहरूको तुरुन्तै स्मार्ट लाइसेन्स बन्ने अवस्था तत्काल अन्त्य गर्नु जरुरी छ ।

छानबिन टोलीले सबैभन्दा बढी अनियमितता यातायात व्यवस्था कार्यालय पोखरा, दोस्रो वीरगञ्ज र तेस्रो कावासोती रहेको उल्लेख छ । यातायात व्यवस्था कार्यालय लुम्बिनी र नारायणी पनि बढी अनियमित हुनेमा परेको उल्लेख छ । टोलीले अनियमितताको थप छानबिन गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई जिम्मेवारी दिन सिफारिस गरेको छ तर हालसम्म सीआईबीलाई कुनै जिम्मेवारी दिइएको छैन ।

यातायात व्यवस्था विभागका अनुसार छानबिन समितिको सिफारिसअनुसार ३० हजार स्मार्ट लाइसेन्स खारेजी गर्न प्रकृया सुरु भएको छ । अनियमितता देखिएको ४३ हजार लाइसेन्स छानबिनपछि खारेज हुने बताइयो ।

सरकारी कर्मचारीलाई हातमा लिएर सरकारको सर्वर भएको कोठाभित्रै छिरेर नक्कली काम गर्ने बिचौलिया शासक दलका कार्यकर्ताबाहेक अरू हुनसक्दैनन् । नक्कली लाइसेन्स दिएर सर्वसाधारण जनताको ज्यान लिने काम गरेका बिचौलिया र संलग्न कर्मचारीहरूको सम्पत्ति राज्यले जफत गरी कडाभन्दा कडा सजाय हुनुपर्ने जनताको माग हो ।

# सङ्घीयता कार्यान्वयनमा देखिएका केही चुनौतीहरू

**विवेक**

नेपालमा सङ्घीयता लागु भएको ७ वर्ष भयो तर कार्यान्वयनमा थप जटिलताहरू देखा पर्दै छन् । जनतालाई सेवा सुविधा सहज होस् भन्ने उद्देश्यले सङ्घीय राज्य घोषणा गरिएको हो । देशलाई ७ प्रदेशमा विभाजन गरी संविधानले नै स्पष्ट अधिकार तोकेको छ । प्रदेशका मुख्यमन्त्रीहरू संविधानले दिएका अधिकारहरूसमेत आफूहरूले प्रयोग गर्न नपाएको गुनासो गर्दै छन् । केही समयअघि हेटौडामा ७ वटै प्रदेशका मुख्यमन्त्रीहरूको बैठकले सङ्घीय सरकारद्वारा प्रदेशलाई अधिकार प्रदान नगरिए आन्दोलनसम्मको चेतावनी दियो । तर सङ्घ सरकारमा बसेका एकात्मक सोच र चिन्तन भएका नेताहरू प्रदेशहरूका पटक पटकको चेतावनीलाई बेवास्ता गर्दै छन् ।

प्रहरी समायोजन र सङ्घीय निजामती कमर्चारी सेवा ऐन जारी गर्नुपर्ने प्रदेशका मुख्यमन्त्रीहरूको माग रहेका छन् । प्रहरी समायोजन हुन नसक्दा प्रदेशका गृहमन्त्रीहरू जिल्लाका प्रमुख जिल्ला अधिकारीभन्दा पनि कमजोर अवस्थामा छन् । विनाप्रहरीको गृहमन्त्री बन्न परेको पीडा छ । निजामती कर्मचारी सेवा ऐन नबनेको कारण सङ्घले खटाएका कर्मचारीहरूको भरमा काम गर्नुपरेको गुनासो पनि प्रदेशहरूको छ ।

संसद्को मुख्य काम कानुन निर्माण गर्नु हो । गएको संसदीय अधिवेशनले जम्मा मिटरब्याजीसम्बन्धी एउटा मात्रै विधेयक पारित गर्न सक्यो । त्यस अधिवेशनको लागि रु. ६३ करोड खर्च भएको सार्वजनिक भएको छ । संविधानबमोजिम बनाउनुपर्ने कानुनहरू संसद्ले किन बनाएन भन्ने प्रश्न पनि तड्कारो रूपमा उठेको छ । सङ्घ र प्रदेशका संसद्हरू जनतालाई हात्ती पाल्नु जस्तै गाह्रो हुने त होइन भन्ने जनताले भन्न थालेका छन् ।

नेपालको संविधान २०७२ मा उल्लेखित साझा सूचीका अधिकारका कानुनहरू नबन्नाले प्रदेश र स्थानीय तहले निकै समस्या भोग्दै छन् । सहकारी, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सिचाइ, विपद् व्यवस्थापनलगायत १५ वटा विषय संविधानको साझा सूचीमा छन् । ती विषयहरू कार्यान्वयन गर्न न प्रदेश न स्थानीय तहले सकेका छन् । यही अन्योलले गर्दा काममा ढिलासुस्ती र खर्चमा वृद्धि भयो भनी सरकारको आलोचना भइरहेको छ । प्रतिनिधिसभाबाट साझा सूचीका अधिकारहरूबारे कानुन बनाउन के ले छेक्यो ? सरकारले नयाँ नयाँ कानुनको विधेयक किन पेश गर्दैन ? अहिले प्रदेशहरूले आफूलाई केन्द्रको छायाँको रूपमा बस्नुपरेको दुखेसो व्यक्त गर्दै छन् ।

प्रदेशहरूले राम्रोसँग काम गर्न नसक्दा प्रदेशको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ । प्रदेशहरूमा बरोबर सरकार परिवर्तन, प्रदेशको नाम र राजधानी तोक्न पनि ५ वर्षसम्म असफल हुनु र संयुक्त सरकारले राम्रोसँग काम गर्न नसक्नाले प्रदेशहरू शासक दलका नेता कार्यकर्ताहरूको व्यवस्थापनको लागि मात्रै बनाइएका हुन् कि भन्ने पनि व्याख्या विश्लेषणहरू हुन थालेका छन् । नत्र यति लामो अवधिसम्म प्रदेश र स्थानीय तहलाई संविधानले प्रदान गर्नुपर्ने भनी किटान गरेका अधिकारहरू कानुन बनाएर किन दिइँदैन ?

सङ्घ सरकार अर्थात् सिंहदरबारमा बस्ने शासक दलहरू रूपमा सङ्घीयता पक्षधर देखिए पनि सारमा एकात्मक वा केन्द्रीकृत सोचकै भन्ने यथार्थ व्यवहारबाट पुष्टि हुँदै छ । संविधानले नै मावि तहको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएको छ । त्यहीअनुसार स्थानीय तहहरूले आआफ्नो क्षमताअनुसार काम गर्दै पनि छन् । तर सङ्घ सरकारले पहिलेकै जिल्ला शिक्षा कार्यालयकै काम गर्ने अर्को जिल्ला शिक्षा समन्वय एकाइ खडा गरेर काम गर्दै छ । त्यसले शैक्षिक क्षेत्रमा कामको दोहोरोपना र खर्च बढ्ने तथा झन्झटिलो भएको छ । अब नयाँ विधेयकमा पुन: जिल्ला शिक्षा कार्यालयको प्रस्ताव गरिएको छ । यो सङ्घीयता र संविधानको प्रावधान विपरीत छ ।

संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरूसमेत अहिले एक एक गरी सङ्घमा फिर्ता लिने कोसिस हुँदै छ । शिक्षक महासङ्घलाई आन्दोलन गर्न दिएर मावि शिक्षाको अधिकार सङ्घको क्षेत्रभित्र राख्ने गरी तत्कालीन शिक्षामन्त्री देवेन्द्र पौडेलले सम्झौता नै गरे ।

> *सङ्घीयता राज्य प्रणाली मात्रै हो, त्यो चाहे एकात्मक होस् या सङ्घात्मक । देश विकासको लागि त्यसले खासै फरक पार्दैन । मुख्य राज्य सञ्चालकहरू इमानदार र असल हुनुपर्छ । उनीहरूले लिएको राजनैतिक सिद्धान्त देश र जनताको हित हुने हुनुपर्छ र त्यही सिद्धान्तअनुसार देश सञ्चालन गर्ने प्रतिबद्धता हुनुपर्छ । देशको विकास र जनताले राज्य संरचनाले खासै फरक पर्दैन भन्ने फेरि एकपटक पुष्टि हुँदै छ । सङ्घीयता आएपछि छिटै देश विकास हुने सपना देखाएर भाषण गर्ने नेताहरू अहिले प्रदेश र स्थानीय तहलाई सङ्घको एकाइकै रूपमा व्यवहार गर्दै छन् । शासक दलका नेताहरू तल्लो तहसम्म अधिकार दिनै चाहिरहेका छैनन् भन्ने झन झन् प्रमाणित हुँदै छ । त्यसले यो देशमा सङ्घीयता आवश्यक छैन भन्नेहरूका लागि बल पुऱ्याउनेछ ।*

अहिले शिक्षकहरूलाई स्थानीय तहले तलब खुवाउने तर शिक्षकहरूमाथि नियन्त्रण सङ्घ सरकारले गर्नु कुनै पनि दृष्टिले उचित होइन । सामान्यतया तलब खुवाउने निकायले नै कर्मचारीलाई नियन्त्रणमा राख्ने गरिन्छ । त्यो व्यवहारिक पनि हुन्छ । प्रस्तावित शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालयको व्यवस्था हुनु प्रतिगामी कदम हो ।

स्थानीय तहलाई कर्मचारी नियुक्तिको अधिकार नहुँदा अहिले धेरैजसो स्थानीय तहहरूले काम गर्न सकेका छैनन् । नगर प्रहरी र श्रेणी बिहीन कर्मचारीबाहेक खरिदारदेखि माथिका सबै कर्मचारीहरू प्रदेश लोक सेवा आयोगले नियुक्ति गर्ने व्यवस्था गरिएको छ । अहिलेसम्म न सबै प्रदेशमा लोकसेवा आयोगको गठन हुन सके न गठन भएका प्रदेश लोक सेवा आयोगहरूले राम्रोसँग काम नै गर्न सकेका छन् । प्रदेशबाट खटिएर आएका कर्मचारीहरूले स्थानीय जनताको भावनाअनुसार काम गर्न नसकेका व्यापक गुनासाहरू छन् । कर्मचारीहरू नियुक्ति गर्न नपाउने स्थानीय सरकारको अर्थ के हो ? यो त स्थानीय स्वायत्त शासन ऐन २०५५ भन्दा प्रतिगामी देखियो । त्यसबेला नै प्रमुख प्रशासकीय अधिकृतबाहेक सम्पूर्ण कर्मचारी अधिकार थियो । यस बारे आवश्यक भए संविधान संशोधन गर्नु परे पनि तयार हुनुपर्छ । हाम्रा सांसदज्यूहरूले यसतर्फ ध्यान दिनु जरुरी छ ।

जनताका ससाना काममा केन्द्रसम्म धाउन नपरोस् भन्ने उद्देश्यले सङ्घको बजेट प्रदेश र स्थानीय तहसम्म बाँडफाँट गर्न संविधानले नै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको हो । सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहबिच राजश्वको बाँडफाँट, प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सामान्यीकरण अनुदानको सिफारिस, नीति तथा कार्यक्रम र पूर्वाधारको आधारमा प्रदेश र स्थानीय तहलाई सशर्त अनुदानको लागि आधार तयार गर्ने, प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबिच राजश्व बाँडफाँट, आन्तरिक ऋण सीमाको सिफारिस गर्नेलगायत आयोगलाई अधिकार प्रदान गरिएको छ । तर, शासक दलहरूले त्यसलाई कार्यान्वयनको सट्टामा संसद्बाट अन्तर सरकारी बित्त हस्तान्तरण ऐन बनाई आयोगलाई ओझेलमा पार्ने काम गरे ।

बित्त आयोगले गर्नुपर्ने काम पनि राम्रोसँग गर्न नसकेको आरोप पनि आयोगका पदाधिकारीहरूले खेप्दै आएका छन् । संविधानअनुसार आयोगले वित्तीय सामानीकरण, सशर्त, विशेष र समपूरक गरी चार प्रकारको अनुदानको लागि सङ्घ र प्रदेशलाई सिफारिस गर्ने बन्दोबस्त छ । तर पदाधिकारीहरू त्यसलाई आफू अनुकूल मनोमानी ढङ्गले वितरण गर्दै छन् । उदाहरणको लागि यो चालू आर्थिक वर्ष २०८०।८१ मा वाग्मती प्रदेशबाट विशेष र समपूरक अनुदान भक्तपुर नगरपालिकालाई नदिने निर्णय गर्यो । त्यो निर्णय संविधान र कानुनको विपरीत त हो नै यो फरक विचारका जनप्रतिनिधि भएका स्थानीय तहलाई गर्ने पक्षपातको पनि हद हो ।

भक्तपुर अहिले देशको उदाहरणीय नगरपालिकाको रूपमा परिचित छ । राम्रो काम भएका पालिकाहरूलाई थप उत्साहित गरेको भए प्रदेश सरकारप्रति जनताको विश्वास बढ्ने थियो । भक्तपुरलाई कानुनले अनिवार्य रूपमा प्रदान गर्नैपर्ने अनुदान पनि प्रदान नगर्नाले प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री र त्यसका पदाधिकारीहरू अयोग्य, असक्षम र गैरजिम्मेवार देखाउँदैन र ?

सङ्घीयता नेपालको लागि नयाँ व्यवस्था हो । यसको कार्यान्वयनमा राजनैतिक दलहरूले विशेष ध्यान दिनुपर्ने हो । हाम्रा शासक दलहरू सरकार गठन - विघटनमै समय व्यतित गर्दै छन् । त्यसले सङ्घीय व्यवस्थाप्रति नै जनतामा वितृष्णा उत्पन्न हुँदै छ । वास्तवमा सङ्घीयताको अर्थ अधिकार विकेन्द्रीकरण हो । तल्लो तहसम्म अधिकार पुऱ्याउनु नै सङ्घीयताको भावना हो । सबै अधिकार केन्द्रमा सीमित गरेर सङ्घीय भावनाअनुसार देश अगाडि बढ्न सक्दैन ।

सङ्घीयता राज्य प्रणाली मात्रै हो, त्यो चाहे एकात्मक होस् या सङ्घात्मक । देश विकासको लागि त्यसले खासै फरक पार्दैन । मुख्य राज्य सञ्चालकहरू इमानदार र असल हुनुपर्छ । उनीहरूले लिएको राजनैतिक सिद्धान्त देश र जनताको हित हुने हुनुपर्छ र त्यही सिद्धान्तअनुसार देश सञ्चालन गर्ने प्रतिबद्धता हुनुपर्छ । देशको विकास र जनताले राज्य संरचनाले खासै फरक पर्दैन भन्ने फेरि एकपटक पुष्टि हुँदै छ । सङ्घीयता आएपछि छिटै देश विकास हुने सपना देखाएर भाषण गर्ने नेताहरू अहिले प्रदेश र स्थानीय तहलाई सङ्घको एकाइकै रूपमा व्यवहार गर्दै छन् । शासक दलका नेताहरू तल्लो तहसम्म अधिकार दिनै चाहिरहेका छैनन् भन्ने झन झन् प्रमाणित हुँदै छ । त्यसले यो देशमा सङ्घीयता आवश्यक छैन भन्नेहरूका लागि बल पुऱ्याउनेछ ।

# शासक दलहरूकै कारण खराब उद्योगीहरूले विद्युत् महशुल नतिरेका हुन्

**रामरतन चौधरी**

सार्वजनिक लेखा समितिले २०७७ चैत २२ गते नै डेडिकेटेड र ट्रङ्क लाइनको बाँकी बक्यौता एक महिनाभित्र असुल गरिसक्न सरकारलाई निर्देशन दिएको थियो । तर, नेपाल विद्युत् प्राधिकरणले २०८० भदौ १७ गते मात्र बिजुलीको बक्यौता नतिर्ने उद्योगी-व्यापारीलाई १५ दिनभित्र लाइन काट्ने सूचना जारी गऱ्यो । त्यसपछि नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसीसीआई) का अध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वमा करिब ४० उद्योगी-व्यवसायीको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटे । उद्योगी-व्यवसायीहरू बक्यौता छुट गराउन शासक दलका नेताहरूको दैलो चाहार्दै छन् । केही समयअगाडि एमालेका नेता केपी ओलीको निवासमा पनि उद्योगी-व्यवसायी पुगेको समाचार प्रकाशित भयो । शासक दलहरूकै कारण खराब उद्योगीहरूले कर छल्दै आएका हुन् ।

उद्योगी-व्यवसायीको टोलीले भेटेपछि प्रम दाहालले "विवादित विषय भएको र समाधान गर्नुपर्ने" भन्दै लाइन नकाट्न निर्देशन दिएपछि केही समय लाइन काट्ने काम रोकिएको थियो । तर, नेपाल विद्युत् प्राधिकरणले २०८० पुस ६ गते शुक्रबारदेखि डेडिकेटेड फिडर र ट्रङ्क लाइनसम्बन्धी विवाद रहेका उद्योगहरूको लाइन काट्न थाल्यो । सुरुमा अर्घाखाँची सिमेन्ट, घोराही सिमेन्ट, जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, सर्वोत्तम सिमेन्ट, लक्ष्मी स्टिल, सोनापुर मिनरल्स एन्ड आयल लिमिटेड, त्रिवेणी स्पिनिङ मिल्स र अशोक स्टिल गरी ९ उद्योगको लाइन काटियो भने हालसम्म २३ उद्योगको लाइन काटिएको समाचार छ ।

बक्यौता उठ्न बाँकी उद्योगहरूमा शङ्कर ग्रुपको लगानी रहेको जगदम्बा स्टिलको ४ अर्ब १४ करोड, गोल्यान समूहको लगानी रहेको रिलायन्स स्पिनिङ मिल्सको १ अर्ब ९४ करोड, सङ्घाई ग्रुपको लगानी रहेको घोराही सिमेन्टको १ अर्ब ३६ करोड र मुरारका ग्रुपलगायतको लगानी रहेको अर्घाखाँची सिमेन्टको १ अर्ब ३० करोड रहेको प्राधिकरणले जनाएको छ । प्राधिकरणकाअनुसार हालसम्म ६१ उद्योगबाट २२ अर्ब रुपियाँ बक्यौता उठ्न बाँकी छ ।

सुरुमा लाइन काटिएका ९ उद्योगमा मात्रै करिब १६ हजार मजदुर कार्यरत छन् । त्यसमध्ये ३० प्रतिशत मजदुर दैनिक ज्यालादारीमा काम गरिरहेका छन् । बन्द भएका उद्योगमध्ये सबैभन्दा धेरै मजदुर रिलायन्स स्पिनिङ मिलमा करिब ४ हजार मजदुर कार्यरत छन् । त्यस्तै, बाराको सिमरास्थित जगदम्बा स्टिलमा ३५ सय, त्रिवेणीमा २५ सय र हुलास स्टिलमा १५ सय मजदुर कार्यरत छन् । अन्य उद्योगको तथ्याङ्क बाहिर आएको छैन । उद्योग बन्द भएपछि दैनिक ज्यालादारीमा काम गर्ने मजदुरको अवस्था कमजोर बन्दै छ । आफ्नो रोजीरोटी खोसिएपछि २०८० पुस ११ गते बुधबार बारा पर्सा करिडोरका जगदम्बासहित त्रिवेणी स्पिनिङ मिल, हुलास स्टिल, अशोक स्टिल, सूर्य नेपाललगायत उद्योगका मजदुरहरू प्राधिकरणले लाइन काटेको विरोधमा प्रदर्शनमा उत्रिए । मजदुरहरूले इलाका प्रशासन कार्यालय सिमरा र नेपाल विद्युत प्राधिकरण सिमरा शाखामा ज्ञापन पत्रसमेत बुझाए । पुस २२ गते भैरहवामा पनि मजदुरहरू प्रदर्शनमा उत्रिए । नेपाल विद्युत् प्राधिकरणको कार्यालय अगाडि मजदुर र उद्योगका प्रतिनिधिहरूले धर्ना दिए । उनीहरूले "ट्रङ्क लाइनको नाममा उद्योग मास्न पाइँदैन" भन्ने नारा लेखिएको प्लेकार्ड बोकेका थिए । उद्योगीहरू सरकारी राजस्व हजम बनाउन मजदुरलाई अगाडि सार्दै छन् । सरकार र उद्योगीबीचको यो विवादमा मजदुर पिल्सिन पुगे । नेपालमा काम नपाएपछि मजदुरहरू विदेश पलायनको निम्ति बाध्य हुँदै छन् ।

प्राधिकरणले उद्योगीहरूलाई डेडिकेटेड फिडर र ट्रङ्क लाइन प्रयोग गरेबापत थप शुल्क तिर्नुपर्ने भन्दै २०७५ सालमा छुट बिल काटेको थियो । तर, उद्योगीहरूले भने लोडसेडिङका बेला आफ्ना उद्योगमा पनि विद्युत् लाइन काटिएको भन्दै प्रयोग नै नगरेको विद्युत्को बिल नतिर्ने बताइरहेका छन् । उद्योगी-व्यवसायीहरूले लोडसेडिङ् अन्त्यपछि पनि नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रङ्कलाइन शीर्षकमा विद्युत् उपयोग गरेको भनी ६७ प्रतिशत महङ्गो बिल पठाएको आरोप लगाएका छन् । उद्योगीहरूले टीओडी (टाइम अफ डे) मिटरको प्रमाणका आधारमा विद्युत् प्रयोग गरेको देखिएमात्र आफूहरूले बिजुलीको बिल तिर्ने बताउँदै छन् । तर, प्राधिकरणले टीओडी मिटरको प्रमाण उपलब्ध गराउन सकेको छैन । यसले प्राधिकरणका अधिकारीहरूले उद्योगीहरूसँग कमिसन खाएर सेटिङ्मा विद्युत् उपलब्ध गराएको प्रष्ट हुन्छ ।

महसुल बक्यौताको समस्या समाधान गर्न संसद् तथा सरकारले विभिन्न समिति बनाए पनि निष्कर्ष निस्किएको छैन । संसद्को सार्वजनिक लेखा समितिले डेडिकेटेड र ट्रङ्क लाइनको विषयमा अध्ययन गर्न एउटा उपसमिति बनाएको थियो । सो उपसमितिले तयार पारेको प्रतिवेदनअनुसार डेडिकेटेड फिडरबाट लाइन लिने २४० ग्राहक छन् । उनीहरूमध्ये अस्पतालबाहेक ५६ ग्राहकलाई छुट भएको छ । बाँकी १६५ ग्राहकले नियमित महसुल बुझाइरहेका छन् । तीमध्ये २० ग्राहकलाई बक्यौता रकम छुट बिलको रूपमा २०७५ चैत २९ गते ताकेता भएको बताइएको छ । डेडिकेटेड फिडरतर्फ बिलिङ भएको ९ अर्ब ६ करोड ४४ लाख २ हजार ५ सय ९२ रुपियाँ ३६ पैसा छ । त्यसतर्फ ३ अर्ब ४१ करोड ७४ लाख ८४ हजार रुपियाँ उठ्न बाँकी छ ।

ट्रङ्क लाइनबाट विद्युत् आपूर्ति लिने ८४ ग्राहकमध्ये ५१ ग्राहकको डेडिकेटेड तथा ट्रङ्क ट्यारिफतर्फ बिलिङ गरेको रकम १८ अर्ब ६२ करोड ८७ लाख ३४ हजार ४ सय ८८ रुपैयाँमध्ये ६ अर्ब ७२ करोड ३३ लाख ४५ हजार ९ सय ९० रुपैयाँ बाँकी छ । डेडिकेटेड फिडरअर्न्तगतका धेरैजसो ग्राहकले महसुल तिरिरहेको तर ट्रङ्कलाइनका धेरैजसोले बक्यौता रकम नतिरेको प्रतिवेदनमा उल्लेख छ । यसरी प्रिमियम रकम तिर्न बाँकी रहेको रकम १० अर्ब १४ करोड ८ लाख ३० हजार ७० रुपियाँ रहेको प्राधिकरणको विवरणमा छ ।

नेपाल विद्युत् प्राधिकरणका निर्देशक कुलमान घिसिङले विद्युत् नियमन आयोगको निर्णयको बारेमा प्रधानमन्त्रीलाई गलत ब्रिफिङ गरेको प्रधानमन्त्री स्रोतले बतायो । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार "नियमन आयोगले लोडसेडिङ अन्त्यको घोषणा गरेपछिको महसुल पनि उठाउनुपर्छ भनेर निर्णय गरिदियो, हामीलाई गाऱ्हो पऱ्यो" भनेर कुलमानले प्रमलाई ब्रिफिङ गरे । विद्युत् नियमन आयोगका अध्यक्ष डिल्लीबहादुर सिंहले भने १७ गते मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर डेडिकेटेड र ट्रङ्कलाइनको छुट बिलको बक्यौता प्रमाणको आधारमा मात्रै उठाउनुपर्ने बताए । बिल काटेपछि प्रमाण दिनुपर्छ भन्ने विषय आयोगले २०७८ भदौ, २०८० भदौ र १६ पुसमा निर्णय गरेको पनि अध्यक्ष सिंहले प्रधानमन्त्रीलाई जानकारी गराए । यसरी निर्देशक कुलमानले विद्युत् वितरणको प्रमाण नराखी प्रमसमक्ष झुट बोलेको देखिएको छ ।


सरकारले २०७२ सालदेखि देशमा लोडसेडिङ् भए पनि मुख्य औद्योगिक क्षेत्रमा केही बढी शुल्क लिएर छुट्टै लाइनमार्फत् चौबीसै घण्टा बिजुली उपलब्ध गराएको दाबी गर्दै छ । सरकार र प्राधिकरणले जनतालाई अँध्यारोमा राखेर उद्योगीसँग साँठगाँठ गरेको यसबाट पनि सिद्ध हुन्छ । तर, उद्योगी-व्यवसायी भने आफूहरूले लोडसेडिङ्मा छुट्टै बिजुली उपभोग नगरेको दाबी गर्दै छन् । तर, केही उद्योगी-व्यवसायी वीरगन्जस्थित हिमाल आइरन एण्ड स्टिलले र एडभान्स समूहको रोल्पाले पहिलो किस्ता तिर्नुका साथै बाँकी बक्यौता तिर्ने प्रतिबद्धतासहित पत्र पठाएको समाचार छ । यसबाट पनि उद्योगी-व्यवसायीहरूले बिजुली प्रयोग गरेको स्पष्ट हुन्छ । प्राधिकरणले बक्यौता तिर्न ६० किस्तासम्मको सुविधा दिने भएको छ । यसो गर्दा पनि बक्यौता नतिर्ने खराब उद्योगी-व्यवसायीलाई जेल पठाएर उनीहरूको घरघरानाबाट असुल गर्ने र जनतालाई अँध्यारोमा राखेर खराब उद्योगी पोस्ने काममा संलग्न मन्त्रीहरूलाई पनि जेल पठाउने साहस सरकारले गर्नुपर्दछ ।

अहिले नेपालको आर्थिक अवस्था जर्जर अवस्थामा पुगेको छ । युवाहरू विदेश पलायन भएको कारण नेपालको कृषि क्षेत्र धरासायी बन्यो । आजसम्मका सरकारहरूले भारतीय एकाधिकार पुँजीको निर्देशनअनुसार नेपालका उद्योगधन्दा ध्वस्त पारे । हाल बचेखुचेका उद्योगहरू पनि ३० देखि ४० प्रतिशत क्षमतामा मात्रै चलिरहेका छन् । यसकारण सरकार उद्योग-व्यवसाय बन्द गरेर विदेशी पुँजीलाई पोस्ने बाटोमा लाग्नु हुन्न ।

*२०८० पुस २२ गते*

# अफ्रिकी मुक्ति सङ्घर्षका एक अग्रणी – क्वामे एनक्रुमा-२

✍ समा




अफ्रिकी नेता क्वामे एनक्रुमा एक विचारक थिए। उनले घानाको सामाजिक, आर्थिक परस्थिति या पृष्ठभूमिमा समाजवादको चिन्तन या व्याख्या गरे। त्यतिबेला घाना स्वतन्त्र र स्वाधीन घोषणा गरिए पनि बेलायतबाट सम्पूर्णरूपमा मुक्त हुन सकेको थिएन। त्यसकारण, घानाको स्वतन्त्रता पछि पनि साम्राज्यवादविरोधी सङ्घर्षलाई उनले प्राथमिकतामा राखे। साम्राज्यवादी शक्तिलाई हराउन सम्पूर्ण अफ्रिकी देशहरू एकतामा गोलबन्द नभई हुँदैन भन्ने उनको विचार थियो। अफ्रिकी महादेशको पछौटेपन र गरिबीको कारक साम्राज्यवादी लुट र पुँजीवादी राज्य व्यवस्था हो भन्नेमा उनी स्पष्ट थिए। त्यतिमात्र होइन पुँजीवादी समाज व्यवस्था या संरचनाको कारण अफ्रिकी जनता युगयुगदेखि शोषण, असमानता, अपमान र अन्याय भोग्न बाध्य भएको निचोड उनको थियो। त्यसकारण उनी भन्थे, “पुँजीवादको विकल्प समाजवादमात्रै हो।” उनले घानाको माटो सुहाउँदो समाजवादको चिन्तन या विचारमन्थनको अगुवाइ गरे। उनको साम्राज्यवादविरोधी विचार, अफ्रिकी जनएकताको आह्वान, पुँजीवादविरुद्धको धारणा र समाजवादको व्याख्यालाई नै एनक्रुमा विचारधाराको रूपमा अध्ययन गरिन्छ। युरि स्मेरटिनको पुस्तक ‘Kwame NKRUMA’ ले उनको विचारलाई ‘एनक्रुमावाद’ भनेर पनि लेखेको छ।

एनक्रुमाको विचार उनको भाषण, लेख र पुस्तकहरूमा सङ्ग्रहित छ। ‘म स्वतन्त्रताको निम्ति आवाज उठाउँछु,’ ‘अफ्रिका एक हुनुपर्छ’, ‘नवउपनिवेशवाद साम्राज्यवादको अन्तिम अवस्था’, ‘अफ्रिकी क्रान्तिको विशेष अवस्थामा उपनिवेशविरुद्धको सङ्घर्ष र विकासको सिद्धान्त’ आदि शीर्षकमा उनका पुस्तक र लेखहरू निकै लोकप्रिय छन्। लेनिनले भन्नुभएको थियो, “पृथ्वीका सारा जनता समयसँगै साम्राज्यवादी शोषणको विरुद्ध सङ्घर्षको बाटोमा एकजुट हुनेछन् र आ-आफ्नो देशको राजनीतिक, आर्थिक, सामाजिक मुक्तिको निम्ति समर्पित हुनेछन्।” अफ्रिकी महादेश पनि आफ्नो मुक्तिको निम्ति एकताबद्ध हुने आत्मविश्वास एनक्रुमाले लेनिनको विचारबाट प्राप्त गरे। एनक्रुमा लेनिन र सोभियत रुसबाट असाध्यै प्रभावित थिए। लेनिनले भन्नुभएझैँ अफ्रिकी राष्ट्रिय स्वतन्त्रता आन्दोलन साम्राज्यवादविरोधी सङ्घर्षको एउटा मिसाइल साबित भयो। तर एनक्रुमालाई थाहा थियो साम्राज्यवादी देशले घानामा गरेको आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक र सैन्य क्षतिको पूर्ति गर्न लामो समय लाग्नेछ।



एनक्रुमाले अफ्रिकी अर्थतन्त्रमा बेलायतको एकाधिकारविरुद्ध आवाज उठाए। जबसम्म अर्थतन्त्र विदेशी हातमा रहन्छ, जबसम्म अफ्रिकी जनता विदेशी डलरको सहयोग र दानमा रमाउँछन् तबसम्म अफ्रिकामा आत्मनिर्भरताको सूर्योदय हुँदैन भन्थे एनक्रुमा। उनी जनतालाई भन्थे, “अफ्रिकामा आर्थिक उपनिवेशविरुद्ध लडौँ, अफ्रिकी बजारमाथि कब्जाविरुद्ध लडौँ, साम्राज्यवादी ऋण र सहयोग बहिष्कार गरौँ।” अफ्रिकी नौजवानहरूलाई बेलायतको स्वार्थमा अन्य देशमाथि युद्ध गर्न सेनाको रूपमा प्रयोग गरिन्थ्यो। अफ्रिकी युवाहरू बेलायतको निम्ति मर्नुपर्ने अवस्थाको अन्त्य चाहन्थे एनक्रुमा।

युरोप अफ्रिकाप्रति असाध्यै पक्षपाति थियो। अफ्रिकामा असमानता, असन्तुलन, आन्तरिक कलहको बीउ पनि यरोपले नै हालेको थियो। अफ्रिकामा जातीय दङ्गा या कलहको फाइदा युरोपले लुट्थ्यो। बेलायत या युरोपको विरोधमा आवाज उठाउने सबलाई आतङ्कवादी घोषणा गर्थ्यो, गलत प्रचारबाजी गरिहाल्थ्यो। एनक्रुमाले जातिभेदविरुद्ध अथक सङ्घर्ष गरे। रङ्गकै कारण मानव समुदायले दलन भोग्नुपर्ने अवस्थाविरुद्ध उनी लडे। एक समय जातिभेद या रङ्गभेदकै मुद्दामा बेलायतसँग घानाले कूटनीतिक सम्बन्ध नै तोडेको थियो। त्यतिबेला संरा अमेरिकाको चासो घाना या अफ्रिकी महादेशतिर बढेको तथ्य पनि पढ्न पाइन्छ।

एनक्रुमा भन्थे, “समाजवाद या साम्यवादको विरोध भनेको नवउपनिवेशवादी विचारको हतियार हो। साम्राज्यवादी प्रभुत्वको निम्ति वैचारिक लडाइँ हो। त्यसकारण समाजवादी विचारको प्रचार र व्यापकता जरुरी छ।” नेता लेनिनले भन्नुभएको थियो, “साम्राज्यवादीहरू आफ्नो प्रभुत्व क्षेत्रमा समाजवादी आन्दोलन उठ्ला भनी डराउँछन्। त्यसकारण, साम्यवादी विचारलाई भाँचकुँच गरी सके गलत प्रचार गर्छन् नसके संशोधन गर्छन्।” अफ्रिकामा “अफ्रिकी समाजवादी अन्तर्राष्ट्रिय” को स्थापनापछि बेलायत अझ आत्तिएको थियो।

एनक्रुमालाई थाहा थियो, अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध बलियो नभए घानाको स्वतन्त्रता लामो समय टिक्दैन। साम्राज्यवादी आक्रमण र छलकपटविरुद्ध संयमित र शान्त भई अघि बढ्नुको विकल्प थिएन। उनले साम्राज्यवादी युद्ध अपराधविरुद्ध भने बोल्न छोडेनन्। एक समय अफ्रिका साम्राज्यवादी शक्तिहरूको आणविक हतियारको प्रयोगशाला बनाइयो। त्यसको घोर विरोध एनक्रुमाले गरे।

रुसमा अक्टोबर समाजवादी क्रान्तिको सफलतापछि समाजवादी व्यवस्था निर्माण अघि बढ्दै थियो। साम्राज्यवादविरुद्धको लडाइँमा विजयको एउटै हतियार समाजवादी क्रान्ति हो भन्नेमा एनक्रुमा विश्वस्त भए। तर, उनले सशस्त्र सङ्घर्षको कुरा गरेको भने भेटिन्न। पुँजीवादी व्यवस्थाको अत्याचारविरुद्ध राष्ट्रिय विशेषताको समाजवादको तर्क गरे। उत्पादनका मुख्य मुख्य साधनमाथि व्यक्ति या कर्पोरेटहरूको कब्जा नै शोषणको कारण हो भन्ने टुङ्गोमा पुगेका एनक्रुमाले सामाजिकीकरणको अवधारणा अनुसरण गरे। जमिन, कारखाना, प्राकृतिक स्रोतसाधनमाथि राज्यको स्वामित्व र अधिकारको निम्ति प्रयास गरे। त्यतिमात्र होइन उनले अफ्रिकी जनताको शिक्षा र स्वास्थ्यमा विशेष चासो देखाए। कृषि उत्पादनदेखि उद्योगहरूको स्थापना र व्यवस्थापनमा जोड दिए। घानाको सामाजिक र आर्थिक विकासमा ध्यान दिए। तर त्यतिले समाजवाद स्थापनाको आधार तयार हुँदैनथ्यो।

उनले मार्क्सवाद र भौतिकवादी दर्शन अध्ययन गरे। वैज्ञानिक समाजवादको चुरो भने समात्न नसकेको हो कि भन्ने महसुस पुस्तक अध्ययन गर्दा हुन्छ। लेनिनले भन्नुभएको छ - “यहाँ कुनै बिचको मार्ग छैन। कि पुँजीवादी कि त समाजवादी विचार, अर्को विकल्प छैन। समाजवादका लागि वर्गसङ्घर्षको विकल्प नै छैन।” त्यसकारण एनक्रुमाको ‘राष्ट्रिय शैलीको समाजवाद’ ले लामो दुरी तय गर्न नसकेको अनुभव भयो। यद्यपि, ‘अफ्रिकी समाजवाद’ को अवधारणाले अफ्रिकी महादेशमा मार्क्सवाद र समाजवादी विचारको जग हालेको तथ्य नकार्न मिल्दैन। उपनिवेश भोगिरहेको अफ्रिकामा एनक्रुमाको विचार प्रगतिशील र क्रान्तिकारी मान्नुपर्छ।

एनक्रुमाले घानाको राष्ट्रिय नीतिमा आफ्नो विचार कसरी प्रयोग गरे भन्ने विषयमा यो पुस्तकले चर्चा गरेको छ। विश्व पुँजीवादी बजारले गाँजेको घानामा समाजवादको अभिमुखीकरण निकै कठिन थियो। घानामा केही पनि बन्दैनथ्यो। सियोदेखि ठुल्ठुला मेसिनरी सामग्री बेलायतबाट आयात हुन्थ्यो। आत्मनिर्भर बन्न सकिने कृषि उत्पादन समेतमा बेलायती निर्भरता थियो। सम्पूर्ण खाद्यान्न बेलायतबाट आउँथ्यो। त्यहाँको खेतीपाती जातीय मुखियाको सामन्तवाद र सामुदायिक बन्दोबस्तमा चलाइन्थ्यो। वर्षको एकबालीमात्र लाग्ने घानाको मुख्य उत्पादन भने काकाओ थियो। त्यहाँको बहुमूल्य हीरा, सुन, म्याङ्गनिज, बाक्साइट, काठ आदि खनिजमाथि बेलायतको एकाधिकार थियो। ससाना साहुमहाजन र उद्योगपति पनि बेलायति पुँजीसामु टिक्न सक्ने स्थिति थिएन। स-साना उद्योग बाहेकको विकास भइसकेको थिएन। एनक्रुमाले समाजवादी आर्थिक विकासको अवधारणा अघि बढाए। कम्तीमा आलु, कागती, गाजर, सखरखण्ड, दूधजस्ता वस्तु, जुन बेलायतबाट आयात हुन्थ्यो ती वस्तु उत्पादनमा जोड दिइयो। भूमिमाथि सामन्तवादी शोषण हटाउने कानुनी प्रयास भयो।

एनक्रुमाकै सरकारले प्रारम्भिक चरणमा रेलवे, थर्मल ऊर्जा स्टेसन र बन्दरगाहहरूमा औपनिवेशिक नियन्त्रण हटायो। घाना स्वतन्त्र भएको पहिलो वर्ष नै सार्वजनिक सेवा र इन्टरप्राइजहरू स्थापना गरिए। राष्ट्रिय पुँजी सङ्कलन र लगानीको अवधारणा विकास भयो। राज्य नियन्त्रित उद्योग र इन्टरप्राइजको स्थापनाले मात्र घानालाई आर्थिक उपनिवेशबाट स्वतन्त्र गर्न सक्नेमा एनक्रुमा विश्वस्त थिए। ससर्त वैदेशिक पुँजीलाई उनले निरुत्साहित गरे। उनले सोभियत रुसमा जस्तै योजनाबद्ध विकासको मोडल घानामा प्रवेश गराए। पहिलो पञ्चवर्षीय योजनाले घानामा सकारात्मक परिवर्तनको आभाष दिलाउने आशा थियो। घानाको अर्थतन्त्र बहु संरचनात्मक ढाँचाको बन्यो। तत्काल समाजवादका सम्पूर्ण विशेषता लागु गर्न नसक्ने अवस्थामा ‘मिश्रित अर्थतन्त्र’ को योजना अघि बढाइयो। एनक्रुमाकै अनुसार घानाको अर्थतन्त्रका पाँचवटा महत्त्वपूर्ण आयामहरू थिए -

१) राज्यको स्वामित्वमा रहेका उद्यमहरू
२) विदेशी निजी क्षेत्रको स्वामित्वमा रहेका उद्यमहरू
३) राज्य र विदेशी संयुक्त लगानीका उद्यमहरू
४) सहकारीहरू
५)घानाकै सानो आकारका निजी उद्यमहरू।

यदि योजनाबद्ध ढङ्गबाट औद्योगीकीकरणको बाटोमा अघि बढ्न सके औपनिवेशिक अर्थतन्त्रको संरचना भत्काउन सकिन्छ भन्ने विश्वास एनक्रुमालाई थियो। त्यसको निम्ति अफ्रिकामा आधुनिक प्रविधि, जनशक्तिको अभाव महसुस गरियो। बहुआयामिक विकासको निम्ति अन्तर्राष्ट्रिय सम्बन्ध सबल बनाउन जरुरी थियो। एनक्रुमाले समाजवादी देशहरूबाट सहयोगको अपेक्षा गरे, समन्वयात्मक भूमिका खोजे। उनको नारा थियो औद्योगीकरणका लागि समाजवाद। तत्कालीन रुस र घानाको परिस्थिति उही या उस्तै थिएन। यद्यपि, सोभियत सङ्घबाट योजना र सहयोग दुवै प्राप्त गरी केही समयमै सलाईको काँटी, जुत्ता, मिठाइ, चकलेट, फलफुल, तरकारी, पेयपदार्थ, रसायन, अटोमोबाइल टायर, सिमेन्टलगायतका वस्तुहरू उत्पादन अघि बढाए।

एनक्रुमाले घानाको ‘भोल्टा नदी परियोजना’ मा विशेष चासो देखाए। त्यो परियोजनाको जलविद्युत् क्षमता ८ लाख किलोवाट थियो। जनतालाई सस्तोमा बिजुली वितरण गर्ने सपनासँग जोडिएको थियो त्यो परियोजना। भोल्टा जलविद्युत् परियोजनामा सोभियत सङ्घले सघाउने समाचार बाहिरिएपछि बेलायतमात्र होइन अमेरिकासमेतको टाउको दुखेको थियो। त्यसपछि घानामा अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैङ्कको ऋण या सहयोगको चलखेल भित्रियो। आफू राष्ट्रपति भएपछि एनक्रुमाले सोभियत रुसको भ्रमण गरे। रुसमा औद्योगीकरणले रुसी समाजमा भएको आमूल परिवर्तनको अनुभव गरे। मस्कोमा घानाका व्यापार प्रतिनिधिमण्डलको अध्ययन भ्रमणको लागि चाँजोपाँजो मिलाए। सोभियत रुसले घानाका थुप्रै महत्त्वपूर्ण कामहरूमा आर्थिक सहयोगसँगै प्रविधि, मेसिनरी र प्राविधिज्ञहरू पठाएर सहयोग गर्‍यो। व्यावसायिक सीपको आदानप्रदान नयाँ संस्कृति बन्दै थियो। घानाका राष्ट्रिय सैन्य जवानहरूलाई तालिमको लागि पनि एनक्रुमाले सोभियत रुससँग सहयोग मागेका थिए। वैदेशिक सहयोग सहकार्य र साझेदारीको सर्तमा मात्र भित्र्याउने नीति एनक्रुमाले अघि बढाए। तर, विश्व बजारमा पश्चिमा एकाधिकार एवम् संरा अमेरिकी कुलीन वित्तीय प्रणालीको हावा घानामा पनि पस्यो। देशको ७० प्रतिशत अर्थतन्त्र धान्ने काकाओको भाउ अन्तर्राष्ट्रिय बजारमा ६ गुणाले घटाइयो। त्यसमा पश्चिमा बजार एकाधिकारको षड्यन्त्र घानाको उदीयमान अर्थतन्त्र कब्जा गर्नु नै थियो। घानामा आर्थिक सङ्कट सुरु भयो। घानाभित्रै सीपवान अर्थात् तालिम प्राप्त इन्जिनियर, प्राविधिज्ञ र प्रशासकहरू नहुनुले समस्या अझ जटिल बन्यो। त्यतिमात्र होइन घानासँग आफ्नो घरेलु बजार पनि बलियो थिएन। घरेलु बजार बलियो नभएको अर्थतन्त्रले विश्वको प्रतिस्पर्धी बजारसँग मुकाबिला गर्न नसक्नु स्वाभाविक नै थियो।

यद्यपि, एनक्रुमाले सेवामुखी आर्थिक व्यवस्थाका निम्ति सहकारीहरू र राज्यको स्वामित्वमा ठुल्ठुला खेती या फार्महरू सञ्चालन गर्ने नीति लिए। वस्तुको बजारीकरणका लागि सहकारीको अवधारणा विकास गरे। किसानले उत्पादन गरेका वस्तुहरूको सङ्कलन मात्र होइन खरिद पनि गर्ने र त्यो वस्तुलाई बजारमा लाने काम सहकारीमार्फत गर्ने नीति अघि बढाए। कृषिमा एक किसिमको सुधार थियो त्यो। अत्यन्त पिछडिएको र खोक्रो घानाको अर्थतन्त्रलाई सुधार्न केही वर्षहरूको मेहेनत काफी नहुने सत्य एकातिर थियो भने अर्को तिर घानाको समाजमा गडेर बसेको जातीय, धार्मिक र पदानुक्रमिक अस्तित्वको व्यवस्थाले छिटो विकास सम्भव भएन। यद्यपि अफ्रिका केवल युरोप या पश्चिमा देशहरूको विकास निम्ति कच्चा पदार्थको स्रोत होइन बरु अफ्रिकाको स्वायत्त एवम् आत्मनिर्भर निर्माण सम्भव छ भन्ने सन्देश विश्वलाई दिन एनक्रुमा सफल भए।

घानामा ८० प्रतिशत जनता निरक्षर थिए। सहरहरू अव्यवस्थित र फोहोर थिए। जनताको सांस्कृतिक स्तर निकै कमजोर थियो। स्वास्थ्य उपचारको स्थिति नारकीय थियो। ‘गणतन्त्र घाना’ घोषणामात्रले सबै समस्याको समाधान सम्भव थिएन। उनले शैक्षिक र स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रम अघि बढाए। कम्तीमा घानाका जनताको मृत्युदर घटाउन, महामारी रोक्न र मलेरियाजस्ता रोगबाट बचाउन स्वास्थ्य शिविर सञ्चालन गरे। त्यसले छोटो समयमा केही उपलब्धि मिल्यो। सफा खानेपानीसँगै दस हजार जनताको लागि एक डाक्टरको बन्दोबस्त गरियो।

एनक्रुमाको नेतृत्व विफल बनाउन बेलायतसँगै संरा अमेरिका पनि लागिपरेको देखियो। उनी अत्यन्त अव्यवस्थित कार्यालयबाट देश हाँक्दै थिए। ‘आर्थिक उदारवाद’ र युरोपको दोस्रो विश्वयुद्धपछिको मार्सल प्लानबाट प्रभावित एनक्रुमाको ‘अफ्रिकी शैलीको समाजवाद’ भन्ने विचारबाट युरोप तर्सेकै थियो। घानामात्र होइन अफ्रिकामै एनक्रुमाको लोकप्रियता बढेको देखेर प्रतिक्रियावादीहरूले उनीमाथि पटकपटक हमला गरे। सन् १९६४ जनवरीमा आफ्नो निवासबाट बाहिर आउँदै गर्दा राष्ट्रपति एनक्रुमालाई एक प्रहरीले ताकेर पाँच वटा गोली प्रहार गरेको घटना छ। उनलाई त्यतिबेला गोली लागेन। उनका एक जना अङ्गरक्षक गोली लागेर ढले। एनक्रुमा विस्तारै बेलायती प्रशासनको सेना, प्रहरी र कर्मचारीको घेरामा परे। घानामा संरा अमेरिकी गुप्तचर विभाग (CIA) सक्रिय थियो। तिनले एनक्रुमाको पार्टी कार्यकर्ता र मन्त्रीहरूलाई प्रलोभनमा फसाउने काम गरे। सरकार असफल बनाउन भ्रष्टाचार गर्न र विश्वासघात गर्न घुस दिने काम हुन थाल्यो। राज्य, पार्टी र सेनाभित्र एनक्रुमाविरुद्ध राजनीतिक षड्यन्त्रको खतरा बढ्यो। त्यतिबेला उनले भने, ‘घानाको राजनैतिक र आर्थिक स्तन्त्रता र सार्वभौमिकताको सुनिश्चितता गर्ने समाजवादका लागि एउटा बलियो र प्रतिबद्ध पार्टी नेतृत्व आवश्यक छ।” कार्यकर्ताहरू विस्तारै भ्रष्टाचार र करियरवाद (Careerism) मा फस्दै गएको उनले आभाष गरिसकेका थिए। ती अफ्रिकी कामदार जनताको सेवाबाट विमुख हुने बाटोतिर लाग्दै गरेको देखे।

एनक्रुमाको १९६५ मा चीन र भियतनाम भ्रमणमा जाने तयारी थियो। तर, त्यतिबेला भियतनाममा अमेरिकाको बम वर्षा चल्दै थियो। एनक्रुमाले त्यो रोक्ने प्रचेष्टा पनि गरे तर रोकिएन। तथापि उनी १९६६ फ्रेबअरी २१ मा एसिया भ्रमणमा निस्के। एनक्रुमाले भियतनामलाई सघाउन ८० लाख स्टर्लिङ पाउन्ड लगेको र सैन्य सहायताको सम्झौता गर्ने र घाना पनि भियतनामको साथमा अमेरिकासँग लड्ने हल्ला पिटियो।

भियतनामबाट चीन उड्दै गर्दा घानामा केही दिनअघि सेनाबाट हटाइएको लेफ्टिनेन्ट जेनेरल जोसेफ आन्क्राहले निरक्षर र राजनीतिको ज्ञान नै नभएका सेनालाई हातमा लिई विद्रोह गरेको खबर बाहिरियो। सन् १९६६ फ्रेबअरी २४ को दिन बिहान ५ बजे विद्रोही सेनाको एक कर्नेल एमानुअल क्वासि कोतोकाले

बाँकी पृष्ठ ११ मा

# माओ र स्तालिनको जन्म जयन्ती मनाउने क्रम जारी





### माओ दिवसमा “किसान सङ्घर्ष” बारे अन्तरक्रिया कार्यक्रम

बाँके । नेमकिपा बाँकेद्वारा १३० औँ माओ जयन्ती ‘किसान सङ्घर्ष’ प्रकाशनबारे एक अन्तरक्रिया कार्यक्रम गरी मनाइयो ।

बाँकेको कोहलपुरमा सम्पन्न भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले काङ्ग्रेस, एमाले र माओवादीहरूले सैद्धान्तिक सङ्घर्षभन्दा पनि लोभलालच, डर र धम्की देखाएर जनतालाई प्रभाव पार्न खोज्ने भएकाले तिनका कार्यकर्ताहरूमा झन्झन् पुँजीवादी चिन्तन हाबी हुँदै गएको बताउनुभयो ।

उहाँले देशमा क्रान्तिकारी भूमिसुधार लागु नभएसम्म गरिब किसानका छोराछोरीहरू बिदेसिनुपर्ने बाध्यता नहट्ने भएकोले क्रान्तिकारी भूमिसुधार लागु गरी नेपालको परम्परागत कृषि प्रणालीमा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो । किसानलाई मल, बीउबिजन, सिँचाइ, ढुवानी, बजार व्यवस्थापन र उत्पादनको उचित मूल्य निर्धारण गरिनुपर्ने विचार व्यक्त गर्दै उहाँले अन्नभण्डारको रूपमा परिचित तराई क्षेत्रमा शीतभण्डारहरू निर्माण गरी सिमानाका किसानलाई भारतको भर पर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेमकिपा बाँके जिल्ला समिति अध्यक्ष बखत थापाको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा उहाँले नेपालको किसान आन्दोलनमा पार्टीले खेलेको भूमिका, किसान हकहितको निम्ति पार्टीले गरेको सङ्घर्ष, किसान कार्यकर्ताको एकता र राजनीतिक शिक्षाको विषयमा प्रकाश पार्नुभएको थियो ।

पार्टी जिल्ला समिति उपाध्यक्ष गौरीकान्त आचार्य, नेमकिपा जुम्ला जिल्ला समिति सचिव राजेश्वर देवकोटा, पार्टी कोषाध्यक्ष डिल्ली पुन, सहसचिव सूर्जा थापालगायतले किसान सङ्घर्ष बुलेटिनबारे आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पार्टी जिल्ला समिति सचिव नवीन शाही, पार्टी जिल्ला समिति सदस्य अन्जिरबहादुर शाही, हीराबहादुर शाही तथा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ बाँकेका संयोजक वीरबहादुर चौधरीलगायतले ‘किसान सङ्घर्ष’ बुलेटिनबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।




### शोषणबाट मुक्ति पाउन समाजवादी व्यवस्था आवश्यक

काठमाडौँ । विश्व सर्वहारावर्गका महान् नेता जोसेफ स्तालिनको १४५ औँ र माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा नेपाल क्रान्तिकारी डकर्मी सङ्घको आयोजनामा शुक्रबार अन्तरक्रियात्मक कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एन. महर्जनले कामदार जनताले सुख-सुविधा एवं शान्ति पाउन, शोषणबाट मुक्ति पाउनुका साथै व्यक्तित्व विकासमा समान अवसर पाउने समाजवादी व्यवस्था स्थापनामा योगदान गर्न कार्यकर्ताहरूले स्तालिन र माओबाट शिक्षा लिन आवश्यक छ भन्नुभयो ।

उहाँले मार्क्सवादी सिद्धान्तअनुसार लेनिनको नेतृत्व र स्तालिनको सक्रियतामा सन् १९१७ मा रुसमा समाजवादी क्रान्ति भयो, समाजवादी व्यवस्था पुँजीवादी शासन व्यवस्थाभन्दा निकै राम्रो छ भन्नुभयो ।

उहाँले विश्वको परिवर्तनको लागि तत्कालीन समाजवादी देश सोभियत सङ्घ स्थापनापछिको अवधिमा र वर्तमान समाजवादी देश चीनको अहिलेको योगदानले गर्दाले पुँजीवादीहरू तर्सिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी डकर्मी सङ्घका अध्यक्ष विष्णुराम दुमरुले पुँजीवादी बन्दोबस्तमा सरकार भनेको पुँजीपतिवर्गको सञ्चालक समिति हो; पुँजीवादी पार्टीले कामदार जनताको हितमा काम गर्छ भन्नु बरफ तापेर ताप पाउँछ भन्ने जस्तै हो भन्नुभयो ।

उहाँले जनतालाई समाजवादी विचारबाट प्रेरित गरी क्रान्तिकारी बनाउनु आवश्यक भएको र नेपालका नक्कली कम्युनिस्ट वा संशोधनवादीबाट जनतालाई सचेत गर्नु जरुरी भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी डकर्मी सङ्घका सचिव रमेश दुमरुले नेमकिपाले स्तालिन र माओको योगदानबाट सिकेर देश र जनताको पक्षमा सङ्घर्ष गर्दै आइरहेको बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा मजदुर कार्यकर्ताहरू विक्रम कासिछ्वा, राम दुवाल, कृष्णप्रसाद गोसाई र विष्णुप्रसाद त्वानाबासुले मजदुर वा कामदार जनताबिच भिजी काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

### स्तालिन र माओ त्सेतुङको जन्म दिवसको अवसरमा मार्गनिर्देशन कार्यक्रम

भक्तपुर । विश्व सर्वहारावर्गका महान् नेता स्तालिनको १४५ औँ र माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा भक्तपुर नगरपालिका कर्मचारी एशोसियसन र नेपाल कर्मचारी समाजको आयोजनामा प्रवचन तथा मार्गनिर्देशन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले जनता, कर्मचारी र जनप्रतिनिधिहरूको एक मनको एकताले नमुना नगर बनाउन सफल भएको बताउनुभयो । उहाँले अग्रजहरूको मेहनत र अथक परिश्रमले भक्तपुर आजको स्थितिमा पुगेको हो भन्नुभयो ।

लेनिनवादी सिद्धान्तअनुसार जनताको सेवा गर्न निर्वाचनमा भाग लिएको प्रसङ्ग उल्लेख गर्दै उहाँले निर्वाचन जनताको चेतना स्तर नाप्ने व्यारोमिटर हो भन्नुभयो ।

उहाँले ‘उदारवादको विरोध गर’ भन्ने माओको शिक्षाले मानिसलाई आलोचना र आत्मआलोचनाले असल, इमानदार र अनुशासित बनाउने बताउनुभयो । उहाँले जनवादी केन्द्रीयतामा बहुमतको निर्णय मान्नुपर्ने बताउनुभयो ।

उहाँले संविधान र कानुनको परिधिमा रहेर जनताको सेवा गर्ने बताउँदै समाज, देश र जनताको सेवा गर्नु नै समाजवादी व्यवस्थाको उद्देश्य हो भन्नुभयो ।

भक्तपुर नगरपालिका कर्मचारी एशोसियसनका अध्यक्ष गौतमप्रसाद लासिवाले स्तालिन र माओको विचार समय सान्दर्भिक भएकोले त्यसबाट सिक्नुपर्ने बताउनुभयो ।

उहाँले स्तालिनको नेतृत्वको रुसले हिटलरलाई पराजित गरी विश्वलाई साम्राज्यवादबाट बचाएको थियो भन्नुभयो ।

अर्थशास्त्र अध्ययन समाजका अध्यक्ष मुरज दिदियाले स्तालिनको जीवनी, दिलकृष्ण माकले सही विचार के हो भन्ने माओको लेख, रामकृष्ण प्रजापतिले माओका व्यक्तित्वका आयामहरू, विद्यालक्ष्मी प्रजापतिले माओको जीवनीबारे बताउनुभयो भने विकास प्रजापति र राजेश दिस्तीले पनि स्तालिन र माओको विचारबारे बोल्नुभएको थियो ।

### क्रान्तिकारी शिक्षकहरुद्वारा स्तालिन र माओ त्सेतुङको स्मरण

भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला तथा नगर समितिको संयुक्त आयोजनामा पुस २० गते गणेश माविमा जोसेफ स्तालिनको १४५ औँ र माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा स्मरण प्रवचन सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले बौद्धिक सक्षमताको लागि शिक्षकहरू अध्ययनशील र व्यावहारिक हुनुपर्ने बताउँदै आफ्नो देशको विश्व समुदायमा राष्ट्रियता र देशभक्तिको भावना प्रस्तुत गर्न सक्ने तयार गर्नुपर्ने बताउनुभयो ।

उहाँले सरकारको कमजोर वैदेशिक कूटनीतिको कारण नेपाली युवासँगै खोलानालाजस्ता प्राकृतिक स्रोत पनि भारत हुँदै बिदेसिएको बताउँदै चिनियाँ कम्युनिस्ट पार्टीको इतिहास र वर्तमान समयमा चीनले गरेको प्रगतिमा माओ त्सेतुङको जनताको सेवा गर भन्ने भावनाले साकार भएको बताउनुभयो ।

कार्यक्रमका सभापति तथा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुरका अध्यक्ष गणेश थुसाले स्तालिन तथा माओ त्सेतुङले परिवारको त्यागसहितको बलिदान र सहयोगले विश्वमा मार्क्सवादको भौतिक पक्षले व्यावहारिकता पाएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा नगर समिति भक्तपुरका अध्यक्ष नारायणबहादुर दुवाल, आधारभूत विद्यालय समिति भक्तपुरका अध्यक्ष दीपक माक, बासु माविका प्रअ अम्बिका न्याइच्याई, शिक्षक विष्णुप्रसाद दुमरुलगायत काभ्रेका शिक्षक प्रतिनिधि कृष्णबहादुर तामाङले पनि बोल्नुभयो ।

### ललितपुरमा अन्तरक्रियात्मक गोष्ठी

ललितपुर । विश्व सर्वहारावर्गका गुरु माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी खोनाबुङ्गाको आयोजनामा ललितपुर महानगरपालिका वडा नम्बर २१ मा पुस १७ गते अन्तरक्रियात्मक गोष्ठी भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एनबी श्रेष्ठले अध्यक्ष माओले हरेक कार्यकर्तालाई जनताको सेवा गर भन्ने भावनाबाट जीवन पद्धतिको रूपमा स्थापित गर्नुभएको थियो भन्नुभयो ।

जनवादी गणतन्त्र चीनको योगदानको चर्चा गर्दै उहाँले भन्नुभयो, “ल्याटिन अमेरिका, अफ्रिका, एसिया महादेशका धेरै देशको भौतिक, शैक्षिक, सामाजिक, औद्योगिक, वातावरण संरक्षण तथा कृषि क्षेत्रको विकासमा चीनको सहयोग महत्त्वपूर्ण छ ।”

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मार्क्सवादी सिद्धान्तअनुसार चीनमा जनवादी क्रान्ति र सोभियत रुसमा समाजवादी क्रान्ति सफल भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सचिव राजवीर डंगोलले गलत काम र कुराको विरोध गरेन भने पछि क्यान्सरको रूप लिने हुँदा समयमै आलोचना गर्नुपर्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सचिव नरेश महर्जनले लेनिनले भन्नुभए जस्तै क्रान्ति गर्न धेरै गाह्रो छ तर क्रान्तिपछि त्यसलाई संरक्षण गर्नु त्योभन्दा हजार गुणा गाह्रो छ भन्नुभयो ।

सभापतिको आसनबाट नेमकिपा ललितपुरका कवीन्द्र डंगोलले बहुआयामिक व्यक्तित्वका धनी अध्यक्ष माओको कुशल नेतृत्व, सक्षम रणनीति र कार्यनीतिका साथै चीनमा देशभक्त र समाजवादी भावनाले प्रेरित धेरै युवा नेता तथा कार्यकर्ताहरूको समर्पण र त्यागको कारण चीन पुन:जागृत भएको हो भन्नुभयो ।

कार्यक्रममा इन्द्र महर्जन, ममिता श्रेष्ठ, अनिष महर्जनले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

### साङ्गठनिक सिद्धान्त र विचारले मात्र आमूल परिवर्तन सम्भव

भक्तपुर । “सिद्धान्त र विचारविनाको पार्टीले देश र जनताको लागि केही गर्नसक्दैन । साङ्गठनिक सिद्धान्त र विचारले मात्र आमूल परिवर्तन सम्भव तुल्याउँछ ।”

उक्त भनाइ नेपाल मजदुर किसान पार्टी ९ वडा सूर्यमढी प्रारम्भिक समितिको आयोजनामा भएको १३० औँ माओ र १४५ औँ स्तालिनको जन्म जयन्तीको अवसरमा पुस १८ गते बुधबार आयोजित कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले व्यक्त गर्नुभएको हो ।

‘उदारवादको विरोध गर’ भन्ने अध्यक्ष माओको भनाइलाई लागु गर्नुपर्ने र आलोचना आत्मालोचना सधैँ भइरहनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, “सङ्गठन र विचार पार्टीको लागि अक्सिजनजस्तै हो ।”

हरेक व्यक्तिलाई विचारबाट सुसूचित नगरिए ठुला पार्टीजस्तै अपराधीहरूको झुन्डमात्र हुनेतर्फ केन्द्रीय सदस्य गोसाईले सचेत गर्नुभयो ।

उहाँले भन्नुभयो, “माओको दूरदर्शी विचारकै कारण हालको चीन बनेको हो । जस्तोसुकै अमेरिकी षड्यन्त्रले चीनलाई असर पार्न नसकेको हो । अमेरिकाले रसिया र चीनलाई आक्रमण गर्न युक्रेनलाई उपयोग गरी ‘प्रोक्सिवार’ गरिरहेको छ । विज्ञान, प्रविधि र आविष्कारमा चीन पछि परेको छैन ।”

“स्तालिनले सोभियत रूस र माओले चीनमा समाजवादी व्यवस्थाको लागि गर्नुभएको सङ्घर्षबाट नेपाली जनताले पाठ सिक्नुपर्छ”, केन्द्रीय सदस्य गोसाईले भन्नुभयो ।

भनपा वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले वडाका गतिविधिबारे जानकारी दिनुभयो ।

वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छाले उदारवाद र समाजवादलाई सँगसँगै लाने विभिन्न पार्टीको कदम गलत भएको स्पष्ट पार्दै कम्युनिस्ट सिद्धान्त नमान्ने नेपालका कम्युनिस्ट पार्टीहरूले जनतालाई धोखा दिएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष दिलभक्त कोजु, उपाध्यक्ष काशिलाल प्रजापति र प्रेम प्रजापतिले पनि कार्यक्रममा बोल्नुभएको थियो ।




### सचेत र सङ्गठित जनशक्तिबाटै चीनमा जनवादी क्रान्ति

काठमाडौँ । नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौँ जिल्ला समितिको आयोजनामा पुस १७ गते मङ्गलबार क्षेत्रपाटीमा माओ त्सेतुङको जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले अध्यक्ष माओले चिनियाँ जनतालाई राजनीतिक र वर्गीयरूपले सचेत पारी जनवादी क्रान्ति गरेको विचार व्यक्त गर्नुभयो ।

सङ्गठित र सचेत जनशक्तिबाटै अध्यक्ष माओले सन् १९४९ मा जनवादी गणतन्त्र ल्याउन सफल भएको उल्लेख गर्दै उहाँले जनताको घर-आँगनमा पुगेर जनताको समस्या बुझ्न र सांस्कृतिक स्तर उठाउन सांस्कृतिक क्रान्ति गरेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले देशका युवाहरूलाई विदेशबाट सिकेको ज्ञान, अनुभवबाट आफ्नो देशको जनताको सेवा गर्न माओले सुसूचित पारेको स्पष्ट पार्दै कम्युनिस्ट भनिने सत्तारुढ पार्टीले देशमा कम्युनिस्ट आन्दोलन र समाजवादी क्रान्ति पछि धकेल्न भारतीय एकाधिकार पुँजीको सेवा गरिरहेको बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले माओको जीवनमा जस्तोसुकै कठिन परिस्थिति आए पनि शत्रुसामु नझुकी चिनियाँ जनक्रान्तिको निम्ति अघि बढेको बताउनुभयो ।

नेमकिपा काठमाडौँका सदस्य ज्ञानीमैयाँ दराईले सत्तारुढ कम्युनिस्ट भनिने पार्टीहरू विदेशी दलाल भइरहेकोमा चिन्ता व्यक्त गर्दै नेपालका कम्युनिस्टहरूले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई नेपालको देश, काल र परिस्थितिअनुसार लागु गर्न अघि सर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

किसान कार्यकर्ता राम श्रेष्ठले हरेक कार्यकर्ताहरू देश र जनताको सेवामा समर्पित भएर क्रान्तिको निम्ति अघि सर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

अर्का अग्रज किसान कार्यकर्ता नरमान महर्जनले कम्युनिस्ट पार्टीको सरकारले वृद्ध वृद्धाहरूको जीवन सुनिश्चित गर्ने उल्लेख गर्नुभयो ।

नेक्राकिसङ्घ काठमाडौँ जिल्ला समितिका अध्यक्ष हरिशरण श्रेष्ठले बहुमत जनताको सुखको निम्ति पुँजीवादी व्यवस्थाको अन्त्य गरी समाजवादी व्यवस्था स्थापना गर्नुपर्छ भन्नुभयो ।

उक्त कार्यक्रममा मन्दिरा डंगोल, बन्दना श्रेष्ठ, काशीलाल डंगोलले विश्वका शान्तिप्रेमी र न्यायप्रेमी जनता साम्राज्यवादी नीतिको विरोधमा सङ्घर्ष गरिरहेको बताउनुभयो ।

### सिकर्मीहरूमाझ स्तालिन र माओ जयन्ती मनाइयो

भक्तपुर । भक्तपुर सिकर्मी सङ्घको आयोजनामा विश्व सर्वहारावर्गका गुरुहरू स्तालिन र माओ त्सेतुङको जन्म दिवसको अवसरमा पुस १८ गते बुधबार प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले जोसेफ स्तालिन र माओ त्सेतुङ देश र जनताप्रति समर्पित भएर निरन्तर लागेकै कारण रुस र चीनमा समाजवादी क्रान्ति सफल भएको बताउनुभयो ।

देश र जनताको सेवामा सङ्घर्षरत नेताहरूको जीवनी अध्ययन गरी अध्ययनबाट सिकेको कुरा जनतामाझ पुर्‍याउनुपर्नेमा जोड दिँदै उहाँले नेतृत्व क्षमता अभिवृद्धि गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका जिल्ला अध्यक्ष उपेन्द्र सुवालले सत्ताधारी कम्युनिस्टहरू नक्कली भएकै कारण देश परनिर्भर हुँदै जनताले दु:ख पाइरहेको बताउनुभयो ।

*बाँकी पृष्ठ ९ मा*

## 'हिटलरयुगन्ड' वा आईएस आईएस इजरायल

# यहुदी धर्मलाई राष्ट्रवादमा ढाल्ने कूक बाबुछोरा

✍ इलान पापे

उत्तरी गोलार्द्धका मूलधारे मिडिया र सरकारहरूले प्यालेस्टिनी राजनीतिक दल हमासलाई आतङ्कवादी सङ्गठन आईएस आईएस (ISIS) सँग दाँज्छन्। इजरायलकै लगातारको जोडबलको वरपर रहेर यस्तो तुलना गरिन्छ।

यो तुलना तथ्यपरक छैन। बरु धेरै अध्ययनबाट (यशुफेरि जन्मिने र निश्चित मानव समूहको उद्दार गर्ने कुरामा विश्वास गर्ने) मसिहावादी जड आग्रह र हिंसा आपसमा नङमासु भएको तथ्य स्थापित भएको छ। हमास र इजइजबिचको तुलना प्यालेस्टिनी होइन, बरु इजरायली हो।

यो तुलना कूक खानदानका दुई अति सम्मानित यहुदीवादी रब्बाइ वा पुजारीका उपदेशहरूबाट जन्मिएको हो। यी रब्बाइ नाताले बाबुछोरा थिए।

पहिले बाबुबाट सुरु गरौं। अब्राहम इत्जाक कूक (१८६५-१९३५) लाट्भियामा जन्मेका थिए। लाट्भिया पहिले रुसको भाग थियो। समयक्रममा अब्राहम इत्जाक कूक धार्मिक यहुदीवादका पिता बन्न पुगे।

यो पहिले लाट्भिया रुसको भाग थियो। अहिलेका इजरायलका राजनीतिक शासकहरूमा मसिहावादी, जातिवादी र कट्टरपन्थी विचारधाराको उपस्थिति र प्रभाव दुवै छ। तिनीहरूले धार्मिक रूपमा रब्बाइ कूक र उनका छोरा जभी यहुदा हाकोहेन कूक (सन् १८९१-१९८२) को शिक्षा र योजना अपनाउन खोज्दै छन्।



### बाबु कूक

तर पहिले बाबु कूकको बारेमा चर्चा गरौं।

अब्राहम कूक सन् १९०४ मा प्यालेस्टिनमा ओर्ले। पुरातनपन्थी यहुदी दृष्टिकोणलाई चुनौती दिने उनी सबैभन्दा महत्त्वपूर्ण रब्बाइ बने।आज पनि धेरै मानिसहरू पुरातनपन्थी यहुदी सम्प्रदाय मान्छन्। यो सम्प्रदाय मान्नेहरू 'यहुदीवाद भनेको ईश्वरको चाहनामा भाँजो हाल्ने प्रयास हो, त्यसैले यसको पक्ष लिनुहुन्न' भन्छन्।

सन् १९१८ देखि १९४८ सम्म प्यालेस्टिनमा बेलायती उपनिवेश थियो। बेलायत शासित प्यालेस्टिनको यहुदी समुदायका प्रमुख रब्बाइ थिए बाबु कूक। उनले (प्यालेस्टिनमा यहुदी राज्य निर्माण गर्ने) यहुदीवादी परियोजनालाई धार्मिक संरक्षण दिए।

आफ्नो पदको उपयोग गर्दै कूकले प्यालेस्टिनमा यहुदीहरूको हक लाग्छ र यो नै ईश्वरको इच्छा हो भनी उपदेश बाँडे। उनले विश्वभरिका यहुदीहरूलाई प्यालेस्टिनमा बोलाएर उपनिवेश बनाउनका लागि रब्बाइहरूले सकेको सबथोक गर्नुपर्छ भने।

सन् १९२० को दशकमा कूक जेरुसेलमको रोदन पर्खाल आसपासका रैथाने जनतालाई धपाउनुपर्ने माग राखी अत्यन्त सक्रिय थिए। उनले तिनलाई भगाएपछि क्षतिपूर्ति दिनुपर्ने विचारमा थिए। यो विचार सन् १९६७ को जून युद्धपछि इजरायलले कार्यान्वयन गर्ने प्रयास गरेको थियो।

'मर्काज हाराभ' नामक शैक्षिक संस्था स्थापना गर्नु कूकको सबैभन्दा मुख्य विरासत थियो। यसको अर्थ 'रब्बाइ केन्द्र' हुन्छ।

धार्मिक यहुदीवादको इतिहासमा यो संस्थाको अलग्गै महत्त्व छ। यही संस्थामार्फत कूकका छोरा रब्बाइ जभी यहुदा हाकोहेन कूकको अत्यन्त ठूलो प्रभाव फैलियो।

### छोरा कूक


अब छोरा कूकको बारेमा कुरा गरौं। जभी कूक मसिहावादी आन्दोलन 'गुश एमुनिम' का सच्चा वैचारिक जन्मदाता थिए। सन् १९६७ को युद्धपछि सोही आन्दोलनमार्फत अतिक्रमित पश्चिम किनारा र गाजापट्टीलाई यहुदीकरण गरिएको थियो।

वर्षौं बितिसके। त्यो आन्दोलन इजरायली राजनीतिक व्यवस्थाको किनाराबाट केन्द्रतिर सर्दै गयो। वास्तवमा त्यस आन्दोलनका केही सदस्यहरूले विभिन्न समयमा इजरायली सरकारका महत्त्वपूर्ण मन्त्री पद सम्हालिसकेका छन्।

सन् १९८२ मा जभी कूकको निधन भयो। त्यसबेलासम्म जभी कूक प्यालेस्टिनको ऐतिहासिक भूमिलाई उपनिवेश बनाउनु धार्मिक दृष्टिले अपरिहार्य छ भन्ने विचारमा आफ्ना बाबुभन्दा पनि प्रतिबद्ध भइसकेका थिए। यहुदी जनताको मुक्ति नजिक ल्याउनु छ भने प्यालेस्टिनको औपनिवेशीकरण अनिवार्य छ भन्ने विचारमा उनी दृढ थिए।

सन् १९६७ देखि १९७७ सम्म इजरायली शासनको बागडोर लेबर पार्टीको मुठ्ठीमा थियो। छोरा कूकको आवाज कुनामा दबिरह्यो। यद्यपि, इजरायल सरकार पश्चिम किनारा र गाजापट्टीलाई यहुदीकरण गर्ने प्रक्रियामा प्रत्यक्ष संलग्न भइरह्यो। यसको लागि सरकारले रैथाने प्यालेस्टिनीहरूलाई धपाउने र कहिलेकाही हत्याकाण्ड मच्चाउने गर्थ्यो। तर, सरकारी विचारधारा बेग्लै थियो। ऊ धर्मनिरपेक्ष समाजवादी शैलीको यहुदीवादमा विश्वास गर्थ्यो।

सन् १९७७ मा लिकुद पार्टी सत्तामा आयो। लगत्तै बसोबासीहरूको आध्यात्मिक नेताको रूपमा जभी कूकको महत्त्व एकाएक बढ्यो। त्यसबेलायी बसोबासीहरूले प्यालेस्टिनी पश्चिम किनाराको ठूलो भूभागलाई उपनिवेश बनाइरहेका थिए। यसको अर्थ यहुदी बसोबासीहरूले प्यालेस्टिनी रैथानेहरूको बाक्लो आवादी रहेको



स्थानको मुटुमै आफ्ना चौकीहरू बनाइरहेका थिए।

यस्तो आक्रामक औपनिवेशीकरणले गर्दा पश्चिम किनारा तीव्र गतिमा अरबी प्रभावबाट मुक्त हुने सोचिएको थियो। प्यालेस्टिनीहरूका सम्पूर्ण स्रोतसाधन खोसेर; जमिन, जलबाट बेदखल तथा श्रम बजारबाट वञ्चित गरेर प्यालेस्टिनीहरूमाथि दबाब बढाउने सोचिएको थियो।

यही निर्मम विधिमा अगाडि बढ्दै इजरायली सेनाले दैनिक प्यालेस्टिनी रैथानेमाथि दुर्व्यवहार र हिंसा गर्न थाल्यो। बेलाबेला उसले च्याउसरी उम्रिएका अवैध यहुदी बस्तीआसपास प्यालेस्टिनीहरूलाई हाकाहाकी मार्ने र घाइते पार्ने गर्न थाल्यो।

सबै इजरायली सरकारलाई सजिलो भयो। प्रत्येक इजरायली सरकारले बस्ती विस्तारका यी योजनाहरू सरकारी संरक्षणबिनै भइरहेको स्वाङ पारिहे। उनीहरू झूटा थिए। वास्तवमा पश्चिम किनारामा भएका बसोबासीहरूको अतिक्रमणमा सैन्य कमान्डरहरूको सिधा समन्वय हुन्थ्यो। ती गतिविधिलाई पछि गएर सरकारले अनुमोदन गर्थे।

भिजिलान्ते र गुन्डाहरूका यी समूह प्रायः 'रब्बाइ केन्द्र' का विद्यार्थी थिए। यिनीहरू जभी कूकको धार्मिक नीति निर्देशनमा प्यालेस्टिनीहरूविरुद्ध काम गर्थे। उनीहरू कथित 'इजरायली भूमि' (एरेत्ज इजरेल) को एक इन्च पनि 'अरूलाई दिन' बाट सरकारलाई रोक्थे।

जभी कूक र उनका शिष्यहरू 'एरेत्ज इजरेल' मा जोर्डनलाई पनि गाभ्ने योजनामा थिए।

इजरायलमा औपनिवेशीकरणको यो क्रूर रूपको प्रशंसा गर्ने धर्मनिरपेक्ष यहुदीहरू थोरै मात्र थिए।थोरैले मात्र त्यसलाई बेलायती शासनकालको प्यालेस्टिनको 'गौरवपूर्ण' औपनिवेशीकरणको सिलसिला मान्थे।

### 'पहाडी युवा'

कूकवादको सबैभन्दा चरम रूप 'नोर हा-गेभोत' थियो। यसको अर्थ 'पहाडी युवा' हुन्छ।

यो समूहमा सयौं युवा थिए। ती युवालाई सन् १९९८ मा इजरायली प्रधानमन्त्री एरियल श्यारोनले 'पश्चिम किनाराका खाली पहाडहरू कब्जा गर्न र त्यहीं बसोबास गर्न' उक्साएका थिए। यी कार्य पछि फर्किन नमिल्ने'मैदानी सत्य'स्थापित गर्ने नीतिअन्तर्गत भएको थियो। यो पश्चिम किनारालाई पूर्ण यहुदीकरण गर्ने नीति थियो।

'पहाडी युवा' को निर्देशिकालाई 'ताग मेहर' भनिन्थ्यो। त्यसको अर्थ राजकुमार ताग हुन्थ्यो। प्यालेस्टिनी खेतबारी, कार, व्यवसायिक स्थल र खानीहरूमा बिनाकारण हिंस्रक हमला गर्नु नै यो निर्देशिकाको सार थियो।

'पहाडी युवा' समूहका सदस्यहरूले यी हमला गर्दा प्रायःजसो मस्जिद वा चर्चमा आगो लगाइदिन्थे। कहिलेकाही हमला त्योभन्दा पनि विभत्स हुन्थ्यो। कहिलेकाही तिनीहरू मानिसहरूलाई तिनको घरमा थुनेर जिउँदै लगाउँथे भने कहिले मानिसहरूलाई एक ठाउँमा भेला पारेर एकै चिहान बनाउँथे। यस्ता हत्याकाण्ड भइरहेको बेला इजरायली सैनिकहरू नजिकै बसेर आफ्ना युवाहरूका आततायी कार्यको रमिते बन्थे।

पछिल्ला वर्षहरूमा यो मसिहावादी समूह धेरैचोटि व्यवस्थित रूपमा इजरायलमै पर्ने अक्का, हाइफा, जाफा, अल-लिद र अल-रमलेहका प्यालेस्टिनी टोलमा पस्ने गरेको छ। यी बस्तीहरूमा यहुदी र प्यालेस्टिनी दुवैको मिश्रित बसोबास छ।

'पहाडी युवा' समूह युवाले प्यालेस्टिनी भूभागबिच 'सिकाइ केन्द्रहरू' स्थापना गर्छन् र निरन्तरजसो रैथाने प्यालेस्टिनीहरूलाई सताउँछन्। यी बसोबासीहरूले प्यालेस्टिनी समुदायविरुद्ध दङ्गा भड्काउन अहम् भूमिका खेल्दै आएका छन्। यिनीहरूकै उक्साहटमा सन् २०२१ को मे महिनामा '४८ अरब हत्याकाण्ड घटेको थियो। हालैका वर्षहरूमा 'पहाडी युवा' ले आफ्नो हिंस्रक पहिचानपत्रीमा अर्को घिनलाग्दो हत्या दर्ज गर्‍यो। त्यसका सदस्यहरूले अल-हरम अल-शरिफमा छापा मारे। यो प्यालेस्टिनी मुसलमानहरूको सर्वाधिक पवित्रस्थल हो। 'पहाडी युवा' का लडाकुहरूक्षेत्रीय द्वन्द्वको फिल्को बाल्न चाहन्छन्। क्षेत्रीय लडाईं भयो भने अल-अक्सा मस्जिदमा आगो लगाउने र त्यसका खण्डहरमा कथित 'तेस्रो मन्दिर' निर्माण गर्ने उनीहरूको सोच छ। 'तेस्रो मन्दिर' को स्थापनासँगै यहुदी मसिहाको आगमन हुने उनीहरूले आशा लिएका छन्।

### यहुदी सत्ता र धार्मिक यहुदीवाद

सन् २०२२ नोभेम्बरको निर्वाचनपछि 'पहाडी युवा' चर्को महामारी बन्न पुगेको छ। निर्वाचनमा दुई राजनीतिक दलले सो समूहलाई समर्थन गरे। ती दल हुन् ओज्मा यहुदित (यहुदी सत्ता) र हाजियोनत हादातित (धार्मिक यहुदीवाद)। इजरायली संसद् नेसेतमा अहिले यी दुवै दलको उपस्थिति बढेको छ। यही गठबन्धनको टेकोमा उभिएर अहिले दक्षिणपन्थी इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले सरकार चलाइरहेका छन्। यी अतिवादी दलका प्रतिनिधिहरूवर्तमान इजरायली सरकारमा मन्त्री छन्। बेजालेल स्मोत्रिच वित्तमन्त्री छन् भने इतामर बेन गभिर राष्ट्रिय रक्षा मन्त्री छन्। बेन गभिर पहिले 'पहाडी युवा' का भिजिलान्तेहरूका वकिल थिए।

स्मोत्रिच र बेन गभिरका साथै तिनीहरूको दलका अन्य मन्त्रीहरू अक्टोबर ७ पछिको घटनाक्रमबिच बनेको सानो इजरायली युद्धकालीन मन्त्रिपरिषद्का सदस्य होइनन्। तसर्थ, अहिले गाजामा इजरायली सेनाले अवलम्बन गरिरहेको जातिसंहारक नीतिमा तिनीहरूको प्रभाव पनि कम छ।

यद्यपि अर्को चरणको इजरायली कदम निर्धारण गर्नमा भने तिनीहरूले महत्त्वपूर्ण भूमिका खेल्नेछन्। तिनीहरू गाजापट्टीमा पुनः यहुदी बस्तीहरू निर्माण गर्ने ताकमा छन्।

यी अतिवादी नेताहरूले पहिले नै अतिक्रमित पश्चिम किनाराका प्यालेस्टिनी रैथानेहरूमाथि नृशंस आक्रमण बढाउनमा ठूलो भूमिका खेलेका थिए। सन् १९४८ मा भागेका प्यालेस्टिनी अरबीहरूमाथि जातिवादी हमला गर्न र उनीहरूमाझ सन्त्रास फैलाउने नयाँ अभियानमा यी नेताहरूले अगुवाइ गर्दै आएका छन्।

यसअघि यी अतिवादीहरूले मासाफेर यात्ताका गाउँहरूमा लगातार हमला गर्नमा सफलता पाएका थिए। यी गाउँहरू दक्षिणी हाब्रोन पहाडमा पर्छन्। इजरायली सेनाको मद्दतले यिनीहरूले ती हमला गराएका थिए। अतिवादी हमलाका कारण हजारौं प्यालेस्टिनी गाउँलेहरूले घरबार छोडेर भाग्नुपरेको थियो। एकपछि अर्को इजरायली सरकारहरूले वर्षौंदेखि यी क्षेत्रलाई 'अरबीमुक्त' बनाउन चाहेका थिए। नेगेभ (नकाब) बाट जोर्डन नदीको किनारसम्म यहुदीहरूको एकछत्र बस्ती बसाउने इजरायली योजनामा यी गाउँहरू तगारो बनेका थिए।

धार्मिक यहुदीवादका केही प्रतिनिधिहरूले अहिले इजरायली गुप्तचर निकाय तथा सेनाको उच्च पदमा ठाउँ बनाइसकेका छन्।

तिनीहरूको उद्देश्य घेरा बन्द गर्नु हो। २० औं शताब्दीको आरम्भतिर बस्ती बसाएर उपनिवेश जमाउने अभियान चलाएका एक रब्बाइले यो घेरा कोर्न सुरु गरेका थिए। यहुदी धर्मलाई राष्ट्रवादमा ढाल्ने योजनाका साथ यो घेरा सुरु भएको थियो। धर्मनिरपेक्ष यहुदीवादले प्यालेस्टिनी जनतालाई पूर्ण रूपमा नष्ट गर्न असफल साबित भए त्यही बिन्दुबाट नयाँ सम्प्रदायले त्यो काम फत्ते गर्ने सोचिएको थियो। घटनाक्रम अहिले त्यतै मोडिएको छ।

मोशे जिमरमान आधुनिक जर्मनीबारे इजरायलका अग्रणी इतिहासकार हुन्। सन् १९९५ मा उनले कूकका शिष्यहरूलाई एउटा गिरोहसँग तुलना गरेका थिए। नाजीवाद आफ्नो उत्कर्षमा छँदाका कालरात्रीहरूमा यहुदीहरूलाई आतंकित पार्ने एउटा गिरोह थियो। त्यस गिरोहबारे उनले एक इजरायली अखबार 'यदियोथ अह्रोनोत' मा यसरी अन्तर्वार्ता दिएका थिए :


"इजरायली समाजमा एउटा जमात नै जसलाई म नहिच्किचाई नाजीहरूको नक्कल भनी किटान गर्छु। हाब्रोनका यहुदी बसोबासीहरूका छोराछोरीहरूतिर हेर्नुस्, तिनीहरू ठ्याक्कै 'हिटलरयुगन्ड' जस्ता छन्। तिनीहरूको बुद्धि कोक्राबाटै भाँडिएको छ। तिनलाई अरबीहरू खराब हुन्छन्, यहुदीविरोधी हुन्छन्, संसारमा सबैजना हामीविरुद्ध उभिएका छन् भनी सिकाइन्छ। यस्तो माहोलमा तिनीहरू उन्मादी जातिवादी बन्छन्। सही अर्थमा तिनीहरू 'हिटलरयुगन्ड' बन्छन्।"

जिमरमानले सत्य बोले।

(इलान पापेबेलायतको एक्सेटर विश्वविद्यालयका प्रोफेसर हुन्। पहिले उनी हाइफा विश्वविद्यालयमा राजनीति विज्ञान अध्यापन गर्थे। उनी 'प्यालेस्टिनको जातीय सफाया', 'आधुनिक मध्यपूर्व', 'आधुनिक प्यालेस्टिनको इतिहास : एक देश दुई जनता' र 'इजरायलबारे दस मिथक' जस्ता प्रसिद्ध पुस्तकका लेखक पनि हुन्। राम्जी बारोसहित 'मुक्तिको हाम्रो योजना' का उनी सहसम्पादक थिए। पापेलाई इजरायलका 'नव इतिहासकारहरू' मध्ये एक मानिन्छ। सन् १९८० को दशकमा बेलायत र इजरायली सरकारले गोप्य र अति महत्त्वपूर्ण दस्तावेजहरू सार्वजनिक गरेपछि इजरायली इतिहास लेखनमा यो धार सशक्त बनेको थियो। यस धारका इतिहासकारहरूले सन् १९४८ मा इजरायलको स्थापना हुँदा देखिको इतिहासलाई पुनः लेखन गरेका थिए र विश्वबाट लुकेका अनेक तथ्यहरू बाहिर ल्याएका थिए। स्रोत : एमआर अनलाइन। सम्पक)

# मिडिया स्वतन्त्रता गठबन्धन वा भ्रामक र मूर्ख बनाउने गठबन्धन ?

✍ जियांग यिचु




संसारभरका मानिसहरूले नयाँ वर्षको सुरुवात गर्ने तयारी गरिरहेको बेला दुष्ट दिमागका योजनाकारहरूले चीनको हङकङ विशेष प्रशासनिक क्षेत्र (HKSAR) मा 'छिद्रहरू' छान्न म्यागिनफाइङ्ग ग्लास (सूक्ष्मदर्शक काँच) प्रयोग गरिरहेका थिए । सन् २०२३ को अन्तिम दिन, मिडिया फ्रिडम कोलिसन (एमएफसी) को नाममा अमेरिका, बेलायत र अन्य देशका सरकारहरूले हङकङको र स्वतन्त्रतामाथि चिनियाँ मुख्य भूमिको 'जारी आक्रमण' प्रति गहिरो चिन्ता रहेको भन्दै हङकङमा तथाकथित स्वतन्त्र स्थानीय मिडियाको प्रेस र दमनबारे एक विज्ञप्ति जारी गरे ।"

एमएफसी भनेको के हो ? यो एक आधिकारिक अन्तर्राष्ट्रिय मिडिया सङ्गठनजस्तो सुनिन्छ । वास्तवमा यो 'परिवर्तित' राजनीतिक क्लबभन्दा फरक छैन, जसमा केही पश्चिमी देशहरू एकअर्कासँग सहकार्य गर्छन् र उनीहरूको स्वार्थअनुकूल धारणाहरू जारी गर्छ ।

यसपटक एमएफसीले विस्तृत रूपमा एउटा कथा बनायो कि हङकङ विशेष प्रशासनिक क्षेत्रको सरकारले स्ट्यान्ण्ड न्यूज (Stand News) टोली र एप्पल डेली (Apple Daily) का संस्थापक जिमी लाइलाई लामो समयसम्म अभियोगहरू चलायो, पत्रकारहरूलाई सरकारी प्रेस ब्रीफिंगहरू कभर गर्नबाट रोक्यो र सार्वजनिक प्रसारण अभिलेखबाट सामग्री हटायो । यद्यपि, जहाँसम्म हामीले देख्न सक्छौं, कथन केबल भ्रूटा प्रचारको खेल हो र ठोस प्रमाणको अभाव छ ।

यद्यपि कथनले 'कठ्याङिग्रदो प्रभाव,' 'सम्पादकीय स्वतन्त्रताको हानि' जस्ता डरलाग्दो शब्दहरू प्रयोग गरेको भए तापनि गठबन्धनले माथि उल्लिखित प्रतिबन्ध र हटाउनेबारे विस्तृत जानकारी प्रदान गर्न सकेन, जसले मानिसहरूको मनसायको बारेमा शङ्का उत्पन्न गर्दछन् ।

एमएफसी एक विशेष राजनीतिक समूहद्वारा सिर्जना गरिएको थियो र यसको प्रकृतिले हङकङ विशेष प्रशासनिक क्षेत्रमा मौखिकरूपमा आक्रमण गर्न प्रयोग गरिएको अर्को भाडामा लिइएको ठगबाहेक केही होइन । यदि एमएफसीद्वारा वकालत गरिएको प्रेस स्वतन्त्रतालाई यसको सिद्धान्तहरूको अभेद्य र अटुट सिद्धान्त मानिन्छ भने गठबन्धनले यस 'महान् मूल्य' प्रति आफ्ना सदस्यहरूको मनोवृत्तिलाई पुनर्विचार गर्नुपर्छ, विशेषगरी जब तिनीहरूको इलाकामा केही अपमानजनक घटना हुन्छन् । यो तर्क धेरै उदाहरणहरूद्वारा प्रस्ट हुन्छ कि कसरी केही पश्चिमी देशहरूको दोहोरो मापदण्ड र कपटको 'योग्यता' एमएफसीद्वारा विरासतमा प्राप्त गरेको छ । जुन २०२१ मा अमेरिकी न्याय विभागले प्रतिबन्धहरू उल्लङ्घन गरेको आधारमा ३० भन्दा बढी इरानी मिडिया वेबसाइटहरू बन्द गऱ्यो । २०२० मा संरा अमेरिकाले २० भन्दा बढी चिनियाँ पत्रकारहरूलाई निष्कासन गऱ्यो र अन्धाधुन्ध रूपमा सबै चिनियाँ पत्रकारहरूको भिसालाई तीन महिनासम्म छोटो अवधिमा भ्रूाऱ्यो । यी सञ्चारकर्मी र पत्रकारहरूले भोग्नुपरेको अवस्थालाई एमएफसीले किन यस्तो कठोर बेवास्ता गरेको हो ?

वास्तवमा, केही पश्चिमा राजनीतिज्ञहरूका लागि प्रेस स्वतन्त्रताले मानवअधिकारको रक्षाको लागि एउटा स्पष्ट कारणको रूपमा मात्र काम गर्दैन, तर उनीहरूका तथाकथित विरोधीहरूलाई प्रतिस्पर्धाबाट हटाउने र चकित पार्ने एउटा मूल्यवान अस्त्र पनि हो । यदि कसैले उनीहरूको फोहोर मामिलामा हस्तक्षेप गर्छ भने यो धेरै सम्भव छ कि उनीहरूलाई ती लुगा लगाएका सज्जनहरूद्वारा विश्वको मोस्ट वान्टेड सूचीमा राखिनेछ र जुलियन असान्ज र एडवर्ड स्नोडेनजस्ता साहसिक पत्रकारहरूका प्रेस स्वतन्त्रतालगायतका मानवअधिकारहरूलाई बेवास्ता गरिनेछ ।

हङकङ विशेष प्रशासनिक क्षेत्र सरकारका प्रवक्ताका अनुसार हाल सरकारमा २१३ स्थानीय, मुख्य भूमि र विदेशी मिडिया सङ्गठनहरू दर्ता छन्, जुन २०१८ को तुलनामा ३९ प्रतिशतले बढेको छ । जबसम्म सञ्चारकर्मीहरूले कानूनको पालना गर्छन्, तबसम्म सरकारको टिप्पणी र आलोचना गर्ने स्वतन्त्रता हुन्छ । नीतिहरू प्रतिबन्धित हुनेछैन । त्यसोभए किन यस्तो सौम्य परिस्थितिमा केही व्यक्तिहरूलाई कारबाही गरियो ?

राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने जिमी लाइका कार्यहरूले उनलाई हिरासत र अभियोगमा पुऱ्याएको तथ्यहरूले प्रमाणित गर्छ । तसर्थ, जिमी लाइको मुद्दाको प्रेस स्वतन्त्रतासँग कुनै सम्बन्ध छैन । यदि एमएफसी पत्रकारहरूलाई आफ्नो चिन्ता विस्तार गर्न यति उत्सुक छ भने, २०१९ मा हङकङको दङ्गामा धम्की, कुटपिट र ग्यासोलीन बम फ्याँकेका मिडियाकर्मीहरूलाई किन अलिकति पनि ध्यान दिएनन् ? त्यसबेला, एमएफसीले हङकङ विशेष प्रशासनिक क्षेत्र र तिनीहरूलाई स्पष्ट रूपमा समर्थन गर्ने जिमी लाइ, स्ट्यान्ड न्यूज टोली र यस्तै अन्यहरूलाई निन्दा गर्नुपर्थ्यो ।

माथि उल्लेख गरिएअनुसार, प्रेस स्वतन्त्रताको संरक्षणमा दोहोरो मापदण्डको कुख्यात इतिहासको साथ एमएफसीका सदस्यहरूले हङकङ विशेष प्रशासनिक क्षेत्र सरकारको बारेमा गैरजिम्मेवार टिप्पणी गरे, यसको स्थितिलाई भ्रामक र मूर्ख गठबन्धन एमएफसी) को रूपमा बलियो बनायो । एमएफसीको स्पष्ट हल्लाहरू र हङकङलाई बाधा पुऱ्याउने प्रयासहरू व्यर्थ साबित हुने निश्चित छन् ।

*(लेखक समसामयिक विषयका टिप्पणीकार हुन् ।)*
*-ग्लोबल टाइम्सबाट*
*अनुवाद : प्रकाश*

# मोनरो सिद्धान्तः दोषी साम्राज्यवादको दुई शताब्दी

✍ हेन्ज डाइटेरिच

सन् १८२३ मा यसको स्थापना भएदेखि नै मोनरो सिद्धान्त ल्याटिन अमेरिकातर्फ संयुक्त राज्य अमेरिकाको विदेश नीतिलाई मार्गदर्शन गर्ने वैचारिक आधार भएको छ । यसको आन्तरिक प्रकृतिले यस क्षेत्रमा अमेरिकी विस्तार र प्रभुत्वको साधनको रूपमा काम गरेको छ ।

संयुक्त राज्य अमेरिकाको स्वतन्त्रताको प्रारम्भिक वर्षदेखि, मोनरो सिद्धान्त एक मार्गदर्शक सिद्धान्तको रूपमा देखा पऱ्यो । अङ्ग्रेज राजतन्त्रविरुद्धको युद्धपछि उत्तर अमेरिकी देशले विस्तारवादी दृष्टिकोण अपनायो । सुरुमा क्यानाडामा हस्तक्षेप गऱ्यो र पछि ल्याटिन अमेरिका र क्यारिबियाली क्षेत्रमा आफ्नो प्रभाव विस्तार गऱ्यो ।

यही बिन्दुबाट सबै ल्याटिन अमेरिकाको शोषण कायम राख्नको लागि हस्तक्षेप, सैन्य विद्रोह, र राजनीतिक हत्याको अन्तहीन श्रृङ्खला सुरु हुन्छ ।

मोनरो सिद्धान्त मूलतः राज्य डकैती नीतिको औपचारिक अभिव्यक्ति हो । यो सिद्धान्त अरू देशको सम्पत्तिको अपशोषण गर्न र तिनलाई प्राप्त गर्न रगत बगाउन आवश्यक भए पनि कुनै अप्ठ्यारो मान्दैन । यी दुई शताब्दीमा, अन्तर्राष्ट्रिय कानुनलाई बेवास्ता गर्दै र यस क्षेत्रमा अमेरिकी सर्वोच्चता सुनिश्चित गर्ने नियतले साम्राज्यवादी रणनीतिहरूको एक श्रृङ्खला जारी गर्दै यो सिद्धान्त यो ल्याटिन अमेरिकाको स्वायत्त विकासको लागि निरन्तर बाधा बनेको छ ।

हालैका दशकहरूमा हामीले ल्याटिन अमेरिकी र विश्वव्यापी राजनीतिमा हस्तक्षेप गर्न संयुक्त राज्य अमेरिकाले प्रयोग गर्ने तरिकाहरूमा परिवर्तनहरू देखेका छौँ । ल्याटिन अमेरिकी देशहरूमा तानाशाह राज्य आतङ्कवादको उदयपछि राष्ट्रिय सुरक्षाको राज्य भनी वाशिङ्गटनले प्रचार गर्छ । वाशिङ्गटनले पहिले लोकतन्त्र र सामाजिक कल्याणको वकालत गर्थ्यो, ल्याटिन अमेरिकामा प्रजातन्त्रीकरण र स्वायत्त विकासको कुनै पनि प्रयासलाई दबाउनको लागि एउटा उपकरण बन्यो ।

१९९० को दशकमा 'रङ्गीन क्रान्ति' मा सङ्क्रमणले मोनरो सिद्धान्तको प्रयोगमा नयाँ चरणलाई चिन्हित गर्यो । यी घटनाहरू वर्षौं अघि चिलीमा साल्भाडोर एयेन्डेको मामला जस्तै अमेरिकी हितहरूसँग नमिल्ने सरकारहरू परिवर्तन गर्न सैन्य रणनीतिहरूसँग लोकप्रिय विद्रोहहरू संयोजन गर्दछ । यद्यपि परम्परागत सैन्य विद्रोहको तुलनामा कम 'चमकदार' भए पनि यी रङ्गीन क्रान्तिहरू स्वतन्त्र सरकारहरूलाई पराजित गर्न समानरूपमा प्रभावकारी साबित भएका छन् ।

ल्याटिन अमेरिकाको लागि मोनरो सिद्धान्तको खतराहरूको मूल्याङ्कन गर्दा यो स्पष्ट छ कि यसको ऐतिहासिक दृढताले यस क्षेत्रको प्रगति र स्वायत्त विकासलाई व्यवस्थितरूपमा बाधा पुऱ्याएको छ । तर, वैकल्पिक शक्तिका रूपमा चीन, रुस र अन्य मुलुकको उदयले नयाँ आशा जगाएको छ ।

लामो समयसम्म सीमितताहरूको बावजुद, उदाहरणका लागि, चीनले ल्याटिन अमेरिकाको लागि व्यापार र विकासको सन्दर्भमा फरक विकल्प प्रदान गरेको छ । त्यसले अमेरिकी उपनिवेशवादमा महादेशको ऐतिहासिक निर्भरताको विकल्प प्रदान गरेको छ ।

संसारमा मोनरो सिद्धान्तको अप्रत्यक्ष प्रभावको सन्दर्भमा, यसले मुक्ति, विशेषगरी समाजवादका लागि रणनीतिक विकल्पहरूलाई कसरी दबाएको छ भनेर ध्यान दिन महत्त्वपूर्ण छ । उदार लोकतन्त्र विचारधाराको विश्वव्यापी विस्तारले अन्य देशहरूमा अमेरिकी प्रभुत्वलाई वैधानिकता दिएको छ र प्रभावकारी वैचारिक नियन्त्रणमार्फत प्रतिरोधलाई कमजोर बनाएको छ । जनसमुदायको यो भ्रमीकरण ले साम्राज्यवादी देशहरूको पक्षमा रहेको अन्तर्राष्ट्रिय व्यवस्थालाई स्वीकार गरी टेवा दिएको छ ।

अमेरिकी हस्तक्षेपवादी र विस्तारवादी उपकरणको भविष्यलाई हेर्दा, ल्याटिन अमेरिकामा सामाजिक लोकतान्त्रिक विकासको कुनै पनि प्रयासलाई नामेट गर्ने वाशिङ्गटनको प्रयासको निरन्तरता आज पर्यन्त देखिन्छ । प्रतिरोध गर्ने मेक्सिको, निकारागुआ, भेनेजुएला र क्युबाजस्ता देशहरूबाहेक यस क्षेत्रमा वाशिङ्गटनको नियन्त्रणको पुनःस्थापना भइरहेको देखिन्छ ।

मोनरो सिद्धान्तविरुद्धको सङ्घर्ष ल्याटिन अमेरिकामा व्यापक चेतना अभियानमा निर्भर रहेको छ, जसलाई चीन, रुस र वाशिङ्गटन र यसका सहयोगीहरूको सामान्य एकपक्षीयतालाई चुनौती दिने विश्वव्यापी शक्तिका अन्य केन्द्रहरूसँगको बलियो सहयोगले समर्थन गर्दछ ।

सहयोगमा केन्द्रित अन्तर्राष्ट्रिय सम्बन्ध स्थापना गर्ने चीनको प्रस्ताव एकमात्र व्यवहायरिक विकल्प हो । मोनरो सिद्धान्तको भविष्य यसको निरन्तरता वा विलुप्त हुनेमा निर्भर हुनेछ, साम्राज्यवाद र उदीयमान शक्तिहरूले प्रस्ताव गरेको खुलापनको नतिजामा निर्भर गर्दै यो सिद्धान्त पश्चिमी गोलार्धमा सीमित छ वा विश्वव्यापी खतराको रूपमा आउने छ भनेर भविषयले पुष्टि गर्ने छ ।




निरन्तर विकसित यस संसारमा ल्याटिन अमेरिकाले मोनरो सिद्धान्तले लगाएको ऐतिहासिक सिक्रीहरूबाट आफ्नो स्वायत्त विकास र मुक्तिलाई प्रवर्द्धन गर्ने गठबन्धनहरू र साझेदारीहरू खोज्ने र सुदृढीकरण गर्न आवश्यक छ । यस चुनौतीको सामनाका लागि यस क्षेत्रले मोनरो सिद्धान्तको छायाँभन्दा पर हेर्न सक्नुपर्छ र एउटा भविष्यतर्फको बाटो खोज्नुपर्छ जहाँ आत्मनिर्णय र अन्तर्राष्ट्रिय सहयोग सदा साम्राज्यवादमाथि विजयी हुनेछ । ल्याटिन अमेरिकाले आत्म-निर्णय र अन्तर्राष्ट्रिय सहयोग प्रबल हुने भविष्यतर्फको बाटो बनाउनुपर्छ ।

*-टलेसुर अङ्ग्रेजीबाट*
*अनुवाद : प्रकाश*



# दादागिरी कसको ? न्याय परिषद्को कि बारको ?

**सर्वोच्च अदालतका प्रधान न्यायाधीशलाई हटाउन होस् वा सर्वोच्च अदालतमा प्रधान न्यायाधीशलाई नियुक्ति गर्न संविधान र नियमित प्रकृयाबाट समयैमै नियुक्ति नगरी सर्वसाधारण न्यायका सेवाग्राहीहरूको बेवास्ता गरी न्यायालयभित्र र बाहिर बेन्च बहिष्कार तथा सर्वोच्च अदालतको प्राङ्गणभित्रै आन्दोलन गर्नेहरूको अवस्थाको बारेमा सम्पूर्ण न्यायप्रेमीहरू अवगत नै छन् । त्यसैले न्याय परिषद् र नेपाल बार एशोसियसन दुवै आआफ्नो कोणबाट न्याय क्षेत्रमा दादागिरी देखाइरहेको प्रस्ट छ ।**



✍ रामप्रसाद प्रजापति

**न्यायपरिषद्को दादागिरी !**

न्याय परिषद्को बुधबार बसेको बैठकले उच्च अदालतमा रिक्त ३९ न्यायाधीश पदका लागि जिल्ला न्यायाधीशहरूबाट २६, न्याय सेवाका कर्मचारीहरूबाट ४ र कानुन व्यवसायीहरूबाट ९ जना न्यायाधीशहरू नियुक्ति भएका छन् ।

न्यायाधीश नियुक्तिको परिषद्को निर्णयसँगै नेपाल बार एशोसियसनले आपत्ति जनाएको छ । नेपाल बारले बुधबार नै बुधबार नै एक विज्ञप्ति जारी गर्दै नेपाल बारको तर्फबाट न्याय परिषद् सदस्यमा सिफारिस गरी पठाइएका रामप्रसाद श्रेष्ठलाई छलफलको लागि बोलाउने निर्णय गरेको छ ।

न्यायाधीश नियुक्तिका क्रममा नेपाल बारसँग सामान्य छलफल समेत नभएको र मनलाग्दी न्यायाधीश नियुक्तिका लागि सिफारिस गरेको, कानुन व्यवसायीहरूको सङ्ख्या थोरै रहेको कारण बारले परिषद्मा नेपाल बारको सिफारिसमा नियुक्ति भएका परिषद् सदस्य श्रेष्ठलाई छलफलमा बोलाएको बताइएको छ ।

यसै क्रममा परिषद् सदस्य श्रेष्ठले आफू बिरामी भई सन्चो नभएकोले छलफलमा आउन नसक्ने बताएपछि उनको कृयाकलापप्रति असन्तोष रहेको जनाउँदै उनलाई नेपाल बार एशोसियसनले फिर्ता बोलाउने निर्णय गरेको बताइन्छ ।

**के परिषद् सदस्य श्रेष्ठ फिर्ता होला त ?**

न्याय परिषद् नेपालको संविधानबमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्त र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिने संस्था हो ।

जसको अध्यक्ष सर्वोच्च अदालतका प्रधानन्यायाधीश हुने र अन्य ४ जना सदस्यहरूमा सङ्घीय कानुन तथा न्याय मन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति गरेको एक जना कानुनविद् र नेपाल बार एशोसियसनको सिफारिसमा राष्ट्रपतिले नियुक्ति गरेका कम्तीमा बीस वर्षको अनुभव भएको वरिष्ठ अधिवक्ता वा अधिवक्ता रहने व्यवस्था नेपालको संविधानको धारा १५३ ले गरेको पाइन्छ ।

परिषद्का सदस्यहरूको पदावधि चार वर्षको हुने र पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतको न्यायाधीशको सरह हुने व्यवस्था छ । त्यस्तै परिषद्का सदस्यहरू सर्वोच्च अदालतका न्यायाधीश सरह समान आधारमा र समान तरीकाले पदमुक्त हुने संवैधानिक व्यवस्था छ ।

यस मानेमा सर्वोच्च अदालतका न्यायाधीश पदमुक्त हुने आधारहरू हेर्दा निजले राजिनामा दिएमा, निजको उमेर पैसाठ्ठी वर्ष पूरा भएमा, निजका विरुद्ध संविधानको धारा १०१ बमोजिम महाअभियोगको प्रस्ताव पारित भएमा, कार्यसम्पादन गर्न असमर्थ रहेको भनी न्याय परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा, निजले नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा र निजको मृत्यु भएमा पदमुक्त हुने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १३१ ले गरेको पाइन्छ ।

नेपाल बार एशोसियसनले आफ्नो सिफारिसमा न्याय परिषद् सदस्य पदमा नियुक्ति पाएका रामप्रसाद श्रेष्ठले न्यायाधीश नियुक्तिको निर्णय गर्नुपूर्व बारसँग सामान्य छलफलसमेत नगरेको र विश्वास नरहेकोले बारको बैठकले फिर्ता बोलाउने निर्णय गरेको बताइन्छ ।

न्याय परिषद्ले बुधबार उच्च अदालतमा न्यायाधीश नियुक्तिको निर्णय गर्दै गर्दा नेपाल बार एशोसियसनले भने बिहीबार न्यायाधीश नियुक्तिको सम्बन्धमा छलफल गर्न बारको हलमा कार्यक्रम राखेको सूचना प्रकाशित गरेको थियो ।

नेपाल बार एशोसियसनले पछिल्लो समय न्याय परिषद्मा भएका निर्णयहरूमाथि रामप्रसाद श्रेष्ठले नेपाल बारसँग कुनै सल्लाह नगर्ने, बारको चासो नराख्ने, आफूखुशी चल्ने र न्यायपालिकाको अहित हुने निर्णयमा साक्षी बनेको आरोप लगाउँदै बारले श्रेष्ठप्रति विश्वास नरहेको भन्दै शुक्रबार बसेको कार्यसमितिको बैठकले राजिनामा दिन दबाब दिएको हो ।

परिषद् सदस्य रामप्रसाद श्रेष्ठ संसदीय सुनुवाइ समितिबाट २०७७ मङ्सिर १२ गते सर्वसम्मत स्वीकृत भएपछि ४ (चार) वर्षको पदावधिको लागि न्याय परिषद्को सदस्य भएका हुन् । उनको कार्यकाल २०८१ साल मङ्सिर ११ गतेसम्म रहेको छ । श्रेष्ठ यसअघि पनि न्याय परिषद्को सदस्य भइसकेको, नयाँ संविधान बनेपछि उनी कार्यकाल पूरा नगर्दै पदमुक्त भएका थिए ।

नेपाल बारको सो निर्णयसँगै एकथरीले परिषद् सदस्य रामप्रसाद श्रेष्ठलाई बारले अविश्वास गरेको निर्णयपछि न्यायिक क्षेत्रमा काम गर्न र विश्वास कायम राख्न समस्या हुने हुँदा राजिनामा दिन दबाब पर्ने बताइन्छ ।

अर्कोतर्फ नेपाल बार एशोसियसनको उक्त निर्णयले नेपाल बार नै भ्रष्टाचारीहरूको अखडा भएको र आफूहरूले भनेबमोजिमको सेटिङमा काम भए राम्रो, आफ्नो इसाराबमोजिम नभए बदनाम गर्दै हिँड्ने डनहरू हुर्काउने संस्था भएको टिप्पणी गर्ने गरेको पाइन्छ ।

यससँगै परिषद्को संरचना राजनीतिक हस्तक्षेपकारी देखिएको र राजनीतिक दलहरूले आफूअनुकुल भागबण्डामा न्यायाधीश नियुक्ति गर्ने गरेकोले संविधान संशोधन गरी न्याय परिषद् गठनको संरचनामै राजनीतिक प्रतिनिधि तथा नेपाल बारको प्रतिनिधि रहने व्यवस्था अन्त्य गरिनुपर्ने आवाज उठेको छ ।

**वकिलको कोटा पुगेन : बार**

न्याय परिषद् बैठकले पछिल्लो समय न्यायाधीश नियुक्ति सम्बन्धमा नेपाल बारका अध्यक्ष गोपालकृष्ण घिमिरेले सिफारिसमा नपरेका केही जिल्ला न्यायाधीश, सिफारिस गर्दा कानुन व्यवसायी (वकिल) लाई दिइएको सङ्ख्या आदिको बारेमा आपत्ति रहेको बताए ।

घिमिरेले न्यायपरिषद्को कार्यशैलीमा आपत्ति जनाउँदै "न्याय परिषद्ले दादागिरी शैलीमा काम गरिरहेको, जसलाई मन लाग्यो त्यही मान्छे टिपेर न्यायाधीश बनाउने र मन नपरेकालाई योग्य र सक्षम भएपछि छाड्ने काम भइरहेको भन्दै यो दादागिरी हो ।" भनेका छन् ।

यसका साथै घिमिरेले न्याय परिषद्ले नयाँ नियमावली जारी गर्दै उच्च अदालतलाई विखण्डित बनाएको आरोप लगाए । उनले अहिले उच्च अदालतको न्यायाधीशहरूको मर्यादाक्रममा व्यापक फेरबल भएको र भोली पनि कुन न्यायाधीश कहाँ पुग्छन् भन्ने थाहा नभएको, यसले गर्दा उच्च अदालतका न्यायाधीशहरूमा व्यापक निराशा बढेको र विखण्डित बनाउने काम गरेको बताए ।

उनले बारलाई नीतिको विषयमा सोधिनुपर्ने तर हामीलाई कुनै जानकारी नदिएको र उच्च अदालतमा न्यायाधीशको सिफारिस गर्दा कुन सिद्धान्तका आधारमा गरियो भन्ने कुरा स्पष्ट भएन । यसरी नै हिँड्ने हो भने न्याय परिषद्को संरचना किन नबदल्ने ? प्रश्न गरेको छन् । उनले उच्च अदालतमा न्यायाधीश सिफारिस गर्दा केही व्यक्तिलाई बोक्ने गरेको र केही व्यक्तिलाई ठोक्ने गरेको बताउँदै कुनै किसिमको उजुरी पनि नभएको केही व्यक्तिलाई पटक पटक छाडिएको तर कतिलाई पेन्सन खुवाउने प्रयोजनकै लागि पनि उच्च अदालतमा नियुक्ति दिइएको हुँदा यो नै न्याय परिषद्को दादागिरी भएको बताएका छन् ।

**किन छाडिए कार्की र बास्तोला**

२०६३ सालमा जिल्ला न्यायाधीश बनेका महेन्द्रबहादुर कार्की र २०६६ मा न्यायाधीश बनी पटक पटक सबैभन्दा बढी मुद्दा फैसला गर्ने न्यायाधीश रहेका गोपालप्रसाद बास्तोला समेतलाई उच्च अदालतमा न्यायाधीश हुन योग्य हुँदाहुँदै पटक पटक छाडिएका छन् ।

उनीहरूलाई आफ्नो व्यक्तिगत रिसईबीका कारण न्याय परिषद्का सदस्य रहेका सर्वोच्च अदालतबा वरिष्ठतम न्यायाधीश ईश्वरप्रसाद खतिवडासँग निकट नरहेकै कारण उच्च अदालतमा सिफारिस नगरिएको आरोप छ ।

न्यायाधीश नियुक्तिको निर्णयमा न्याय परिषद् सदस्य सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश ईश्वरप्रसाद खतिवडाको हावी रहेको बताइन्छ । उनी र सर्वोच्च अदालतका प्रधान न्यायाधीश एउटै ब्याचका भएको र प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठलाई नियुक्ति दिएसँग वरिष्ठतम न्यायाधीश ईश्वर खतिवडाकै जोडबलमा न्यायाधीश नियुक्ति हुने गरेको चर्चा छ ।

यसअघि पनि जिल्ला न्यायाधीश विनोद पोखरेललाई उच्च अदालतमा पेन्सन बढाउने प्रयोजनको लागि मात्रै ईश्वर खतिवडाले न्यायाधीश बनाएको आरोप लागेको थियो । पोखरेल अवकाश हुन २ महिनामात्रै बाँकी थियो । यसअघि खतिवडाकै जोडबलमा विवादमा तानिएका जिल्ला न्यायाधीशहरू स्वीकृति पराजुली, कविप्रसाद न्यौपानेलाई उच्च अदालतको न्यायाधीश बनाएको र आफ्ना आफ्न्त ऋषि निरौलालाई पनि उच्च अदालतको न्यायाधीशमा नियुक्ति दिलाएको चर्चा छ ।

**को र कसको दादागिरी ?**

यसरी न्याय क्षेत्रको सुधारका लागि सर्वोच्च अदालतका तत्कालिन



न्यायाधीश हरिकृष्ण कार्कीले २५० पृष्ठको प्रतिवेदन पटक पटक कार्यान्वयन गर्न बार र सर्वत्रबाट दबाब दिइए तापनि हालसम्म कार्यान्वयन हुन र गर्नतर्फ नलागेको कारण न्याय क्षेत्रका खम्बाहरू सर्वोच्च अदालत, न्याय परिषद् र नेपाल बार एशोसियसनको नै दोष रहेको र यी नै एकले अर्कालाई दोषारोपण गरिरहने र आफ्नो दादागिरी देखाई न्याय क्षेत्रमा आ-आफ्ना दलको लाउडस्पिकरको रूपमा काम गर्ने राजनीतिक दलहरूको दबाब र प्रभावबाट मुक्त हुन नसकेको जगजाहेर छ ।

सर्वोच्च अदालतका प्रधान न्यायाधीशलाई हटाउन होस् वा सर्वोच्च अदालतमा प्रधान न्यायाधीशलाई नियुक्ति गर्न संविधान र नियमित प्रकृयाबाट समयैमै नियुक्ति नगरी सर्वसाधारण न्यायका सेवाग्राहीहरूको बेवास्ता गरी न्यायालयभित्र र बाहिर बेन्च बहिष्कार तथा सर्वोच्च अदालतको प्राङ्गणभित्रै आन्दोलन गर्नेहरूको अवस्थाको बारेमा सम्पूर्ण न्यायप्रेमीहरू अवगत नै छन् । त्यसैले न्याय परिषद् र नेपाल बार एशोसियसन दुवै आआफ्नो कोणबाट न्याय क्षेत्रमा दादागिरी देखाइरहेको प्रस्ट छ ।

*२०८० पौष २२*

# प्यालेस्टिनी जनताको बाँच्न पाउने अधिकार सुरक्षित हुनुपर्ने



दैलेख । नेपाल मजदुर किसान पार्टी चामुण्डा विन्द्रासैनी नगर समितिको आयोजनामा चामुण्डा विन्द्रासैनी नगरपालिकाको वडा नं. ३ को हाडाकोटमा पुस १९ गते बिहीबार जनसभा भयो ।

उक्त सभामा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले देशका उद्योगधन्दा निजीकरण गर्ने पार्टी कम्युनिस्ट नहुने चर्चा गर्दै नेपालीलाई भुटानी शरणार्थी बनाएर बेच्ने दलालहरूलाई कारबाही गर्नुपर्नेमा जोड दिनुभयो ।

"प्यालेस्टिन प्यालेस्टिनी जनताको भूमि हो, इजरायलको होइन; प्यालेस्टिनी जनताको बाँच्न पाउने अधिकार सुरक्षित बनाउन नेमकिपा सङ्घर्षरत छ," उहाँले भन्नुभयो ।

नेमकिपाका पूर्वकेन्द्रीय सदस्य उदयजङ शाहीले देशमा भइरहेको कालाबजारी, भ्रष्टाचार यो पुँजीवादी सरकारले अन्त्य गर्न नसक्ने उल्लेख गर्दै प्यालेस्टिनमा जातीय सफाया गर्न अमेरिकाको उठबसमा इजरायल लागिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य नीरकबहादुर शाहीले युवाहरूलाई विदेशमा होइन स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा दैलेख जिल्ला समितिका उपाध्यक्ष लक्ष्मीकुमार विकले सहयोगको नाउँमा एनजीओ र आइएनओजीले नेपालमा जातीय आन्दोलन चर्काउन विभिन्न गतिविधि गरिरहेको बताउनुभयो ।

नेमकिपा दैलेखका सचिवालय सदस्य केसेन्द्रप्रकाश कार्कीले देशका विभिन्न गाउँपालिका र नगरपालिकामा भ्रष्टाचार बढिरहेको उल्लेख गर्नुभयो ।

सभामा धनकुमारी शाही, दीपबहादुर शाही, शान्तिप्रसाद शर्मा, कृष्णप्रसाद ढकाल, मनबहादुर विकले पनि बोल्नुभएको थियो ।

सभाअघि मारुनी नाचसहित जुलुसले बजार परिक्रमा गरेको थियो ।

# कीर्तिपुरमा 'श्रमिक' र 'मजदुर' पत्रिकाको अध्ययन गोष्ठी

कीर्तिपुर । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा पुस १८ गते बुधबार नगर पार्टी कार्यालयमा विचारप्रधान 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिकको अध्ययन गोष्ठी भयो ।

गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पुस महिनाको समय स्तालिन र माओ त्सेतुङको जन्म भएको महिना भएकोले विश्व सर्वहारावर्गका महान् गुरुहरूबाट शिक्षा लिनुपर्ने बताउनुभयो । उहाँले माओको 'सन्तोष अध्ययनको शत्रु' भन्ने भनाइलाई हामी सबैले मनन गर्नुपर्ने बताउनुभयो ।

अध्ययन नगर्दा नयाँ ज्ञान हासिल गर्न नसक्ने भएकोले नेमकिपाले पार्टी प्रकाशन र पुस्तकहरू प्रकाशित गरी जनतालाई शिक्षित पार्ने काम गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कीर्तिपुर नगरका मधुकर श्रेष्ठले इजरायली फासीवादीले प्यालेस्टिनी जनतामाथि नरसंहार गर्नु अमानवीय भन्दै तुरुन्तै युद्ध बन्द गर्नुपर्ने र स्थायी शान्तिको लागि नेमकिपाले नेपालको तर्फबाट आवाज उठाएको बताउनुभयो ।

राजेश महर्जनले हरेक विषयमा अध्ययनलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । पूर्वकेन्द्रीय सदस्य प्रशान्त महर्जनले पार्टीका कार्यकर्ताहरूले समाजका हरेक विषयमा गहिरो अध्ययन र छलफल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा कीर्तिपुर वडा ९ का अविरमान महर्जनले 'मजदुर' दैनिकको सम्पादकीयमा प्रकाशित 'विकासको दशक बनाउन भ्रष्टाचारको अन्त्य गर्नुपर्छ' भन्नेबारे प्रस्ट पार्नुभयो । कीर्तिपुर नगरका हरिकुमार महर्जनको सभापतित्वमा भएको कार्यक्रममा कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो ।

# चितवनमा नेक्राकिसङ्घको प्रशिक्षण




चितवन । नेपाल क्रान्तिकारी किसान सङ्घ राप्ती–१० एकाइ समितिको आयोजनामा वडास्तरीय किसान भेला एवम् प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा चितवन जिल्ला उपाध्यक्ष राजकुमार श्रेष्ठले क्रान्तिकारीहरूले आमूल परिवर्तनको निम्ति सङ्घर्ष गर्ने स्पष्ट पार्दै सानोतिनो लोभ, आश्वासनमा फस्नेहरू धोकेबाज र अवसरवादी हुन्छन् भन्नुभयो ।

नेमकिपा चितवन जिल्ला समितिका सचिव मोहन प्रजाले विगतमा नेमकिपाको अग्रज कार्यकर्ताहरूको नेतृत्वमा जुगेडी, फुटपानी किसान सङ्घर्षका घटना ताजै रहेको स्मरण गराउनुभयो । किसानहरूलाई सहजरूपमा कृषि मल, बीउ उपलब्ध नगराउने यी पुँजीवादी शासक दलहरू किसानविरोधी भएको बताउनुभयो ।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय सदस्य अर्जुन प्रजाले काङ्ग्रेस, एमाले र माओवादीले पालैपालो शासन गरे पनि गरिखाने जनताको जीवनमा सामान्य परिवर्तन आउन सकेन भन्नुभयो ।

कार्यक्रममा किसान छुङ्के चेपाङ, विद्यार्थी कृष्ण तामाङ र प्रकाश चेपाङले पनि बोल्नुभएको थियो ।

# समाजवाद साम्यवादमा रूपान्तरण हुने

समाजवाद पुँजीवाद र साम्यवादको बिचको सङ्क्रमण काल मानिन्छ । मार्क्स र एङ्गेल्सले काल्पनिक र समाजवादीहरूको चिन्तनलाई मानव समाजको विकासको ऐतिहासिक पदचिह्नहरूलाई वर्ग विश्लेषण एवं राज्यसत्ताको चरित्रसँग व्याख्या गर्दै पुँजीवाद र साम्यवादसम्म एकै फड्कोमा होइन स्थान र समयअनुसार समाजवादको सङ्क्रमणबाट साम्यवादी समाजमा रूपान्तरण हुने वैज्ञानिक दृष्टिकोण प्रस्तुत गर्नुभयो ।

१) साम्यवादी समाज एक वर्गविहीन समाज हुन्छ ।

२) वर्गविहीन समाजमा दबाउनुपर्ने कुनै वर्ग नै नहुने हुँदा राज्य सत्ता 'ओइलाइने' छ ।

३) त्यस समाजमा योग्यताअनुसारको काम र आवश्यकताअनुसारको वितरण हुनेछ वा पाउनेछ ।

४) साम्यवादी समाजमा बुद्धिजीवीकरण हुने हुँदा शारीरिक र बौद्धिक कामको भेद हुनेछैन । त्यसको अर्थ त्यस समाजमा शारीरिक श्रम र बौद्धिक श्रमको भेद हट्नेछ ।

५) वर्तमान समाजकै यान्त्रीकरण र स्वचालित प्रविधिको विकास हुँदै खेतीपाती र कलकारखाना (उद्योग) पनि यान्त्रीकरण र स्वचालित हुँदा किसान र मजदुरको भेद हट्नेछ ।

साम्यवादी समाजमै नि:शुल्क शिक्षा र समाजको बुद्धिजीवीकरणले सबै युवाहरू एक एक विषयको विशेषज्ञ हुनेछन् । उत्पादनका साधन र सेवाहरू सबै समाजको भएको हुँदा वैज्ञानिक र बुद्धिजीवीहरूसमेत कुनै पुँजीपति र कम्पनीको मजदुर नहुने हुँदा सबै समाजका कामदार हुनेछन् जसलाई सर्वहारा बनाउनेछन् ।

६) छरिएर रहेका गाउँहरू अनेक योजनाबद्ध सहरहरूको विकास हुनेछ । ती साना–ठूला सहरहरू उत्पादनमा विशेषतासहितका हुनेछन् । सहरमा चिडियाघर, म्युजियम (सङ्ग्रहालय), ब्रह्माण्डको अध्ययन गर्ने 'नक्षत्र अध्ययन स्थल' आदि हुनेछन् ।

यसप्रकारले त्यो साम्यवादी समाजमा गाउँ र सहरको भेद हट्नेछ । तर, सहरहरूको रूप र आकार एवं भवनहरूको वास्तुकलामा नगर हेरी फरक फरक रहनेछ । आज पनि चीन, भियतनाम, प्रजग कोरिया, क्युबाजस्ता समाजवादी देशहरूको आ–आफ्नै 'चरित्र भएका' कार्यशैली र वास्तुकला छन् ।

**समाजवाद कसरी सङ्क्रमणकाल हुनेछ ?**

१) पुँजीवादी व्यवस्थाको विरोधमा सङ्घर्षबाट प्राप्त हुने समाजवादी व्यवस्था उत्पादनका सबै साधन, उद्योगधन्दा र ठूलठूला खेती, निजी पोखरी र वनजङ्गल, चरण एवं बैङ्क, हवाई, रेल, बस सेवा सबै समाजको हुनेछ । त्यस्तै निजी विद्यालयदेखि विश्वविद्यालय सबै समाजको हुनेछ ।

एक एक पाइला गर्दै उद्योगपति, जमिनदार, साहुमहाजन र बैङ्कपतिहरूले कामदार जनताकै सेवामा काम गर्नेछन् । प्राध्यापक, वकिल, डाक्टर, वैज्ञानिक र अनेक प्राविधिकहरू सबै निजी संस्थाका कामदारहरू समाजका कामदार वा स्वयंसेवक हुनेछन् । कुनै व्यक्ति वा कम्पनीका नोकर हुनेछैनन् ।

पुँजीवादी व्यवस्थाबाट समाज मुक्त भएको एक ऐतिहासिक समयसम्म समाजवादी समाजको सुरुको चरणमा 'नयाँ शिशुमा गर्भको रगतको टाटा' रहेजस्तै भ्रष्टाचार, जातीय र भाषिक भेदभाव, वर्गीय भेदभाव रहनेछन् । बिस्तारै त्यस्ता भेदभावहरू पनि चेतनाको स्तर र पेसाको मित्रताले सामाजिक र वर्गविहीनतातिर समाज अग्रसर हुँदै जानेछ ।

१) समाजवादमा योग्यताअनुसारको काम र कामअनुसारको ज्याला प्राप्त गर्नेछ । प्रत्येक युवाले व्यक्तित्व विकासमा समान अवसर पाउनेछन् ।

३) विभिन्न जातजाति र भाषाभाषीहरूको बिचमा समानस्तरको शिक्षा र वैज्ञानिक दृष्टिकोणको विकासमा प्राथमिकता दिइनेछ ।

४) समाजवादी समाज एकपछि अर्को परिष्कृत चरण पार गर्दै साम्यवादी समाजमा पदार्पण हुँदै जानेछ । तर, समाजमा वर्गीय दृष्टिकोण परिपक्व नभएसम्म, पुँजीवादी राज्य सत्ताको प्रभाव प्रबल भएसम्म पूर्वी युरोपमा जस्तै पुँजीवादको पुन:स्थापना पुँजीवादी व्यवस्थामा क्षणिक राजतन्त्र पुन:स्थापना हुने सम्भावना रहन्छ । अन्तत: समाजवादकै विजय हुन्छ र समाजवादबाट विश्व नै एक साम्यवादी समाजमा रूपान्तरण हुनेछ ।

# नेक्राविसङ्घ जुम्ला–काठमाडौँ सम्पर्क समितिद्वारा प्रशिक्षण

काठमाडौँ । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जुम्ला–काठमाडौँ सम्पर्क समितिको आयोजनामा सर्वहारावर्गका महान् गुरु स्तालिनको १४५ औँ तथा माओ त्सेतुङको १३० औँ जन्मदिनको अवसरमा शनिबार विद्यार्थी भेला भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य बजीरसिं विकले विद्यार्थी जीवनमा आवश्यक पर्ने अनुशासनको विषयमा चर्चा गर्नुभयो । उहाँले उदाउँदै गरेको विद्यार्थी नै नयाँ पुस्ता भोलिको समाजका चिन्तक हुने विचार व्यक्त गर्दै नेक्राविसङ्घमा आबद्ध विद्यार्थीले अझ प्रतिस्पर्धी भावनाका साथ अध्ययन गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाले कामदारवर्गको सङ्घर्ष अगाडि बढाइरहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "देशको राजनीतिक, सामाजिक, आर्थिक तथा शैक्षिक पाटो ध्वस्त पारिएको बेला नेमकिपाले जनतालाई मार्ग देखाइरहेको छ ।"

नेमकिपा जुम्लाका अध्यक्ष पूर्णराम खत्रीले विद्यार्थीहरूका लागि चाहिने जीवन उपयोगी व्यवहार र शिक्षाको चर्चा गर्दै अध्ययनलाई अगाडि बढाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय उपाध्यक्ष सुरेश परियारले विद्यार्थीहरूलाई सङ्गठनको नीति तथा कार्यक्रम बुझेर मात्र योग्य कार्यकर्ता बन्न सकिनेमा जोड दिनुभयो । उहाँले व्यक्तिगतभन्दा सामाजिक हितलाई महत्त्व दिन तथा पुँजीवादी सोच र व्यवहारबाट बाहिर आएर समाजमा व्याप्त शोषणविरुद्ध आवाज उठाउन विद्यार्थीलाई आग्रह गर्नुभयो ।

नेमकिपा जुम्लाका जिल्ला सदस्य कालीबहादुर शाहीले विद्यार्थीहरू जुम्लाबाट काठमाडौँ आउनुको कारण र उद्देश्यबारे स्पष्ट पार्दै विद्यार्थी आफ्नो पृष्ठभूमि बुझी अगाडि बढ्न उत्प्रेरित गर्नुभयो ।

नेक्राविसङ्घ जुम्ला–काठमाडौँ सम्पर्क समितिका अध्यक्ष सुरेन्द्र बुढाको सभापतित्वमा सम्पन्न कार्यक्रममा गौरीकला रावतले पनि बोल्नुभएको थियो ।

# राजनीतिमा जातीय वा वर्गीय दृष्टिकोण

नेका, एमाले, माओवादी, समाजवादी र राष्ट्रिय पार्टी भनिने शासक दलहरूको नेतृत्व, कार्यकर्ताहरूको सक्रियता र ती पार्टीहरूले प्राप्त गरेका पदहरूको अध्ययन गर्दा ती पार्टीहरू खस आर्य समूहका देखिन्छन् । नेपाल, भारत र दक्षिण एसियाका शासक दलहरूमा २५०० वर्षदेखि यही स्थिति देखिन्छ । महावीर वर्धमान, गौतम बुद्ध र अन्य भौतिकवादी दर्शनका महर्षिहरू चार्वाक, बृहस्पति आदि सबै ब्राह्मणवादकै विरोधमा आ–आफ्ना दर्शनका आधारमा अगाडि बढेको देखिन्छ । ईश्वर, स्वर्ग–नर्क, बलिप्रथा, होम, यज्ञ–यज्ञादि, अश्वमेघ यज्ञ आदि कर्मकाण्डको २५०० वर्ष अघिदेखि वैचारिकरूपमा विरोध हुँदाहुँदै शासन र शासकहरू बलकै आधारमा टिकेका छन्; यो कसरी सम्भव भयो ?

गुरु र कर्मचारीतन्त्र ब्राह्मणहरूकै हातमा थियो । रामायण र महाभारत कालमा समेत गुरुहरू ब्राह्मण नै थिए । विदुर र चाणक्यहरू पनि ब्राह्मण भाषा बोल्थे । दार्शनिक र वैचारिकरूपले ब्राह्मणहरू पराजित भए पनि उनीहरूले गुरु र कर्मचारीतन्त्रको कारण क्षेत्रीय राजाहरूलाई आपसमा काटमार चलाउन दिएर भए पनि गुरु–पुरोहित वा कर्मचारीतन्त्रमाथि नेतृत्व कायमै राखेको देखिन्छ । यसलाई बौद्धिक क्षमताभन्दा पनि चातुर्य र कुटिलता मान्नुपर्छ । तिनीहरू आफ्नो उद्देश्य प्राप्तिको निम्ति जुनसुकै अपराध, छल र हत्या–हिंसालाई समेत निरङ्कुश र अमानवीय ढङ्गले प्रयोग गरी सत्तामा आफ्नो कब्जा जमाउँदै आएको देखिन्छ ।

आर्यहरूको गलत दार्शनिक र वैचारिक क्षमता सँगसँगै कुटिलता, छल र हिंसाको प्रयोगले अन्य जातजाति र भाषाभाषीहरूको क्रोध, द्वेष र सङ्कीर्णता सदा पराजित भएको देखिन्छ । पञ्चायतको अन्ततिर विदेशी गैरसरकारी संस्थाहरूको जातजाति, भाषाभाषी, दलित र धर्मको सङ्गठित विरोध देखिए पनि आज ती सबै पराजित भए तर त्यसको गहन अध्ययन आवश्यक छ ।

एकै जातका सबै व्यक्ति कसरी शिक्षक, प्रहरी, वकिल, राजनीतिक कार्यकर्ता, नेता र न्यायाधीश बन्न सक्छन् ? यसको कारण सरकारमा हैकम चलाउनेहरूको हो वा व्यक्तिको अस्थिरता वा स्वार्थ हो ? यो छलफलको विषय हो ।

हिजो इटालीमा मुसोलिनीले 'रोमको गौरव पुन:स्थापना गर्न' र 'जहाँजहाँ क्याथोलिक धर्म हुन्छ, त्यहाँत्यहाँ इटालीको शासन हुन्छ' भन्ने धर्मको नाममा कट्टर राष्ट्रियता र जातीय नारा दिएर प्रजातन्त्रको ठाउँमा फाँसीवादी लागु गऱ्यो; अफ्रिका अबेसिनिया (इथियोपिया) मा समेत इटालीको झन्डा फहरायो ।

त्यस्तै जर्मनीमा हिटलरले जर्मन जाति शुद्ध आर्य रगत भएको भनी सारा संसारमा शासन गर्ने नैतिक अधिकारको वकालत गरे र अन्तर्राष्ट्रिय समाजवाद होइन 'राष्ट्रिय समाजवाद' को नारा दिएर जर्मन जातिका जनता बसोबास गरेका छिमेकी देशहरूमा जर्मनीले कब्जा गऱ्यो र रुसमाथि आक्रमण गऱ्यो ।

नेपालका प्रजातान्त्रिक समाजवादी नेका, कम्युनिस्ट एमाले, एमाओवादी, समाजवादी र शासनमा भाग लिने अनेक क्षेत्रीय र साम्प्रदायिक दलहरूको आ–आफ्नो पार्टीको नामअनुसार सरकारमा रहँदा काम गरेनन्; न त निर्वाचन घोषणापत्रअनुसार नै काम गरे । ती सबैले नेपाली राष्ट्रिय पुँजीपतिवर्गको पक्षमा नभई विदेशी दलाल पुँजीको सेवा गरिरहे; कम्युनिस्ट भन्नेहरूले न गरिब किसानको हितमा भूमिसुधार गरे न त ज्यामी र मजदुरहरूको हितमा योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको सिद्धान्त लागु गरे । काङ्ग्रेस, एमाले, माओवादी, समाजवादी र अन्य दलहरूले भए भरको सार्वजनिक कलकारखाना र उद्योगहरू निजीकरण गरेर समाजवादी अर्थव्यवस्थाको उल्टो काम गरे ।

छाला तथा जुत्ता कारखाना, भृकुटी कागज कारखानाजस्तै अन्य धेरै उद्योगहरू, ट्रली बस र अन्य सबै सेवाहरू निजी बनाउनु के समाजवादी अर्थव्यवस्थाको उल्टो काम भएन ?

३० वर्षको प्रजातन्त्रवादी र गणतन्त्रवादी भन्नेहरूले राणा शासन र ३० वर्षीय पञ्चायत कालमा जस्तै प्रधानमन्त्री र मन्त्रीहरूले के आ–आफ्ना छोराछोरी, भाइभतिजा, छोरी र बुहारीहरूलाई पदमा राखेनन् ? पूर्वराजाले गर्ने काम नै प्रधानमन्त्री र शासकहरूले गरेपछि के यी बहुदलवादी नेताहरू राजावादी भएनन् ? जनताको गुनासो यही हो ।

**माओ....**

सङ्घका अध्यक्ष विक्रम धुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र सचिव पुण्यराम न्हुछेले पनि स्तालिन र माओ त्सेतुङको योगदानबारे चर्चा गर्नुभएको थियो ।

### युवाहरूलाई सङ्घर्ष गर्न उत्साहित गर्नुपर्ने

भक्तपुर । विश्व कम्युनिस्ट आन्दोलनका महान् गुरुहरू स्तालिन तथा माओ त्सेतुङको जन्म दिवसको अवसरमा नेमकिपा, सूर्यविनायक वडा नं ५ एकाइ समितिले शनिबार एक कार्यक्रमको आयोजना गरेको छ ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले महान् नेताहरूको जन्म दिवस मनाउनुको अर्थ उहाँहरूको जीवनको सङ्घर्षबाट सिक्नु हो भन्नुभयो । उहाँले प्रत्येक राजनीतिक तथा सामाजिक कार्यकर्ताले इतिहास, भूगोल, साहित्यलगायत समसामयिक राजनीतिबारे गम्भीर तथा नियमित अध्ययन गर्नुपर्ने धारणा राख्नुभयो ।

युवाहरूलाई कठिन सङ्घर्ष गर्न उत्साहित गर्नुपर्ने भन्दै केन्द्रीय सदस्य गोसाईले राजनीतिक नेता, कार्यकर्ता तथा समाजका अगुवाहरूको त्याग र समर्पण नभई देशमा आमूल परिवर्तन हुनसक्दैन भन्नुभयो ।

नेमकिपा, सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छेले स्तालिन र माओबाट मानिसलाई उत्साहित बनाइरहने विचार राख्नुभयो ।

आयोजक समितिका अध्यक्ष रामकृष्ण बखुन्छेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पार्टी वडा समितिका चनमती खुलिमुली र राजेन्द्र बखुन्छेले पनि बोल्नुभएको थियो ।

### चीनको समृद्धिले साम्राज्यवादी र पुँजीवादीहरू त्राहिमाम

ललितपुर । विश्व सर्वहारावर्गका महान् गुरु अध्यक्ष माओको १३० औँ जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिको आयोजनामा पुस २१ गते शनिबार ललितपुर महानगरको त्यागलमा अन्तरक्रियात्मक अध्ययन गोष्ठी भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एनबी श्रेष्ठले भन्नुभयो, "जनवादी गणतन्त्र चीनले आज संसारका प्राय: सबै देशका जनतालाई सहयोग गर्ने कार्य गरिरहेको छ । अमेरिकाको लागि चाहिने कुल आवश्यक वस्तुको पचास प्रतिशत चीनले पूर्ति गरिरहेको छ । व्यापारमा चीन नाफामा र अमेरिका घाटामा रहेको तथ्याङ्कले बताइरहेको छ । यो समाजवादी व्यवस्थाको देन हो । चिकपाका अध्यक्ष माओ त्सेतुङको बहुआयामिक व्यक्तित्वका कारण चीनको यो उन्नति सम्भव भएको हो । वर्तमान चीनको समृद्धि र विकासको आधारशीला अध्यक्ष माओले तयार गर्नुभएको हो । चीनको समृद्धि र जनहितको शासन प्रणालीले गर्दा साम्राज्यवादी देशहरू संरा अमेरिका, बेलायत, जापान र पुँजीवादी एवम् विस्तारवादी देश भारतलगायतका देशहरू त्राहिमाम बनेका छन् ।"

सभापतिको आसनबाट नेपाल मजदुर किसान पार्टी ललितपुरका अध्यक्ष राजवीर डंगोलले कम्युनिस्ट पार्टीभित्र क्रान्तिकारीहरू सबै समान हुन्छन्, तह र पदले तात्त्विक फरक पर्दैन, सहर र गाउँका नेता भनी भेद गर्नुहुन्न भन्ने मान्यता स्थापित गरिन्छ भन्नुभयो । "चीनको सांस्कृतिक क्रान्तिले विद्यार्थीलाई आलोचनात्मक दृष्टिकोण राख्न उत्साहित गऱ्यो । सहरी उच्च माध्यमिक तह उत्तीर्ण दसौँ लाख विद्यार्थीहरूलाई गाउँ फर्काउने वा कलकारखानामा पठाउने वातावरण मिलाई गाउँ वा उद्योगमा सेवा गर्न लगाउने कार्य सांस्कृतिक क्रान्तिमा भयो," उहाँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सचिव नरेश महर्जनले अध्यक्ष माओले सन् १९६६ मा सुरु गर्नुभएको सांस्कृतिक क्रान्तिबारे जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जनवादी गणतन्त्र चीनको वर्तमान अवस्थामा पुऱ्याउने आधार अध्यक्ष माओले नै तयार गर्नुभएको हो । चीनको प्रगति कम्युनिस्ट व्यवस्थाले ल्याएको हो । प्रजातान्त्रिक वा पुँजीवादी देशमा गरिबी निवारण गर्ने लक्ष्य राखिएको हुन्छ तर कुनै देशले गरिबी निवारण गर्न सकेन । विश्वको धनाढ्य देश संरा अमेरिकामा प्रजातन्त्र स्थापना भएको ३ सय वर्ष भयो तर गरिबी निवारण होइन बढ्दै छ । प्रजातन्त्रिक देश भनिएको भारतमा ५० प्रतिशतभन्दा बढी जनता गरिबीको रेखामुनि छन् । यसले प्रजातान्त्रिक देश र समाजवादी देशको भिन्नता कतिको हुन्छ भन्ने कुरा प्रस्ट्याएको छ । चीनले गरिबी अन्त्य गरेको छ; सबै शिक्षित र एक न एक सीप सिकेका युवा तयार गरेको छ ।"

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले भन्नुभयो, "सन् १९६० को दशकमा चीनमा ठूलो आर्थिक सङ्कट आइपऱ्यो । माओले त्यसबेला सामान्यरूपमै जीवन यापन गर्नुभयो । अन्तत: सन् १९४९ अक्टोबर १ को दिन अध्यक्ष माओ त्सेतुङले जनवादी गणतन्त्र चीनको घोषणा गर्नुभयो ।"

कार्यक्रममा एल पी गौतमले भन्नुभयो, "अध्यक्ष माओले जनताको सेवा गर्नमा कार्यकर्ताहरूलाई जोड दिनुभयो । हुनान किसान आन्दोलन, ताइपिङ विद्रोह, लामो हिँडाइ, गाउँबाट सहर घेर्ने नीति, अन्तर्राष्ट्रवादी भावना र वर्गीय चेतनाको विकासले विभिन्न सङ्घर्षलाई अगाडि बढाउन सकेकै कारणबाट चीन देश जापान, अमेरिका, बेलायत, फ्रान्सलगायतका साम्राज्यवादी देशको चङ्गुलबाट मुक्ति पाउन सकेको हो ।"

उहाँले भन्नुभयो, "अध्यक्ष माओको भनाइअनुसार सबै समस्याको समाधान पुस्तकबाट मात्र हुन्न, सङ्गठनमा सल्लाह र छलफलको आवश्यकता छ । फेरि क्रान्तिको बेला किताब च्यापेर बस्नु बेठीक हो । वर्गसङ्घर्षमा उत्रनु अनिवार्य छ । कम्युनिस्ट कार्यकर्तामा कम्युनिस्ट आचरण हुनु आवश्यक छ । सदा देश र जनताको सेवा गर्ने प्रवृत्ति देखाउनु आवश्यक छ ।"

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य कवीन्द्र डंगोलले अहिले सी चिनफिङले अपनाउनुभएको बीआरआई (क्षेत्र मार्ग अगुवाइ), जीएसआई (विश्व सुरक्षा अगुवाइ) र जीडीआई (विश्व विकास अगुवाइ) जस्ता परियोजना अध्यक्ष माओकै आधारशिलामा तयार भएको हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ ललितपुरका अध्यक्ष अशोक महर्जनले माओ त्सेतुङले बाल्यकालदेखि नै गरिब जनताको पक्षमा कार्य गर्नुभई चीनमा समाजवादी क्रान्ति गर्न नेतृत्व प्रदान गर्नुभएको बताउनुभयो ।

कार्यक्रममा विद्यार्थी दीप महर्जन, लक्ष्मी बज्राचार्य, दिलमाया श्रेष्ठलगायतले माओको योगदानकै कारण आधुनिक चीनको उदय भएको, मार्क्सवादी विचारधारा अझ सशक्तरूपमा अगाडि बढ्न सकेको, समाजवादी व्यवस्था पुँजीवादी व्यवस्थाभन्दा राम्रो हो भन्ने स्थापित भएको बताउनुभयो ।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी-६

**हरिबहादुर श्रेष्ठ**

**कृषि**

**भाइ राजु र बहिनी दीपा,**


तिमीहरूले आफ्नो पत्रमा कृषि क्याम्पसमा भर्ना हुन चाहने साथीहरूको इच्छाबारे लेखेका थियौ। हाम्रो देश कृषिप्रधान देश हो अर्थात् ८० प्रतिशत जनता कृषिमा आधारित छन् र देशको आम्दानीको एउटा भाग कृषिबाटै हुन्छ। घरको जग भूमिमै भएजस्तै देशको अर्थतन्त्रको जग कृषिबाटै सुरु हुन्छ। उद्योगको स्थापना भूमिमै हुन्छ; खाद्यान्न खाएरै उद्योगमा मजदुरहरू काम गर्छन्; उद्योगलाई चाहिने कच्चा माल खेतीपाती वा जमिनबाटै आउँछ; बहुमत जनताको जीवनस्तर बढेमा तिनीहरूको क्रयशक्ति बढ्छ अनि औद्योगिक उत्पादन देशमा खपत हुन्छ। खाद्यान्न र कृषिमा आत्मनिर्भर नभएमा नेपालजस्तो विकासशील एवम् गरिब तथा भूपरिवेष्टित देशलाई अगाडि बढाउन सजिलो हुँदैन।

तिमीहरूले तर्क गरौला - अहिले गलैंचा, तयारी पोशाक र अन्य सामानको विदेश व्यापारले विदेशी मुद्राको ठूलो राशि आम्दानी हुन्छ; विदेशमा गई काम गरेका नेपालीहरूले पठाएका विदेशी मुद्रा तथा विदेशी सहयोग वा ऋणले देश चलिरहेछ; कृषि र अन्नमा आत्मनिर्भरता पुरानो सिद्धान्त हो।

विकसित देशबाट अर्थशास्त्र पढेर आएका केही नेपाली बुद्धिजीवीहरूको यस्तै दृष्टिकोण सुन्न पाइन्छ। वैदेशिक व्यापार त सामान किन्ने विदेशी सरकार र व्यापारीहरूको इच्छा तथा हितमा भर पर्छ। तिनीहरूलाई फाइदा भएन भने वा तिनीहरूको राजनीतिक उद्देश्यसँग मेल खाएन भने, तिनीहरूको राजनीतिक दबाव नेपालले मानेन भने तिनीहरूको एउटै नीतिले महिना दिनभित्र हाम्रो विदेश व्यापार तासको घरजस्तै ढल्नेछ। त्यतिमात्रै होइन, नजिकका छिमेकी देशहरू हिन्दुस्तान र पाकिस्तान वा ग्राहक देशहरूका छर-छिमेक वा दायाँबायाँका देशहरूमा अशान्ति र युद्ध भएमा हाम्रो विदेश व्यापार अवरुद्ध हुनेछ। हाम्रो कति गलैंचा र तयारी पोशाकको उद्योगमा विदेशी पुँजी लगानी छ। नाफाको ठूलो भाग विदेशमै जाने गर्छ तथा हाम्रो अति सस्तो ज्याला र कर सुविधाको फाइदा तिनीहरूले उठाइरहेका छन्।

हाम्रो देश पनि विश्व व्यापार सङ्गठनको सदस्य भएको केही वर्ष भयो। विश्व व्यापार सङ्गठनका धेरै नियम र ऐन-कानुन वा सन्धि-सम्झौताहरू छन्। हामीसँग त्यसका जानकारहरूको अत्यन्त कमी छ। कुनै पनि बेला त्यसको नियमले हाम्रो सामानको गुणस्तर वा उत्पादन शैली र प्रविधिबारे खिचलो उठाएर दुःख दिनेछ र व्यापारमा रोक लगाउन सक्नेछ वा आर्थिक नाकाबन्दीसमेत लगाउन सक्नेछ।

यही कुरा विदेशमा काम गर्ने नेपालीहरूलाई पनि लागु हुन्छ। तिनीहरूलाई फिर्ता पठाउने, मुद्दा लगाउने, भेदभाव गर्ने, आधा वा एक चौथाइमात्रै ज्याला र सुविधा दिने वा अनेक राजनीतिक उद्देश्यले नेपालमाथि दबाब दिएर आम्दानी घटाउने वा नेपालीहरू फिर्ता पठाउने अनेक अप्ठ्याराहरू तेर्सिने सम्भावना सदा 'डेमोक्लसको तरबार' जस्तै झुन्डिरहेको छ।




त्यस्तै, विदेशी सहयोग कुनै पनि निहुँमा रोक्न सक्नेछन्, विदेशी ऋण त दिन दुई गुणा रात चौगुणा भई जाने पासोमात्रै हो। विदेशी मुद्रा र सुनको मूल्यमा आउने घटबढले मात्र पनि नेपालले एकै रातमा अरबौं रुपियाँको घाटा बेहोर्नुपर्ने स्थिति आउँछ। विदेशी मुद्राको अत्यन्त ठूलो चाप बढ्दै गएमा नेपाली मुद्राको मूल्य घट्दै जाने डर सधैं रहनेछ। यसकारण, वैदेशिक व्यापार र विदेशी मुद्राको भरमा बस्नुभन्दा खाद्यान्न र कृषिमा आत्मनिर्भर अर्थतन्त्र अति आवश्यक छ।

तिमीहरूले भनौला, "नेपालभन्दा जनसङ्ख्या र आकारले साना देशहरूमा ३ प्रतिशत जनतामात्रै कृषिमा आधारित छन् र तिनीहरूको उत्पादनले ३ महिनालाई पनि पुग्दैन भने हामीमात्रै किन कृषिमै भर पर्ने?" पुराना साम्राज्यवादी शक्तिहरूले एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशमाथि औपनिवेशिक शासन चलाइसकेको हुनाले आज पनि ती देशहरूबाट खाद्यान्न र कृषि उत्पादन एवम् आवश्यक कच्चा पदार्थ सस्तोमा आयात गरी महँगोमा आफ्नो तयारी मालसामान निर्यात गर्छन्। नेपाल स्वयम् बेलायती साम्राज्यवादको अर्ध-उपनिवेश बनेको र विकासशील भएको हुनाले हाम्रो स्थिति तिनीहरूको भन्दा फरक छ। आज पनि पूर्व-औपनिवेशिक शक्तिहरूले पूर्व-उपनिवेशहरूमा सेना राखेका छन् र ती देशलाई अनेक असमान सन्धिहरूले बाँधेका छन्।



फिडेल क्यास्ट्रो

यी सबै कारणले पनि नेपाल अन्न र कृषिमा आत्मनिर्भर हुन आवश्यक छ। देशकै भूमिलाई आधार बनाएर तथा देशकै अन्न खाएर हामीले उद्योगधन्दा, बन्द व्यापार मात्रै गर्ने होइन, आवश्यक परे त्यसको भरमा देश र जनताको रक्षाको निम्ति सङ्घर्ष पनि गर्नुपर्ने हुन्छ। खाद्यान्नमा समेत अरूको भर पर्‍यौं भने आर्थिक नाकाबन्दीबाटै पराइले हाम्रो देशको स्वतन्त्रता र सार्वभौमिकतामाथि धावा बोल्नेछ।

जनतालाई खुवाउन, जगेडा राख्न, बढी भएको कृषि-उत्पादन बेचेर आवश्यक सामान भित्र्याउन, कृषि उत्पादनमा वृद्धि र विविधता ल्याउन तथा तुलनात्मकरूपमा कृषि उत्पादन बढाउन हामीसँग धेरै कृषि विशेषज्ञ चाहिन्छ। विभिन्न जिल्ला, दुर्गम क्षेत्र, हिमाल, पहाड, तराई र खोँचहरूको हावापानी एवम् माटोअनुसारको कृषि उत्पादनमा विविधता ल्याउन तथा उत्पादन वृद्धि गर्न कृषिमा विभिन्न खालका विशेषज्ञ हामीलाई आवश्यक छ।

त्यसैले, हाम्रा भाइबहिनीहरूले कृषि विशेषज्ञ र प्राविधिक बन्न कृषि अध्ययन संस्थान वा क्याम्पसहरूमा अध्ययन गर्नु आवश्यक छ। चीनको क्रान्तिपछि हरेक चिनियाँ युवाहरूले कृषि विशेषज्ञ र प्राविधिक बन्ने इच्छा राख्थे भने प्रजग कोरियाका गाउँका हरेक सहकारी संस्था कृषि कलेजजस्तै छन्। त्यस्तै, क्युबाका पार्टी महासचिव एवम् राष्ट्रपति क्यास्ट्रो र अन्य नेताहरूको ध्यान उखु खेती तथा चिनी, सुर्ती र सिगारजस्ता उत्पादनहरूमा हुन्थ्यो। हामीले पनि कृषि अध्ययन र उत्पादनमा ध्यान दिनु अत्यन्त आवश्यक छ।

हामीसँग केही कृषि वैज्ञानिक र विशेषज्ञहरू नभएका होइनन्, अझै अपुग छन्। हामीसँग राम्रा-राम्रा कृषि वैज्ञानिक र विशेषज्ञहरू हुँदाहुँदै पनि खाद्यान्नमा हामी आत्मनिर्भर नहुनु तरकारी र फलफूलसमेत विदेशबाट आयात गर्नुपर्ने स्थितिको वास्तविक कारण कृषिबारे सरकारको नीति, मन्त्रालय र विभागमा वर्षौंवर्ष काम गर्ने माथिल्ला कर्मचारीहरूको निकम्मापन हो।

कृषि मन्त्रीहरू विदेशबाट रासायनिक मल झिकाउन अरबौं रुपियाँको कमिसनमा ध्यान दिन्छन्; कृषि अनुसन्धान केन्द्रहरूबारे जानकारी राख्दैनन्; देशको बजेट बन्नुभन्दा पहिले कृषि वैज्ञानिक र विशेषज्ञ वा अनुसन्धान केन्द्रहरूसँग छलफल गर्ने गर्दैनन्। देशमा नक्कली, कमसल तथा म्याद नाघेको रासायनिक मल आयात हुन्छ र नक्कली मल-कारखाना बनाउन मन्त्रीहरू आफैं संलग्न हुन्छन्।

यस्तो स्थितिबाट देशलाई जोगाउन युवा कृषि वैज्ञानिक, विशेषज्ञ, प्राविधिक र कृषक कार्यकर्ताहरूको ठूलो खाँचो छ। त्यो खाँचो पूरा गर्न भाइबहिनीहरूले कम्मर कस्ने बेला आएको छ।

**पर्यटन**

नेपाल विविध हावापानी, हिमाल, पहाड, तराई, खोँच, उपत्यका, वन-जङ्गल, ताल-तलैया र अनेक रमणीय स्थलहरूको सुन्दर देशमात्रै होइन; विविध भाषा, जाति र जनजाति एवम् चेपाङ, राउटे र कुसुन्डाजस्ता वन्य र घुमन्ते जातिहरूको कला, संस्कृति एवम् आ-आफ्ना विशेषता तथा मानव सभ्यताको विभिन्न स्तरमा अवस्थित समुदायहरूको पनि देश हो। त्यस्तै, विभिन्न धर्म र विश्वासको विकास भएका र विविध धर्ममा आस्था राख्ने जनताको देश हो। पाषाण युगदेखि २१ औं शताब्दीसम्मका विकासका चरणहरूको स्थितिको जानकारी प्राप्त गर्न सकिने अनेकौं उत्खनन क्षेत्रहरू भएको देश पनि हो।

जुम्लामा खस राज्यका अवशेषहरू पाइन्छन् भने दैलेखमा भिन्नै संस्कृतिको राज्यका अवशेषहरू पाइन्छन्; त्यस्तै सुर्खेतमा काँक्रेविहारको उत्खनन र अध्ययन बाँकी छ भने लुम्बिनी र बौद्धकालका अनेक क्षेत्रहरू उत्खनन गर्न बाँकी नै छन्।

त्यस्तै बुटवल, नारायणगढ, सिम्रौनगढ, जनकपुरको मिथिला संस्कृति तथा काठमाडौंका किराँतकाल, लिच्छविकाल र मल्लकालका विषयमा धेरै उत्खनन, अध्ययन र अनुसन्धान गर्न बाँकी छ। साथै, पूर्वी नेपालमा महाभारतकालका किंवदन्तीहरूमात्रै होइन, राई-लिम्बु, धिमाल र राजवंशीहरूको भाषा, रीतिरिवाज, कला र संस्कृतिको अध्ययन र अनुशीलनका धेरै फाँटहरू खाली छन्।

नेपालका गुरुङ, मगर, तामाङ, राई, लिम्बू र नेपालभाषा (नेवारी) सँग तिब्बती, चिनियाँ, मङ्गोली र अन्य अस्ट्रो-एसियाली भाषाहरूको तुलनात्मक अध्ययनले आजसम्म अनुमानको गर्भमा रहेका अनेक तथ्यहरू उद्घाटित हुनेछन्।

ती सबै कारण र विविधताले नेपाल पूर्व र पश्चिमका पर्यटकहरूको निम्ति एक गन्तव्यस्थल बन्दै छ। पर्यटन उद्योग नेपालको निम्ति अत्यन्त राम्रो सम्भावना भएको क्षेत्र हुँदा नयाँ पुस्ताको निम्ति होटल व्यवसाय, यात्रा र पर्यटनको अध्ययनको निम्ति एउटा ठूलो फाँट नै खुला छ। होटल व्यवसायको निम्ति पाकशास्त्र, सूचना प्रविधि, यात्रा बन्दोवस्त आदि विषयका प्राविधिक र ज्ञाताहरू आवश्यक छन्।


युरोपियन पर्यटकहरूको सेवाका निम्ति अङ्ग्रेजी, जर्मन, फ्रान्सेली र अरू भाषाका राम्रा दोभाषेहरू चाहिन्छ भने ल्याटिन अमेरिकी देशहरूको निम्ति ल्याटिन भाषाका दोभाषेहरू अति आवश्यक छन्। त्यसरी नै चीन र भारतजस्तो विशाल देशहरूका लाखौं पर्यटकहरूका निम्ति चिनियाँ भाषा र भारतका विभिन्न प्रान्तका भाषाका जानकारहरू हामीसँग हुनु अति आवश्यक छ।

जापान, थाइल्यान्ड, श्रीलङ्का, मङ्गोलिया, भियतनाम, कम्बोडिया, लावस, बर्मा (म्यानमार) जस्ता बौद्ध धर्म मान्ने देशहरूका पर्यटकलाई पनि स्वागत गर्न नेपाल तयार हुनैपर्छ।

पर्यटकको अर्थ २-४ दिन वा एक दुई हप्ता घुमफिर गरेर जानेमात्र होइन, विविध विषयमा अनुभव र अनुसन्धान गर्न महिनौं बस्ने गरी पनि आउँछन्। बौद्ध धर्मकै विषयमा अध्ययन गर्न चाहेमा पाली भाषाका ज्ञाताहरू पर्यटन उद्योग-व्यवसायीसँग हुनु आवश्यक छ। त्यस्तै, अरू विषय र भाषाका जानकारहरूको पनि त्यत्तिकै खाँचो छ।

पर्यटकको मनोरञ्जनको निम्ति विभिन्न जाति र भाषा-भाषी, नाचगानलाई संरक्षण र सम्वर्द्धन गर्नु त्यत्तिकै आवश्यक छ भने त्यसबारे विदेशी भाषामै वैज्ञानिक ढङ्गले व्याख्या गर्ने पुस्तिकाहरूका निम्ति लेखकहरूको पनि त्यत्तिकै आवश्यकता खट्किन्छ।

यस हिसाबले पर्यटन उद्योग नेपालको निम्ति एउटा ठूलो सम्भावना भएको व्यवसाय हो। यसका अनेकौं हाँगाबिँगा भएको हुनाले स्नातक वा सोभन्दा उच्च शिक्षा हासिल गर्ने भाइबहिनीहरूले शिक्षाको अध्ययनमा विचार गर्नु पनि अत्यन्त लाभदायक हुनेछ। अहिले हाम्रा कति भाइबहिनी यस विषयको अध्ययन गर्न विदेश जाँदै छन् भने हाम्रै देशमा पनि यसको अध्ययन र अध्यापन सुरु भइसकेको छ।




नेपालको भौगर्भिक बनोट

**भूगर्भशास्त्र**

**भाइ राजु र बहिनी दीपा,**

तिमीहरूले भूगर्भशास्त्रको अध्ययन गर्न चाहने विद्यार्थीहरूबारे पनि लेखेका थियौ। त्यसबारे केही बताउन चाहन्छु। त्यसबारे चाख बढ्नु, जानकारी राख्न खोज्नु र अध्ययन गर्नु उत्तम कुरा हो। तिमीहरूलाई थाहै छ, नेपालका विभिन्न ठाउँमा अनेक प्रकारका चट्टान र खनिज भेटिएका छन् भने अझै पनि कति ठाउँ पत्ता लगाउन बाँकी नै छ।

हाम्रा केही भूगर्भविद् र खनिज क्षेत्रका ज्ञाताहरूले यसबारे नेपालमा शून्यबाटै सुरु गर्नुपर्ने बताउँछन्। हाम्रो चुरे पहाडको पूर्वदेखि पश्चिमसम्म चुन ढुङ्गाका खानी छन्। ती चुन ढुङ्गाका पहाड ढुङ्गा नभई सुन हुन् भनी ती ज्ञाताहरू बताउँछन्। ती चुन ढुङ्गा खालि कीरा मार्न छर्ने औषधी, पानमा



टोनी हेगन

प्रयोग हुने मसला वा घरको लिपपोत गर्ने रङ्गमात्र होइनन्, औषधी (ट्याब्लेट) पनि चुनकै बन्छ। सालाखाला ती चक्कीमा ८० प्रतिशत चुन हुन्छ भने २० प्रतिशत अन्य औषधी वा रासायनिक वस्तु हुन्छ। वर्षको अरबौं रुपियाँको हाम्रो चुन ढुङ्गा केही लाख वा केही करोड रुपियाँ शुल्क तिरेर भारत लगिन्छ र त्यसबाट उत्पादित अरबौं रुपियाँको औषधी नेपालले किन्छ।

त्यतिमात्रै होइन, चुन ढुङ्गाको कपडा पनि बन्छ। चुन ढुङ्गामा अरू रासायनिक वस्तुहरू मिलाएर कपासजस्तो नरम र चिप्लो वस्तु बनाइन्छ। त्यसैबाट धागो र कपडा बन्छ। उत्तर कोरियामा चुन ढुङ्गाबाट बनाइएको लुगा साह्रै प्रचलित छ।

चुन ढुङ्गाले ईँटा बनाउन सकिन्छ। अहिले काठमाडौं उपत्यकामा माटोको ईंटा बनाउँदा एकातिर सयौं वर्षमा बन्ने उर्वर माटो नास हुँदै छ भने अर्कोतिर कोइलाको धुँवाको प्रदूषणले मानिसको स्वास्थ्य, वनस्पति र वातावरणलाई दूषित पार्दै छ। चुन ढुङ्गाबाट ईंटा बनाउने प्रविधि विकास गरे हाम्रो उर्वर माटोको क्षति हुँदैन; अन्न उब्जने खेत मासिन्न र प्रदूषण पनि हुँदैन। चुनलाई ईंटाको साँचोमा ढालेर 'म:म:' र 'योमरी' जस्तै केही मिनेट बफ्याउँदा ईंटा बन्छ; प्रदूषण २-४ प्रतिशतमा घट्छ। चुनको ईंटामा किला ठोक्न र काठजस्तै करौंतीले चिर्न पनि सकिन्छ। भने अनुसारको आकार र रङमा त्यसको उत्पादन गर्न सकिन्छ। विशेषज्ञको भनाइअनुसार ग्रीस र रोमको सभ्यताका भवनहरू चुन ढुङ्गाकै हुन् र त्यसका अवशेषहरू आज पनि बाँकी छन्। नेपालमा सीसा बनाउने बालुवा पनि यत्रतत्र छ भन्ने सुनिन्छ।

केही लाख रुपियाँ राजश्व तिरेर करोडौं-अरबौं रुपियाँको खरीढुङ्गा चरिकोटबाट भारत पुऱ्याइँदै छ। त्यही खरीढुङ्गाका बट्टा वा नेपालको भौगर्भिक बनोट साना सिसीका पाउडर र क्रिमजस्ता सामान भारतबाट ल्याई करोडौं-करोड रुपियाँ नेपालबाट विदेश लगिन्छ। खरी ठूल्ठूला कारखानाका भट्टी र अन्य वस्तुमा पनि प्रयोग हुन्छ। सिंहमर्मरबारे सबैलाई थाहै छ। गोदावरीको सिंहमर्मर खानी पनि विदेशीकै हातमा छ।

दुई-तीनवटा ढुङ्गाको त यस्तो महत्त्व र मूल्य हुन्छ भने नेपालमा सुन, चाँदी, हीरा, जवाहरात र अनेक मणि-माणक तथा अन्य धातुहरू पनि छन्। ती सबैबारे जान्ने व्यक्तिहरूको साह्रै कमी छ। पत्ता लगाउनुपर्ने अझै ठाउँ धेरै छन्; त्यत्तिकै सङ्ख्यामा भूगर्भविद्हरूको खाँचो छ। एकातिर 'माल पाएर के गर्नु चाल पाए पो' भन्ने उखानजस्तै हामी नेपालीले अप्ठेरो भोगिरहेका छौं भने त्यसबारेका जानकारहरूको अभावमा सरकारको ध्यान त्यतातिर गइरहेको छैन। त्यसो त राणाकालमा समेत खनिजहरू भेट्टाइएको र उपयोग गरेकै कारण कति गाउँको नाम नै सीसा खानी र सुनखानी छन्। तामा खानी त यत्रतत्र भएको सबैलाई थाहा छ। त्यसैले, देशका हरेक जिल्ला र क्षेत्रमा भूगर्भ वैज्ञानिकको खाँचो छ।

भूगर्भशास्त्रका पनि धेरै हाँगाबिगा छन्। तीमध्ये चट्टानहरूको स्वरूप, त्यसमा आउने परिवर्तन, नक्सा आदि विषयको निर्माणसम्बन्धी अध्ययन भूगर्भशास्त्रले गर्छ भने पृथ्वीको अध्ययन, भूकम्प, ज्वालामुखी, खोला-नाला, मरुभूमि तथा पृथ्वीको आन्तरिक र बाह्य स्वरूपको विस्तृत अध्ययन भौतिक भूगर्भशास्त्रले गर्छ।

खनिज विज्ञानले के-कस्ता खनिज वा पत्थरहरू कसरी बन्छन्, के-कस्ता ठाउँमा पाइन्छन् र ती खनिजहरूको उपयोगबारे जानकारी दिन्छ। हीरा, जुहारात, मणि, पन्ना, सुन, चाँदी आदि सबै यही हाँगामा अध्ययन हुन्छ।

भूगर्भशास्त्रको अर्को हाँगा जीवाश्म विज्ञान हो र यस विज्ञानमा जीवावशेषहरूको अध्ययन हुन्छ भने ऐतिहासिक भूगर्भ विज्ञानमा पृथ्वीको भौगर्भिक इतिहास, पृथ्वीको उत्पत्ति, हिमाल, पहाड आदिको उत्पत्तिको अध्ययन हुन्छ। यीबाहेक भूगर्भविज्ञानका अन्य हाँगा-बिँगा पनि छन्।

बडो चाखलाग्दो र रमाइलो कुरा त के हो भने, नेपालको विस्तृत भौगर्भिक अध्ययन गर्ने वैज्ञानिक स्वीट्जरल्यान्डका टोनी हेगन थिए। उनी नेपालका मानार्थ नागरिक थिए।

नेपालको भूगर्भको विषयमा व्यापक अध्ययन गर्ने पहिलो व्यक्ति उनी नै हुन्। 'नेपाल' भन्ने उनले एक अत्यन्त महत्त्वपूर्ण पुस्तक पनि लेखे। मनाङ र मुस्ताङ क्षेत्रमा शालिग्राम देखेर उनी दङ्ग परे किनभने शालिग्राम समुद्रमा मात्रै पाइने वस्तु हो। यसको अर्थ नेपाल कुनै युगमा समुद्रको भाग हुनुपर्छ भन्ने अनुमान छ।

यसकारण, देशको विकास र सम्पन्नताको निम्ति हामीले खनिज वस्तुलाई उपयोग गर्न सक्छौं। त्यसको जानकारी पाउन हाम्रा भाइबहिनीहरूले भूगर्भशास्त्रको अध्ययन गर्नु आवश्यक छ। यो विषय पनि विज्ञानकै फाँटमा आउँछ। म आशा गर्छु, भाइबहिनीहरूले गुरु र प्राध्यापकहरूसँग पनि सोधपुछ गरी जानकारी हासिल गर्नेछौ।

# कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट हुने निर्णय प्रजातान्त्रिक नहुने

काठमाडौँ। प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी पहिलो संशोधन, २०७९ मा सांसदहरूले आ-आफ्नो संशोधन पेस गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विधेयकको दफा १० मा कुनै विषयमा सर्वसम्मति हुन नसके अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय हुने कानुनी व्यवस्था प्रजातान्त्रिक नहुने उल्लेख गर्नुभयो।

सांसद सुवालले भन्नुभयो, "बहुमतको अर्थ पचास प्रतिशतभन्दा बढी सङ्ख्या आवश्यक हुने हो। विधेयकमा उल्लेख पचास प्रतिशतलाई बहुमत लेखिएजस्तै भोलि अध्यक्षको एकमतलाई बहुमत भनी लेखेर संशोधन आउनेछ। यसलाई स्वीकार गर्न सकिँदैन।"

"०४६ सालपछिको संविधानमा रहेको राजासहितको संसद् र सरकारलाई जसरी अस्वीकार गरियो त्यसरी नै संवैधानिक परिषद्मा प्रम, प्रमुख विपक्षी दलका नेता, सभामुख र उपसभामुखसहितको भागबन्डा हुनेलाई स्वीकार गर्न सकिँदैन। यसकारण, संवैधानिक परिषद्सम्बन्धी विधेयकले संविधान संशोधनको माग गर्छ। संविधान संशोधन गर्न सरकार तयार हुनु जरुरी छ।" सांसद सुवालको थप भनाइ थियो।

"स्वार्थ भएको अहिलेको व्यवस्थामा सर्वसम्मति सम्भव छैन। शासक दलहरूलाई अदालतलाई आफ्नो पक्षमा फैसला गराउन आफ्नो प्रधानन्यायाधीश चाहिने, आफू र आफ्ना मान्छे संलग्न भ्रष्टाचारको कारबाही नहुने गराउन अख्तियार प्रमुख आफ्नो चाहिने, आफू र आफ्ना मान्छे संलग्न बेरुजु फछ्र्यौट गराउन आफ्नो महालेखा परीक्षक चाहिने, आफू र आफ्ना मान्छेबाट भएको मानव अधिकार उल्लङ्घनलाई तामेलीमा पठाउन राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष आफ्ना मान्छे चाहिने र तद्अनुसार संवैधानिक परिषद्बाट सिफारिस गराई संसदीय सुनवाइ समितिको बैठकमा औपचारिकतामा सीमित गराउने यो विधेयकको मनसाय हो। यस्तो विधेयक खारेज हुनु जरुरी छ।" सांसद सुवालले स्पष्टसँग राख्नुभयो।

सांसद सुवालले थप्नुभयो, "देशको सन्तुलित विकास नगरी शासक दलका नेता र कार्यकर्ताहरू प्रदेश र सङ्घको राजधानीमा घरजग्गा र अन्य सम्पत्ति जोड्न लागिरहेको र त्यस्तो काम कारबाहीमा भएका गल्ती कमजोरीबाट बच्न संवैधानिक परिषद्मा सर्वसम्मति आवश्यक हुने हो र ? मानिसको जन्मदेखि चिहानसम्म सबै व्यवस्था सरकारले गर्ने स्वार्थरहित समाजवादी व्यवस्थामा मात्र स्वार्थ नरहने र सर्वसम्मति हुनेछ।"

"प्रमुख विपक्षी दलका नेता, सभामुख, उपसभामुख पदहरू संवैधानिक परिषद्मा भागबन्डा लिने पद होइनन्, यी तीनओटै पद सरकारलाई खबरदारी गर्ने पदहरू हुन्। यो विषयमा नेपाल मजदुर किसान पार्टी स्पष्ट छ। यसकारण, संविधान निर्माणको बेला हाम्रो पार्टीले संशोधन राखेको हो। त्यतिबेला हाम्रो संशोधन स्वीकार नगरिएको हुँदा अहिले संवैधानिक परिषद्को बैठक बस्न विलम्ब भइरहेको हो।" सांसद सुवालले स्पष्टसँग उल्लेख गर्नुभयो।

सांसद सुवालले भन्नुभयो, "संविधान संशोधन गरेर संवैधानिक आयोगका पदाधिकारी र मुख्य मुख्य कर्मचारीहरू सम्बन्धित क्षेत्रबाट निर्वाचित गराई नियुक्ति हुने व्यवस्था गर्नु जरुरी छ। यसले सुशासन कायम गर्न मद्दत पुग्नेछ। प्रजातन्त्रमा 'टीको' लगाएर आफ्ना मानिस संवैधानिक आयोगहरूमा नियुक्ति गर्नुलाई स्वीकार गर्न सकिँदैन।

"संवैधानिक परिषद्बाट संवैधानिक आयोगका पदाधिकारीहरू नियुक्तिमा अहिले विलम्ब हुनुको अर्को कारण भारतीय शासकवर्गको निर्देशनमा प्रधानमन्त्रीहरू नियुक्ति हुनु पनि हो। संसद्को पहिलो वा दोस्रो पार्टीले सरकार गठन गर्न नसके नयाँ जनादेशको लागि चुनावमा जाने संवैधानिक व्यवस्था गर्नु आवश्यक छ।" सांसद सुवालले उल्लेख गर्नुभयो।

"सरकारहरूले गरिबलाई उठ्नै नदिने काम गर्दै छन्। सुरुमा राष्ट्रपति चुनावको लागि १ जना प्रस्तावक र १ जना समर्थक भए पुग्ने कानुनी व्यवस्था थियो। नेपाल मजदुर किसान पार्टीले राष्ट्रपति पदमा उम्मेदवारी दिएपछि शासक दलहरू मिलेर राष्ट्रपति उम्मेदवारीको लागि प्रस्तावकमा २५ जना सांसद र समर्थकमा २५ जना सांसद आवश्यक हुने व्यवस्था गरियो। अहिले राष्ट्रियसभा सदस्यमा उम्मेदवारी दिन १०-१० हजार रुपैयाँ धरौटी चाहिने व्यवस्था गरियो। नेपाल बार एशोसियसन र उद्योग वाणिज्य सङ्घको उम्मेदवारी दिन पनि १०, २०, ३०, ४०, ५० हजार रुपैयाँ धरौटी चाहिने व्यवस्था सर्वसाधारणको हितमा छैन।" सांसद सुवालले उल्लेख गर्नुभयो।

सांसद सुवालले अगाडि भन्नुभयो, "भारतीय स्वतन्त्रता आन्दोलनलाई बेलायती साम्राज्यवादले हिन्दू-मुसलमान झगडाको रूपमा विकास गऱ्यो। नेपालमा पनि जातीय दङ्गाफसाद भड्किने सम्भावना छ। राज्यले सबै जातजातिलाई मिलाएर लानुपर्दछ। कतिपय ठाउँमा राज्य खस आर्यको मात्र हो र भनी प्रश्न उठिरहेको छ। बालकुमारीमा सरकारको गोलीबाट दुई युवकको ज्यान गुमेको सेलाउन नपाउँदै सर्लाही बरहथवामा गोलीबाट अर्को युवकको ज्यान गुम्यो। सरकारले निहत्था जनतामाथि गोली प्रहार र बमबारी गर्नु भूमि कब्जा र नरसंहारजस्तै हो। इजरायलले अमेरिकी हतियार ल्याएर प्यालेस्टाइनमा मानव बस्ती, अस्पताल, विद्यालय, कलेज, सांस्कृतिक आस्था केन्द्रहरूमा गरेको बमबारी पनि भूमि कब्जा र जातीय नरसंहार हो। यसको बाँकी संसारले इजरायल र अमेरिकी सरकारको विरोध गर्दै छन्। सरकार यसरी नै गोली चलाउँदै अघि बढे नेपालमा पनि टोलटोलमा सरकारको विरोधमा जुलुस प्रदर्शन र सभा हुनेछ।" सांसद सुवालले उल्लेख गर्नुभयो।

"दुई सयभन्दा बढी पालिकामा प्रमुख प्रशासकीय अधिकृत नखटाइँदा सरकारबाट जनताको चुस्त सेवा भइरहेको छैन। जनतालाई चुस्त सेवा पुऱ्याउने जिम्मेवारी राज्य व्यवस्था तथा सुशासन समितिको पनि हो। यसबारे समितिले सम्बन्धित मन्त्रीलाई निर्देशन दिनु जरुरी छ।" सांसद सुवालले सभापतिको ध्यानाकर्षण गराउनुभयो।

# भूकम्प सुरक्षा दिवसको नारालाई भन्दा कामलाई बढी जोड दिनुपर्ने



काठमाडौँ। नेपाल सरकार गृह मन्त्रालयको आयोजनामा स्वास्थ्य मन्त्री मोहनबहादुर बस्नेतको अध्यक्षता र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवीको आतिथ्यमा २६ औँ भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको बैठक गृह मन्त्रालयको सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा मन्त्री बस्नेतले नेपालले हरेक वर्ष केही न केही प्राकृतिक विपत्ति व्यहोरिरहेको हुँदा नेपालको सुदूरपश्चिम क्षेत्र जाजरकोट र पश्चिम रुकुममा गएको भूकम्पको लागि ३ वटै तहका सङ्घ, प्रदेश र स्थानीय तहहरूले सक्दो सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले विपद् जोखिमबाट बचाउन जनजेतनामूक कार्यक्रमहरूको माध्यमबाट क्षति न्यूनीकरण गर्न सकिने र विपद्पश्चात् उद्धार, राहत र पुन:निर्माणलाई तीव्रता दिन सम्बद्ध सबैलाई ध्यानाकर्षण गराउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भूकम्प सुरक्षा दिवसको नारालाई भन्दा कामलाई बढी जोड दिनुपर्ने बताउनुभयो। उहाँले हालै गएको जाजरकोट, पश्चिम रुकुम र अछाममा गएको भूकम्पमा भएको क्षति, रोकथाम र हालसम्म भएको प्रगतिबारे सबैलाई जानकारी दिनुपर्ने तथा २०७२ सालको भूकम्पपश्चात् भएको पुन:निर्माणको प्रगति समीक्षा बैठकमा हुनुपर्ने बनाउनुभयो। उहाँले सन् २००८ मा जनवादी गणतन्त्र चीनको सिचुआन प्रान्तमा गएको भूकम्पपश्चात् ३ वर्षमा पुन:निर्माण कार्य सम्पन्न गरेको र सन् २०२३ मा टर्कीमा गएको भूकम्पमा कमजोर संरचनाका कारण संरचना भत्केको हुँदा ती कमजोर संरचना निर्माण गर्ने ठेकेदारहरूलाई कारबाही गरेको स्मरण गराउँदै नेपालको सन्दर्भमा भने सरकारले कुनै कारबाही नगरेको तथा पुन:निर्माणमा तदारुकता नदेखाएकोमा बताउनुभयो।

प्रमुख प्रजापतिले भूकम्प सुरक्षा दिवसकै अवसर पारेर भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा माघ २ गते हुन गइरहेको भूकम्पसम्बन्धी प्रदर्शनी र माघ ५ गते हुन गइरहेको भूकम्प गोष्ठी हुने जानकारी दिनुभयो। त्यसलाई उक्त कार्यक्रममा समावेश गर्ने बैठकले निर्णय गऱ्यो।

बैठकमा चन्द्रागिरी नगरपालिकाका प्रमुख घनश्याम गिरीले २६ औँ भूकम्प सुरक्षा दिवस मूल समारोह आयोजना गर्ने जिम्मेवारी प्रदान गरिएकोमा धन्यवाद व्यक्त गर्दै सो कार्यक्रमलाई भव्य रूपमा सफलतापूर्वक सम्पन्न गर्न सम्बद्ध सबै पक्षको सहयोगको अपेक्षा गर्नुभयो।

बैठकले 'स्थानीय स्रोत र प्रविधिको समेत प्रयोग गरौँ, भूकम्प थेग्ने संरचना बनाऔँ' भन्ने मूल नाराका साथ २०८० माघ २ गते हुने २६ औँ भूकम्प सुरक्षा दिवस चन्द्रागिरी नगरपालिकामा आयोजना गर्ने निर्णय गरेको छ।

कार्यक्रममा पुस २६ देखि माघ १६ गतेसम्म हुने विभिन्न कार्यक्रमहरूलाई सफल बनाउन गृह मन्त्रालयका सचिव दिनेश भट्टराई, सहरी विकास मन्त्रालयका सचिव सरजुकुमार वैद्य, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल, ३ वटै सुरक्षा निकायका प्रमुखहरू, एनसेटका कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शन नेपाललगायतले आ-आफ्ना विचार राख्नुभएको थियो।

# नेक्रायुसङ्घ भनसद्वारा ऐतिहासिक चलचित्र प्रदर्शन

भक्तपुर। 'संसारका कामदार जनता एक हौँ' भन्ने नारासहित नेपाल क्रान्तिकारी युवा सङ्घ, भक्तपुर नगर समितिको आयोजनामा विश्व सर्वहारा वर्गका महान् गुरुहरू जोसेफ स्तालिनको १४५ औँ र माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापनाका चरणहरू समेटिएको चलचित्र 'बिगिनिङ अफ ग्रेट रिभाइभल' प्रदर्शन गरियो।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवालले 'बिगिनिङ अफ ग्रेट रिभाइभल' को पृष्ठभूमिबारे जानकारी गर्दै चिनियाँ भाषाको चलचित्रलाई नेपाली भाषामा अनुवाद गरी फिल्मलाई सहज भाषामा बुझाउनुभयो।

समितिका अध्यक्ष जगतराम धुख्वाको सभापतित्वमा भएको कार्यक्रममा गोपालसुन्दर गोसाई र सुतेज दुवालले पनि बोल्नुभएको थियो।

**अफ्रिकी...**

रेडियो स्टेसन कब्जा गरी सेना र प्रहरीले सरकार र संसदलाई भङ्ग गरेको तथा राष्ट्रपति एनक्रुमालाई अपदस्थ गरेको घोषणा गर्यो। तिनले राष्ट्रपति एनक्रुमाको सुरक्षा व्यवस्थादेखि सम्पूर्ण सामान र पुस्तकालय ध्वस्त बनाए। एनक्रुमाको जनता सम्मेलन पार्टीमाथि प्रतिबन्ध लगाइयो। तत्काल अमेरिकी गुप्तचर विभाग पुरस्कृत भयो। एनक्रुमाका पार्टी कार्यकर्तादेखि इमानदार कर्मचारीहरूलाई पक्राउ गर्यो। परिवारलाई बिचल्ली बनाइयो।

चीनमा एनक्रुमालाई घानाको राष्ट्रपतिकै रूपमा भव्य स्वागत गर्दासम्म उनलाई घानाको खबर थाहा थिएन। खबर थाहा दिइएपछि पेचिङस्थित घानाको राजदूतावासबाट आफ्नो प्रतिनिधिमण्डललाई सैनिक विद्रोह दबाउन तत्काल घाना उड्न आदेश दिए र वक्तव्य निकाले। राष्ट्रपति एनक्रुमाले आफ्नो पक्षमा जनता हुन्छन् भन्ने विश्वास राखेका थिए तर साम्राज्यवादी शक्तिको डरले हो कि जनता मौन बसे। दक्षिणपन्थीहरूले अमेरिकी सहयोगमा राष्ट्रिय मुक्ति परिषद् बनाई घानाको संसद् र कार्यकारी शक्ति हत्याएर देशै कब्जा गरे।

एनक्रुमा सन् १९६६ मार्च २ मा गिनी गए। त्यहाँ उनलाई राष्ट्रपति अहमद सेकु तुरेले राजधानी कोनाक्रीमा एक राष्ट्रपतिकै हैसियतमा स्वागत गरे र भने, "गिनीमा एनक्रुमा एक राज्य प्रमुखकै रूपमा रहनुहुनेछ; गिनीयाली प्रजातान्त्रिक पार्टीको महासचिवको रूपमा रहनुहुनेछ।" एनक्रुमाले त्यतिबेला बोले, "म गिनीलाई एक सुरक्षित तयारी स्थलको रूपमा लिन्छु र चाँडै घानाको आक्रा फर्कनेछु।" उनी गिनीमा सह-राष्ट्रपतिको हैसियतले रहे।

घानामा दक्षिणपन्थी नयाँ सरकारले एनक्रुमाको टाउको ल्याउनेलाई एक लाख सेडी अर्थात् एक लाख २० हजार डलर इनामको घोषणा गर्यो। उनी भने दिनरात एउटा ठुलो कोठामा अध्ययनमा डुबेका थिए। उनले मार्क्सवादी साहित्यको सघन अध्ययन गरे। उनी अफ्रिकी स्वतन्त्रता सङ्घर्षका व्यक्तित्वहरूसँग भेटघाट, छलफल र सरसल्लाह गर्थे। उनी अध्ययनसँगै बगैंचाको गोडमेल, घुमफिर र कहिलेकाहीँ टेनिस खेलेर समय बिताउँथे। उनले फ्रान्सेली भाषा सिके। आफूलाई पूर्णत: सैद्धान्तिक अध्ययन र लेखनमा व्यस्त बनाए। उनले मार्क्स, लेनिनदेखि माओ र चे ग्वेभारासम्मलाई अधययन गरे। घानामा स-साना गुप्त सङ्गठन निर्माण सुरु गरे।



घानामा नयाँ सङ्कट देखापर्दै थियो। दक्षिणपन्थी सरकारले घानाको मुद्रा अवमूल्यन र मुद्रास्फीति रोक्न सकेन र जनता मारमा परे। त्यसकारण, जनता नयाँ सरकारप्रति आक्रोशित थिए। एनक्रुमालाई मन पराउने सेनाहरूले विद्रोह गरिरहे। १९७२ जनवरी १५ को दिन कर्नेल इग्नाटियस अचेम्पोङगको नेतृत्वमा भएको सैनिक विद्रोहले एनक्रुमालाई घाना फर्कने बाटो दियो। तर, घाना फर्कने समयमा उनलाई क्यान्सरले छोइसकेको थियो। उनी उपचारका लागि रोमानिया गए र त्यहीँ सन् १९७२ अप्रिल २७ का दिन उनको मृत्यु भयो। अप्रिल २९ मा गिनीले राष्ट्रिय शोक घोषणा गर्यो र तीन दिनसम्म राष्ट्रिय झन्डा झुकायो। गिनीका राष्ट्रपतिले घानाको सरकारले औपचारिकरूपमा जिम्मा नलिएसम्म एनक्रुमाको अस्थि नदिने अडान लियो। त्यसकारण, कोनाक्रीकै 'जनताको दरबार' मा ४० देशका प्रतिनिधिमण्डल र एनक्रुमाको परिवारको सहभागितामा अफ्रिकी स्वाधीनता आन्दोलनमा उनको योगदान स्मरण गर्दै अन्तिम संस्कार समारोह गरियो र गिनीको राष्ट्रिय झन्डा ओढाइयो।

घाना सरकारले राष्ट्रपति सेकु तुरेको सर्त स्वीकार्यो र एनक्रुमाको पार्थिव शरिर आक्रा लगियो। जुलाई १० मा आक्रामा उनको शव दर्शनको निम्ति राखियो। रेडियो र टेलिभिजनबाट उनको जीवन, व्यक्तित्व र योगदानको चर्चा भयो। एक प्रखर वक्ता एनक्रुमाका भाषणहरू बजाइयो। सारा जनता शोकमा दुबे। त्यसपछि उनको शव हेलिकप्टरबाट उनको जन्मथलो एनक्रोफुल लगियो। सन् १९७२ जुलाई १२ का दिन एनक्रुमालाई अन्तिम सलामी दिई समाधिस्थ गरियो।

अफ्रिकाको इतिहासमा उनको विचार राजनैतिक सङ्घर्ष, प्रगतिशील काम र योगदानका कारण एनक्रुमा अमर छन्। उनी घानाको राष्ट्रिय मुक्ति सङ्घर्षका विलक्षण नेता र साम्राज्यवाद, उपनिवेशवादविरोधी सङ्घर्षका योद्धाका रूपमा स्मरणीय छन्। अफ्रिकी देश र जनताको एकता र अफ्रिकामा पुँजीवादी राज्य व्यवस्थाविरोधी सङ्घर्षका प्रतीकका रूपमा पुजिन्छन्। उनले अघि सारेको 'अफ्रिकी विशेषताको समाजवाद' वैज्ञानिक समाजवाद र सशस्त्र सङ्घर्षको दृष्टिकोणबाट अलग थियो। यद्यपि, अफ्रिकी जनताको चेतनास्तर उठाउन, औपनिवेशिक दासताबाट माथि उठ्न, हिनताबोध र लघुताभाषबाट जनतालाई माथि उठाउन उनको योगदान अतुलनीय रह्यो। अफ्रिकी जनताको राजनैतिक, आर्थिक र सामाजिक स्वाधीनताको निम्ति लड्ने एनक्रुमाको जीवनबारे मजदुर–किसान अङ्क ७ मा छापिएको का. गणेश लिखित व्यक्तित्व चर्चा एनक्रुमालाई बुझ्न थप सहयोगी र पठनीय महसुस भयो।




**विस्तारवाद...**

नेपालको विकास सम्भव छैन", अध्यक्ष रोहितले भन्नुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले प्रतिस्पर्धाको युगमा प्रतिस्पर्धा गर्न सक्षम हुनुपर्ने धारणा राख्दै गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक तथा कर्मचारीहरू प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

विश्वविद्यालयले युगअनुसारको पाठ्यक्रम दिन नसक्नु र नतिजा प्रकाशनमा ढिलासुस्ती हुनु पनि विद्यार्थीहरू बिदेशिनुको कारण रहेको उहाँले बताउनुभयो ।

उहाँले यस वर्ष ख्वप कलेजका विद्यार्थीले स्नातकोत्तर तहतर्फ अङ्ग्रेजीमा सर्वोत्कृष्ट नतिजा हासिल गरेको छ भन्नुभयो ।

नेपाल-भारतबिचको सम्झौताले देशका सम्पूर्ण जलविद्युत् वैधानिकरूपमा भारतको कब्जामा गएको चर्चा गर्दै प्रमुख प्रजापतिले भारत नेपाललाई भुटानकै स्थितिमा पुऱ्याउन चाहन्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विश्वविद्यालय भनेको देश र समाजको निम्ति काम गर्ने नयाँ पुस्ता तयार गर्ने थलो हुनुपर्ने धारणा राख्नुभयो ।

डा. नर्मन बेथुन, होचि मिन्ह, चे ग्वेभारा, डा. कोटनिस, चाउएनलाई, लु सुनजस्ता व्यक्तित्वहरूबाट नयाँ पुस्तालाई जानकारी गराउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले हरेक विद्यालय र कलेजमा साप्ताहिकरूपमा विभिन्न साहित्यिक तथा प्राज्ञिक कार्यक्रमहरू चलाउनुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "सांस्कृतिक तथा साहित्यिक गतिविधिमार्फत युवाहरूलाई देशभक्तिको भावना दिनु आवश्यक छ ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले राजनीतिक पार्टी एउटा दर्शन र चिन्तनको चौतारी हुनुपर्ने धारणा राख्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले पनि आतिथ्य ग्रहण गर्नुभएको उक्त कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्ल, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. सुनिल दुवाल, ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले पनि बोल्नुभएको थियो ।

**विदेशी...**

सांसद सुवालले प्रत्येक पालिकामा कृषि र पशु अधिकृत एक एक जना नियुक्ति गरी देशलाई कृषि र दूध एवं मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउनुपर्ने संशोधन विधेयकको दफा ३४ मा प्रस्तुत गर्दै कृषिप्रधान देश नेपालका प्रधानमन्त्री र मन्त्रीहरूलाई भारतसँग दाल, चामल, तरकारी किनेर खानुपर्दा लाज लाग्नुपर्ने होइन र भनी प्रश्न गर्नुभयो ।

सांसद सुवालले ५५ वर्षदेखि भक्तपुरका किसानहरूसँग गाई भैंसीको दूध खरिद गर्दै आएको सल्लाघारीस्थित दुग्ध विकास संस्थानको सङ्कलन केन्द्र बन्द गर्ने पाउडर दूध भारतबाट आयात गर्ने सरकारी निर्णय उखु किसान समाप्त पारी चिनी भारतबाट ल्याइए जस्तै षड्यन्त्र भएको उल्लेख गर्नुभयो ।

विधेयकको दफा ३५ मा संशोधन पेस गर्दै सांसद सुवालले आयोडिनयुक्त नुन उत्पादन र वितरणमा एकाधिकार गरी गुणस्तर घटाउने, मूल्य बढाउने र कर छलीसमेत गर्ने काम निजी कम्पनीबाट भइरहेको हुँदा नेपाल सरकारले नै आयोडिनयुक्त नुन उत्पादन र वितरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सांसद सुवालले विधेयकको दफा ४० मा संशोधन पेस गर्दै सरकारले उद्योग व्यापार गर्न नहुने विकास निर्माणमा संलग्न हुन नहुने दाबी गर्नेहरू खराब उद्योगी व्यापारीसँग कमिसन खाने नियतकै भएको र खराब ठेकेदारले बनाएको कालोपत्र छिट्टै बिग्रिएको हुँदा सरकारले पूर्वाधार निर्माण कम्पनी र जनताको उपभोक्ता समितिमार्फत विकास निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सांसद सुवालले संविधानमा समाजवादउन्मुख व्यवस्था भएको हुँदा विधेयकको दफा ६८ को सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन खारेज गर्नुपर्ने संशोधन पेस गर्नुभयो ।

विधेयकको दफा ८० मा संशोधन पेस गर्दै सांसद सुवालले बीमाको नाममा ठगी भइरहेको नियन्त्रण हुनुपर्ने, निजी बीमा संस्थानहरू खारेज गरी बीमासम्बन्धी सम्पूर्ण सेवा सरकारी बीमा संस्थानले सुलभरूपमा दिनुपर्ने, माघ महिनादेखि स्वास्थ्य बीमाका बिरामीले दस प्रतिशत नगद बुझाउनुपर्ने सरकारी निर्णय खारेज गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेकाका कानुनमन्त्री धनराज गुरुङ यसअघि सांसदमात्र हुँदा मन्त्रीहरूबाट काम नभएको धेरै गुनासो हुने उल्लेख गर्दै सांसद सुवालले मन्त्री गुरुङ सिंहदरबार पसेको एक वर्ष भयो तर सुशासनमा प्रगति नभएको र सिंहदरबार भ्रष्टाचारको अखडा भएको आरोपमा कमी नआएको उल्लेख गर्नुभयो ।

पुस १६ गतेको समिति बैठकमा ७८ ओटा कानुन संशोध हुने विधेयकमा छलफल छिटछिटो गर्न नहुने संशोधनकर्ता सांसदहरूको सुझाव पेस भएपछि एक बैठकमा विधेयकको केही दफामा मात्र छलफल गर्ने व्यवस्था गरिएको थियो ।

# साहित्य समाज परिवर्तन गर्ने ज्यावल हुनुपर्ने

भक्तपुर । चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजद्वारा न्हु दँया भिन्तुना ज्यालीका सहयोगी र विभिन्न दाफा भजनहरूलाई धन्यवादज्ञापन तथा कदरपत्र वितरण शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले मानव सभ्यताको विकाससँगै संस्कृतिको पनि विकास भएको हो; गीत, सङ्गीत, नृत्य मानिसको लागि शारीरिक व्यायामजस्तै हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "अन्धविश्वास त्यागेर विज्ञानसम्मत ढङ्गले जीवन अगाडि बढाउनु प्रगतिशील संस्कृति हो । मानिसको बोलीबचन, आनीबानी, भेषभूषा, खानपान सबै सांस्कृतिक स्तरसँग जोडिएको हुन्छ ।"

उहाँले भन्नुभयो, "प्रधानमन्त्री र मन्त्रीहरूले आ-आफ्ना छोराछोरीलाई मात्र हेरविचार गर्ने होइन, देशभरिका बालबच्चालाई हेर्न जरुरी छ । नेपालमा प्रम र मन्त्रीहरूले जनताका छोराछोरीबारे चिन्ता लिएका छैनन् । नेपालका अधिकांश विद्यालयको विद्यार्थीहरूको शैक्षिक जग कमजोर छ । शिक्षक शिक्षिकाहरूले विद्यार्थीहरूलाई जगैदेखि तयार गर्नु जरुरी छ । साहित्यले समाज परिवर्तन गर्ने ज्यावलको भूमिका खेल्छ, रुसको 'आमा' उपन्यासले कमजोर समाजलाई क्रान्तिले आधार तयार गरेको थियो । नेपालमा यस्तो साहित्य तयार गर्न लेखक, कवि र कलाकारहरूको योगदान हुनु जरुरी छ ।"

नयाँ पुस्तालाई जाँड रक्सी, चुरोट, वियरलगायत खराब बानीबाट टाढा राख्न विद्यालय र अभिभावकहरूको संयुक्त प्रयास आवश्यक भएको उल्लेख गर्दै सचिव सुवालले यसमा प्रगतिशील सांस्कृतिक समाजले पुलको भूमिका निर्वाह गर्नु जरुरी छ भन्नुभयो ।

नेमकिपा चाँगुका अध्यक्ष न्हुछेभक्त फोजुले परम्परागत बाजागाजा, नाचगान र संस्कृति संरक्षण गर्न समय समयमा प्रशिक्षण र प्रतियोगिता गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले चाँगु नपामा कामै नगरी योजना फछ्र्योट गरेर विकासको नाममा आर्थिक अनियमितता गरिरहेको बताउनुभयो ।

समाजका संयोजक मिनबहादुर बाटाको सभापतित्वमा भएको सो कार्यक्रममा रामकृष्ण लिगल र सूर्यबहादुर फोजूले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अतिथि सुवालबाट सहयोगी समूहलाई कदरपत्र र मायाको चिनो वितरण भएको थियो । भेलाले र ामकृष्ण लिगलको अध्यक्षतामा २९ सदस्यीय चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाज पुनः गठन गऱ्यो ।

जाडोको समयमा चिसोबाट बचौं
➢ जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
➢ न्यानो कपडा लगाऔं,
➢ घर तथा कोठा न्यानो बनाऔं,
➢ कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
➢ बालबालिकालाई तेल मालिस गरिदिऔं,
➢ बढी चिसोमा मर्निङ वाक नगरौं,
➢ चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
➢ दैनिक घाम ताप्ने गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

**ऐन...**

खेतीपाती सखाप भई उठीवास हुने उल्लेख गरी विरोध गरिरहेको तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले विधेयकको दफा १७ मा संशोधन पेस गर्दै खानेपानीको अभावमा देशभरि नै जनताको उठिवास बढेको उल्लेख गर्दै सरकारले जनतालाई शुद्ध खानेपानीको व्यवस्था गरिदिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुवालले दफा २४ मा संशोधन पेस गर्दै सरकारले नेपाली जनतालाई घरजग्गा बेच्न लगाएर विदेशी गाडी किन्न लगाउन नहुने र सार्वजनिक यातायात व्यवस्थित गर्न २० वर्ष पुरानो गाडीसमेतलाई मर्मत गराई चलाउन पाउने व्यवस्था गर्नुपर्ने उल्लेख गर्नुभयो ।

दफा ४१ मा संशोधन पेस गर्दै उहाँले खानेपानी व्यवस्थापन बोर्डले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसारको स्वच्छ खानेपानी आपूर्ति गर्नुपर्ने उल्लेख गर्नुभयो । सांसद सुवालले विधेयकको दफा ७२ मा सार्वजनिक वन म्हासेर निजी बनाउनेलाई कारबाही हुनुपर्ने र पाँच वर्षभित्र सार्वजनिक क्षेत्रमा वन क्षेत्र ७५ प्रतिशत पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**एकक्षण** — **क्रिश्चिना**

## दोषीलाई सजाय नगर्नु निर्दोषीलाई सजाय गर्नु हो

सफल सरकार र सरकारको उपस्थितिको एउटा महत्त्वपूर्ण प्रदर्शनमध्ये एक हो- विभागीय केन्द्रीयता र एकरूपता । चालक लाइसेन्स दिनु र लिनुको अर्थ लाइसेन्स धारण गर्ने व्यक्ति आफ्नो वाहन चलाउन योग्य वा जानकार हुन्, नक्कली व्यक्ति होइन र उनीबाट नियम मिचिँदैन तथा उनीबाट हतपती दुर्घटना हुँदैन र बचाउ गर्न सक्ने ज्ञान पनि छ भन्ने अर्थ लाग्छ ।

तर चलाउनै नजान्ने, आफ्नै गाडीलाई पछाडि लान (ब्याक गर्न) नजान्ने र समयमा हर्न (सङ्केत) दिन नजान्ने वा ठाउँ हेरेर (गियर हाल्न) चलाउन नजान्ने वा ब्रेक (रोक्न) समेत राम्रो नजान्ने चालक भएमा ढिलो वा चाँडो दुर्घटना हुनु स्वाभाविक हो । कहिलेकाहीँ सडकको बिचमा गाडी बिसाएर बसेको चालकलाई अन्य गाडीको चालकमार्फत बुझ्न पठाउँदा 'नयाँ गाडी हो, दुई-चार दिनमात्रै भयो, पछाडि लैजान जानेन' भन्ने बतायो । नयाँ चालकले गाडीलाई मालिकको घरसम्म पुऱ्याइदियो । घर नजिकै हुँदा कुनै समस्या भएन ।

चलाउन जान्ने, तर सडकको दायाँबायाँ के कसरी बिसाउने ज्ञान भई नसकेका व्यक्तिहरूले पनि लाइसेन्स धारण गरेको धेरैले अनुभव गरेको विषय हो ।

यसकारण, लाइसेन्स प्रदान गर्नुको अर्थ राजस्व उठाउनु वा गाडी वा वाहनको सूची राख्नु मात्र होइन बरु कुनै बाधा नगर्ने गरी गाडी हाँक्न जान्ने व्यक्ति चालक तयार गर्नुपर्ने हो । व्यवहारमा आफ्नो लाइसेन्स नम्बर भन्न नजान्ने व्यक्तिले पनि लाइसेन्स धारण गरेको र वाहन चलाएको देखिएको छ ।

यस दृष्टिले लाइसेन्स सवारी चलाउन जानेको प्रमाणपत्रको महत्त्व निश्चय पनि ठुलो छ । यसकारण, सवारी लाइसेन्स पाउनुको अर्थ 'राम्रोसँग अर्थात् बिनाअर्थ बाधा-व्यवधान सवारी साधनलाई गन्तव्यसम्म लैजानु र फर्काउनसमेत जान्नु हो । आफूमात्रै सुरक्षित हुने होइन आफ्नो गाडी वा वाहनबाट अरूको वाहन र बटुवाहरूलाई समेत कुनै चोटपटक वा क्षति नपुग्ने गरी चलाउन सफल चालक नै 'राम्रो चालक' हो । ट्राफिक नियमविपरीत गई अरूलाई उछिन्न वाहन हाँक्ने चालक भलादमीपन मात्र नभई अपराध गर्ने तथा नियम मिच्ने दोषी पनि हुनेछ ।

यस्तो गम्भीर विषयमा कुन संस्था र कुन व्यक्तिले भ्रष्टाचार गऱ्यो वा कमायो भन्ने विषयमा ध्यान दिनुभन्दा १ लाख लाइसेन्स पाउन योग्य भइनसकेका व्यक्तिहरूले एउटा एउटामात्रै गल्ती गरेमा हप्ता दिनभित्र १ लाख दुर्घटना गर्नेछन् । महिनामा ४ लाख दुर्घटना र वर्षमा ४८ लाख दुर्घटना हुने सम्भावना छ । ठुलठुला दुर्घटना पनि असम्भव छैन । त्यसैले, वर्षको लाखौं ज्यान जाने वा अङ्गभङ्ग हुने र वाहनहरूको करोडौं करोडको क्षति हुने निश्चय छ । यसकारण, लाइसेन्सको साधारण विषय नभई गम्भीर विषय हो र यो अक्षम्य पनि छ ।

समाचारको एक शीर्षक यस्तो छ- 'लाइसेन्स वितरणमा ठुलो अनियमितता', '१ लाख लाइसेन्स शङ्कास्पद', '३० हजार खारेजीको सूचीमा', 'थप ७० हजार पनि खारेजीमा पर्न सक्ने पोखरा, वीरगञ्ज, चितवनका कार्यालयमा अत्यधिक बदमासी', (नेपाल समाचारपत्र- २२ पुस २०८०) । समाचारमा बताइएको छ, 'अख्तियारद्वारा छानबिन सुरु ।'

२३ पुस २०८० को 'नेपाल समाचारपत्र' ले लेख्यो- 'लाइसेन्स वितरण घोटाला प्रकरण', '३० हजार अवैध लाइसेन्स', 'खारेजी प्रक्रिया अघि बढ्यो', '७० हजार शङ्कास्पदको रुजु गरिँदै' तथा 'अख्तियारमा पनि पुग्यो प्रतिवेदन' ।

नागरिक दैनिकले लेख्यो - 'बिचौलियामार्फत घरघरमै लाइसेन्स', 'अध्ययन प्रतिवेदनका अनुसार लाइसेन्स किनबेच प्रकरणका चार सहसचिव कुमारप्रसाद दाहाल, गोगनबहादुर हमाल, नमराज घिमिरे र डाक्टर टोकराज पाण्डे मुछिएका छन्, (नागरिक- २३ पुस २०८०) ।

नागरिकमा लेखिएको छ, '७३ हजार थान शङ्कास्पद' ।

यो शङ्कास्पद लाइसेन्स काण्ड सामान्य अपराध नभई धेरैभन्दा धेरै दुर्घटना र गम्भीर प्रकृतिको अपराध हो । कुनै अपराधीले रिस-इबी वा खराब नियतले वा पैसा पाउने लोभले काठमाडौंको खानेपानी ट्याङ्की वा 'रिजरभ्वायर' मा विष हालेमा वा कुनै रोग लाग्ने किटाणुको एक सानो सिसी फालिदिएमा के होला ? यसकारण, यसबारे गम्भीर अनुसन्धान गर्नु आवश्यक छ ।

एकजना धनीका जँड्याहा छोरोले राति भित्र बस्नेलाई कम चोटपटक लाग्ने आधुनिक वाहन जथाभावी हाँकेर काठमाडौंको वीर अस्पतालको पेटीमा बसेका र बाटोमा हिंड्दै गर्दाका यात्रुहरूलाई समेत चोट पुऱ्याएको थियो, तर त्यो युवकलाई त्यसबेला उचित सजाय भएन । भनिन्छ- अपराधीलाई सजाय नगर्नु निर्दोषीलाई सजाय दिनु हो ।

**नेपाली...**

अन्धराष्ट्रवाद भएको र अरूलाई राष्ट्र नठान्ने बडाराष्ट्र अहङ्कारवाद भएको हुँदा यी दुवै गलत भएको तर्फ समितिको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुवालले विधेयकको दफा ४६ को सङ्घीय संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ बारे बोल्दै सचिवालयका एक महिला कर्मचारीमाथि आफ्नै पुरूष कर्मचारीले हात हालेको समाचारबारे ध्यानाकर्षण गराउँदै दोषीलाई कारबाही गर्नुपर्ने माग गर्नुभयो ।

सांसद सुवालले भनाइ राख्दै गर्दा समिति सभापति विमला सुवेदीले विषयमा बोल्नु भनी रूलिङ भयो । सांसद सुवालले संसद्का कर्मचारीमाथि अर्को पुरूष कर्मचारीले हात हालेको विषयमा कसरी परेन भनी प्रश्न गर्दै समिति सभापति राजा र सांसदहरू प्रजाजस्तो व्यवहार नगर्न सभापति सुवेदीको ध्यानाकर्षण गराउनुभयो ।

विधेयकको दफा ४७ मा संशोधन पेस गर्दै सांसद सुवालले युवालाई वैदेशिक रोजगारीमा पठाउनेभन्दा स्वदेशमा रोजगारी दिनुपर्ने, वैदेशिक रोजगारीमा भइरहेको ठगीमा संलग्नलाई कारबाही हुनुपर्ने, खाडी मुलुकको पर्यटक भिसा पाएकालाई समेत सरकारले आफ्ना र पराइ छुट्याई भ्रमण रोकेको हुँदा यस्तो पर्यटक भिसा नै खारेज गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३